## विशेष इजलास

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री दामोदरप्रसाद शर्मा, मा.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ताहिर अली अन्सारी,** वि.रिट नं. ०६६-WS-००५६, नेपालको अन्तरिम संविधान, २०६३ को आठौं संशोधन खारेज गरिपाऊँ, *अधिवक्ता बालकृष्ण नेउपाने वि. राष्ट्रपतिको कार्यालय समेत*

सर्वोच्च अदालत नियमावलीले निर्दिष्ट गरेको न्यूनतम् संख्यामा नघट्ने गरी अधिकतम् कति माननीय न्यायाधीशहरू रहेको विशेष इजलास तोक्ने भन्ने कुरा नियम ९ बमोजिम प्रधान न्यायाधीशको स्वविवेकमा निर्भर रहने देखिन्छ । कुनै मुद्दाको विषयवस्तु र त्यसको गाम्भीर्यताको आधारमा न्यूनतम् तीन सदस्यदेखि सर्वोच्च अदालतमा उपलब्ध भएसम्मका सम्पूर्ण माननीय न्यायाधीशहरू समावेश भएको इजलास गठन हुने गरेका विगतका दृष्टान्त र न्यायिक अभ्यास रहेकोले यस सम्बन्धमा कुनै द्विविधा हुनुपर्ने अवस्था नदेखिँने ।

सार्वभौम अधिकारअन्तर्गत जनताबाट बनाइने संविधानमा संवैधानिक वा कानूनी विषयवस्तुका साथै राजनीतिक औचित्यताका विषयवस्तुहरू अन्तर्निहीत रहने हुँदा संविधान निर्माणको सम्बन्धमा कानूनी वा वैधानिक रूपमा कुनै प्रश्न उठाउने अधिकार कोही कसैलाई हुँदैन । परन्तु संविधानको संशोधन सोही संविधानले सिर्जना गरेको निकाय अर्थात् व्यवस्थापिकाबाट हुने हुँदा निरपेक्ष ढंगबाट संशोधन हुन सक्दैन । संविधानको मर्म र भावनाप्रतिकूल मूल संविधानको मौलिक स्वरूप र संरचना नै क्षतविक्षत हुने गरी संशोधन गर्ने अधिकार संविधानअन्तर्गतकै निकाय व्यवस्थापिकालाई पनि हुँदैन । त्यसैले संविधान संशोधनको सम्बन्धमा संविधान निर्देशित केही सीमाहरू रहेका हुन्छन् । सामान्यतः संविधानको संशोधनले हासिल गर्न खोजेको राजनीतिक उद्देश्य वा प्रयोजनका सम्बन्धमा न्यायिक पुनरावलोकन हुन नसक्ने मान्यता रहेको भए तापनि त्यसमा निहीत रहेका कानूनी वा संवैधानिक वैधताका प्रश्नहरू न्यायिक पुनरावलोकनको दायराभन्दा बाहिर पर्न नसक्ने ।

संविधान राजनीतिक र कानूनी विषयहरू सम्मिश्रण भएको साझा दस्तावेज हुँदा यसमा अन्तर्निहीत संवैधानिक वा कानूनी पक्षमा प्रश्न उठाई अदालतसमक्ष ल्याइएको विवादमा राजनीतिक प्रश्नहरू पनि सन्निहित रहेको र संवैधानिक वा कानूनी वैधताका प्रश्नको निरुपणको प्रभाव राजनीतिक संविधानवादमा (Political Constitutionalism) पर्न सक्छ भन्ने कुराको आडमा संविधानको अन्तिम व्याख्या गर्ने अधिकार भएको यस अदालत संविधानप्रदत्त संवैधानिक दायित्वबाट पछि हट्न नसक्ने र नमिल्ने ।

कुनै पनि निकायले संविधानबमोजिम नै आफ्ना कामकारवाहीहरू सञ्चालन गर्नु संवैधानिक र वैधानिक अपेक्षाभित्रै पर्ने हुँदा संविधान संशोधनका सम्बन्धमा अन्तरिम संविधानको दायरा नाघिएको हो, होइन र उक्त संशोधनमा कुनै प्रक्रियागत त्रुटि भएको छ, छैन भन्ने जस्ता संवैधानिक र कानूनी वैधताका प्रश्नहरूको निरुपण यस अदालतबाट हुन नसक्ने कुनै वस्तुगत र विवेकसम्मत कारण नदेखिने ।

कुनै पनि संविधानमा रहेका केही महत्वपूर्ण व्यवस्थाहरूलाई संविधानबाट झिकिदिँदा कुनै अमुक संविधान जारी हुँदाको मूल उद्देश्य, स्वरूप र चरित्र नै कायम रहन सक्दैन भने त्यस्तो विषयलाई आधारभूत विशेषता मान्नु पर्ने ।

संविधान संशोधन गर्ने अधिकार सामान्य व्यवस्थापकीय अधिकारभन्दा विशिष्ट भए पनि सो अधिकार संविधान निर्माण गर्ने अधिकार (Constituent Power) सरह मान्न मिल्दैन । त्यो त संविधान निर्माणको अधिकारअन्तर्गत सीमित रुपमा प्रत्यायोजित अधिकारमात्रै हो । प्रत्यायोजित अधिकार प्रयोग गर्दा संविधान संशोधनको नाममा संविधानको मौलिक स्वरूप नै परिवर्तन गर्ने अर्थात् आधारभूत मूल्य मान्यतामा नै परिवर्तन ल्याउने गरी अधिकार सुम्पेको मान्न मिल्दैन । यो सीमालाई संविधान संशोधनको क्रममा विशेष रूपमा विचार गर्नुपर्ने ।

अन्तरिम संविधानबाट संक्रमणकालको व्यवस्थापन गर्ने र संविधानसभामार्फत् नयाँ संविधान बनाउने उपरोक्त आधारभूत विषयलाई हटाई दिने हो भने यसको मौलिक चरित्र समाप्त प्रायः हुन्छ । यी दुई विषयबाहेक पनि अन्तरिम संविधानमा राज्य सञ्चालनका सम्बन्धमा अन्य प्रवन्ध गरिएको छ, अनेक

निकाय र पदाधिकारीहरूको व्यवस्था रहेको छ तर उपरोक्त दुई आधारभूत उद्देश्यलाई पन्छाएर अन्तरिम संविधानको सार्थकता खोजी गर्न नमिल्ने ।

संविधानसभाबाट नयाँ संविधान बनाउने कुराको उद्घोष अन्तरिम संविधानको प्रस्तावनादेखि नै गरिएको र निर्वाचन हुनुपूर्व कार्यकाल निश्चित गरिएबाट सो व्यवस्था जनताबाट समेत अनुमोदित भएको मान्नु पर्ने ।

सामान्य अवस्थामा राज्यका हरेक अङ्गको काम कारवाही संविधानको अक्षर र भावनाअनुकूल गरिनु पर्दछ र सोअनुरूप नगरिएमा त्यस्तो काम कारवाहीलाई वैधानिकता दिन मिल्दैन । तर राष्ट्रको जीवनमा पनि असाधारण र असहज परिस्थिति आउन सक्ने सम्भावना हुन्छ । यस्तो असहज परिस्थितिबाट राष्ट्रलाई जोगाउन तत्कालीन परिस्थितिमा निश्चित् कामकारवाहीहरू सञ्चालन गर्नुपर्ने हुन्छ । यस्तो स्थितिमा सरकारबाट भएका काम कारवाहीहरू संविधानले सामान्य अवस्थाका लागि निर्धारण गरेका प्रावधानअनुकूल नदेखिए पनि आवश्यकताको सिद्धान्त (Doctrine of Necessity) अनुसार औचित्यपूर्ण हुन सक्ने ।

आवश्यकताको सिद्धान्त लागू हुन उत्पन्न भएको अनिवार्यता कानूनले सम्मान गर्ने खालको हुनु आवश्यक हुन्छ । अनिवार्यताको कुरा उठाउने पक्षले त्यस्तो घटना वा परिस्थितिबाट बच्नको लागि गर्न सकिने सबै उपाय गरेको भन्ने देखिनु पर्छ । जुन अनिवार्यताको कारणले काम हुन नसकेको हो सो कुराको औचित्य सावित हुनुपर्ने ।

संविधान निर्माणको कार्य तोकिएको दुई वर्षे कार्यावधि अगावै सम्पन्न हुन सकेमा दुई वर्षसम्म पर्खन नपरी सो अगावै विघटन हुन सक्ने तथा असामान्य परिस्थितिले गर्दा दुई वर्षमा सो कार्य गर्न नसकिएमा आफैंले प्रस्ताव पारित गरी ६ महिनासम्म कार्यकाल थप्न सकिने धारा ६४ को व्यवस्था स्वयंमा पूर्ण रहेको हुँदा सामान्य अवस्थामा उक्त धाराको सीमा बाहिर गई संशोधन हुन सक्ने देखिँदैन । त्यसैले धारा ६४ मा उल्लेख भएको उपरोक्त व्यवस्थाका सम्बन्धमा कुनै द्विविधा वा असामञ्जस्यमा पर्नुपर्ने कुनै कारण देखिँदैन । संविधान वा कानूनमा उल्लेख भएका शब्द वा वाक्यांश स्वयंमा स्पष्ट छन् र तिनले प्रष्ट र स्वाभाविक अर्थ दिइरहेका छन् भने बलपूर्वक व्याख्या गरी अन्य उद्देश्य खोजी गर्नुको कुनै गुञ्जाइस हुँदैन । यस्तो अवस्थामा शाब्दिक व्याख्या नै पर्याप्त हुने ।

संविधानबमोजिम चल्ने शासन व्यवस्थामा व्यवस्थापिकालगायतले संविधान निर्माण हुँदाका बखतका मौलिक ईच्छा र संरचनालाई विस्थापित नहुने गरी कार्यान्वयन गर्नु जरुरी हुन्छ । यस्तो कुराको अनुशरण स्वयं संविधान संशोधनको प्रक्रियामा बस्दाको व्यवस्थापिका संसदले पनि गर्नुपर्ने हुन्छ । अन्यथा संकटकाल घोषणाको माध्यमबाट वा संविधान संशोधनको माध्यमबाट एक वा अर्को उपाय गरी संविधानसभाले आफ्नो कार्यकाललाई अनिश्चित् कालसम्म लम्ब्याउने गुञ्जाइस सिर्जना गर्न दिएको परिणाम निस्कन जान्छ । अन्तरिम संविधानमा अन्तरनिहीत जतिसक्दो चाँडो जनताले आफ्नो संविधान आफैं बनाउने भावनाको कार्यान्वयनको लागि धारा ६४ को आधारभूत सिद्धान्तप्रति अविचलित आस्था राखी राख्न जरूरी देखिन आउँछ । फेरि यसको प्रयोग गर्दै कार्यकाललाई अनावश्यक रुपमा लम्ब्याउँदै जाने वा अनन्तता दिने प्रयत्न गरियो भने त्यो अन्तरिम संविधानको मर्म र सार्वभौम जनताको मतदानबाट व्यक्त ईच्छा तथा निर्देशविपरीत हुन जाने ।

अन्तरिम संविधानका निर्माताले राखेको अपेक्षाको सन्दर्भमा संविधान संशोधन गरी आवश्यकताको सिद्धान्तको आधारमा संविधान संशोधन गरेको भनेको अवस्थामा पनि त्यस्तो स्थिति सिर्जना भएको हो वा होइन भन्ने प्रश्न उठ्न सक्तछ । यथार्थमा यो विषय सदैव न्यायिक पुनरावलोकन (Judicial Review) को विषय हुन्छ । त्यसैले संविधानसभाले आफ्नो संविधान निर्माणको मूल कार्य गर्नमा विशेष सक्रियता देखाई अन्तरिम संविधानको उद्देश्य, मर्म र भावना तथा जनअपेक्षा पूरा गर्दै नयाँ संविधान निर्माणको कार्य पूरा गर्नुपर्ने ।

व्यवस्थापिका संसद स्वयंले निर्माण गरेको उपरोक्त नियमावली कार्यान्वयनको विषयमा अन्य निकायमा प्रश्न उठाउन नमिल्ने संवैधानिक व्यवस्था रहेको भए तापनि व्यवस्थापिका संसदको कामकारवाही उक्त नियमावलीको मर्म र भावनाअनुरूप सहज र स्वाभाविक रूपमा भएको देखिनु पर्दछ । संविधान संशोधन जस्तो महत्वपूर्ण विधेयक पारित भएको समय सीमाकै सम्बन्धमा अनावश्यक संशय, द्विविधा र

टिकाटिप्पणी जन्मने गरी सो विषयले अदालतमा प्रवेश पाउने अवस्था आउनुलाई गम्भीरतापूर्वक लिइनु पर्दछ। कार्यकाल समाप्त हुने अन्तिम घडीमा आएर समय सीमा एवम् समयावधिको ख्याल नराखी हतार हतार संविधान संशोधन जस्तो दीर्घकालीन प्रभाव दिने जनसरोकारको महत्वपूर्ण विधेयक पारित गर्नुपर्ने बाध्यतालाई नजीर बनाउँदै जाँदा त्यसबाट जनमानसमा समेत सकारात्मक सन्देश प्रवाह नहुने अवस्था रहन जाने।

इजलास अधकृतः नारायणप्रसाद सुवेदी
इति संवत् २०६८ साल जेठ ११ गते रोज ४ शुभम्।

२

**स.का.मु.प्र.न्या. श्री तपबहादुर मगर, मा.न्या. श्री भरतराज उप्रेती र मा.न्या. श्री कमलनारायण दास,** रिट नं. २०६७-WS-००४७, उत्प्रेषण समेत, *बसन्त आचार्य समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

सरकारले स्थानीय निकायको स्वायत्तताभित्रको कुनै विषयमा नियामक, नियन्त्रक वा हस्तक्षेपकारी भूमिका निर्वाह गर्न खोज्यो भने त्यस्तो कार्य विकेन्द्रीकरण एवं अधिकार निक्षेपणको मान्यता प्रतिकूल भई पुनः अधिकारको केन्द्रीकरणमै रूपान्तरण हुनजाने र स्थानीय स्वायत्तता र स्वशासनको मूल आधार र मान्यता समेत नष्ट हुने।

कुनै पनि स्वशासित वा स्वायत्त निकायले संगठनात्मक स्वायत्तता, आर्थिक, प्रशासनिक वा व्यवस्थापकीय स्वायत्तता र कार्यगत स्वायत्तताहरूको पूर्ण उपभोग गर्न पाउने अन्तर्निहीत अधिकार हो भन्न सकिन्छ। यस्तो स्वायत्तताअन्तर्गत अर्थ संकलन गर्ने, आफ्नो उद्देश्य हासिल गर्न आवश्यक नीति तथा कार्यक्रम बनाउने, यसको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक कर्मचारी भर्ना गर्ने, कर्मचारीको योग्यता तथा सेवाका शर्तहरू निर्धारण गर्ने र कार्यालय स्थापना तथा विस्तार गर्नेजस्ता प्रशासनिक एवं व्यवस्थापकीय कार्यहरू पर्ने।

स्थानीय निकायहरूलाई कर्मचारीको दरबन्दी सिर्जना गर्ने र कर्मचारी नियुक्त गर्ने विषयमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले पूर्ण स्वायत्तता प्रदान गरेको देखिएको अवस्थामा स्थानीय स्वायत्त शासन नियमावलीको नियम २१३ग(१) ले नगरपालिकाले नगर प्रहरीको नयाँ दरबन्दी सिर्जना गर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्ने गरी गरेको संशोधित व्यवस्था नेपालका अन्तरिम संविधान, २०६३ र स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले आत्मसात् गरेको स्थानीय स्वायत्त शासनसम्बन्धी आधारभूत मान्यताको विपरीत भई उक्त संविधानको धारा १३९ (१) र जन्मदातृ ऐन स्थानीय स्वायत्त शासन ऐन, २०५५ को प्रस्तावना एवं दफा ३, ८१, २४९, २५२ र २५५(२) समेतसँग बाझिएको देखिने।

नेपाल सरकारका कर्मचारीलाई स्थानीय निकायमा सरूवा गर्ने र स्थानीय निकायको अनुरोधमा नेपाल सरकारको कर्मचारी वा सरकारी अनुदानबाट सञ्चालित निकायका कर्मचारीलाई स्थानीय निकायमा काजमा खटाउने बाहेक स्थानीय निकायका कर्मचारीलाई अन्यत्र कहीँ कतै सरूवा गर्ने वा काजमा खटाउने अधिकार स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले नेपाल सरकार वा स्थानीय विकास मन्त्रालयलाई प्रदान गरको नदेखिने।

स्थानीय स्वायत्त शासन (चौथो संशोधन) नियमावली, २०६६ को नियम २१३ग(१), नियम २२२ र नियम २२२क का व्यवस्थाहरू नेपालको अन्तरिम संविधान, २०६३ र स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले आत्मसात् गरेको स्थानीय स्वायत्त शासनसम्बन्धी आधारभूत मान्यताप्रतिकूल भई अन्तरिम संविधानको धारा १३९(१) र उक्त ऐनको दफा ३, १३, ८१, १७७, २४९, २५२, २५४,२५५(२) र २५६ को प्रावधानसँग बाझिएको देखिन आएको हुँदा स्थानीय स्वायत्त शासन, (चौथो संशोधन) नियमावली, २०६६ को नियम २१३ग (१), २२२ र २२२क का उल्लिखित व्यवस्थाहरू नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) बमोजिम प्रारम्भ भएको मितिदेखि नै अमान्य र बदर घोषित हुने।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्युटरः विकेश गुरागाई
इति संवत् २०६८ साल असार २ गते रोज ५ शुभम्।

## पूर्ण इजलास

१

**मा.न्या. श्री रामकुमारप्रसाद शाह, मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री अवधेशकुमार यादव,** दे.पू.इ.नं. ०६६-DF-००११, जग्गा खिचोला अस्थायी दर्ता बदर, *टीकाराम डाँगी वि. प्रल्हाद राय अग्रवाल*

२०३७ सालदेखिको अदालती कारवाहीको निरन्तरतामा भएको मालपोत कार्यालयको मिति २०४२।२।३१ को निर्णय बदर समेतको माग गर्दै प्रस्तुत फिराद जग्गा नापजाँच ऐन, २०१९ को दफा ६, ७ तथा जग्गा मिच्नेको १८ नं. समेतको हदम्याद लगाई दायर भएको देखिएकोले २०२४ सालमा यी वादीले निवेदन दिएको नै नदेखिएको भन्ने आधारमा प्रस्तुत फिरादपत्रलाई हदम्याद नाघी दर्ता भएको भन्न नमिल्ने ।

तीन अलग-अलग चारकिल्ला देखाई दावी गरकोमध्ये केही किल्ला मिल्दैमा दावीको चार किल्लाभित्रको सबै जग्गा वादीकै हकको स्रोतभित्रको भई वादीको हकको हो भनी अनुमान गर्न नमिल्ने ।

प्रतिवादीको हकको स्रोतको रूपमा रहेको २०१८ सालको उक्त राजीनामा लिखत हेर्दा अनेक चारकिल्लाभित्रका भिन्नभिन्न कित्ता गरी ज.वि. ४०-३-१८ लिएको देखिन आउँछ । मिति २०५१।१।३१ गते अदालतबाट भइआएको नक्सा मुचुल्काको न.नं. ३ को विवादित कि.नं. ०५१ को चारकिल्ला प्रतिवादीले २०१८ सालमा लिएको राजीनामा लिखतभित्रको चारकिल्लासँग मिल्ने पनि देखिन्छ । यसका अतिरिक्त हकको स्रोतमा विवाद नभएपछि सोही लिखतमध्येको साँढे तेह्र बिगाहा जग्गा नरघटी भएर नपुगेको भन्नु युक्तिसंगत र न्यायपूर्ण नहुने ।

प्रतिवादीको हकको स्रोतभित्र भिन्नाभिन्नै चारकिल्लाभित्र अनेक कित्ताका जग्गाहरू भएकोले समष्टिमा नरघटी भएको भन्न मिल्ने देखिएन । यस्तो अवस्थामा कि.नं. ०५१ को जग्गा प्रतिवादीको हकको स्रोत २०१८ सालको राजीनामा लिखतभित्रको हो भन्ने प्रतिवादीको जिकीर प्रमाणित हुन आउने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६७ साल चैत ३ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या. श्री कमलनारायण दास,** २०६५ सालको दे.पु.नं. CI-०६७६, हक कायम समेत, *मुरारीराज पाण्डे समेत वि. गोकुलप्रसाद पाण्डे समेत*

विर्तावालाले २०४९ साल असार मसान्त अगावै रैकर परिणत गरिपाऊँ भनी दिएको निवेदनमा मालपोत कार्यालयबाट सोबमोजिम रैकर परिणत हुने नहुने भनी निर्णय गर्न बाँकी रहिरहेको अवस्था देखिएमा विर्तावालाको तर्फबाट परेको त्यस्तो निवेदनलाई नै दर्तावाला निरन्तर कारवाहीमा रहेको मान्नुपर्ने ।

पुनरावेदक वादीले जग्गाधनीको हैसियतमा रैकर परिणततर्फ दिएको निवेदनको निर्णय नभई सो निवेदन निरन्तर कारवाही रहिरहेको अवस्थामा उक्त जग्गाको मोहीको हैसियतले प्रतिवादीमध्येका ज्ञानबहादुर समेतका व्यक्तिले बिर्ता उन्मूलन ऐन, २०१६ को दफा १२क को कानूनी व्यवस्थाबमोजिम दिएको निवेदनबमोजिम स्वतः मोहीको नाममा रैकर परिणत भै दर्ता गर्न नमिल्ने ।

इजलास अधिकृतः विदुर कोइराला
कम्प्युटरः मुकुन्द विष्ट/विकेश गुरागाई
इति संवत् २०६८ साल असार २० गते रोज २ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- २०६५ सालको दे.पु.नं. CI-०१४६, हक कायम समेत, *गोकुलप्रसाद पाण्डे समेत वि. मु.स. गर्ने मुरारीराज पाण्डे समेत*
- २०६५ सालको दे.पु.नं. CI-०३११, CI-०२१८, हक कायम समेत, *गोकुलप्रसाद पाण्डे समेत वि. ज्ञानबहादुर हेका (डंगोल) समेत, मुरारीराज पाण्डे समेत वि. ज्ञानबहादुर हेका (डंगोल) समेत*

## इजलास नं. १

१

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री ताहिर अली अन्सारी,** २०६३ सालको रिट नं. ३४८९, उत्प्रेषण, *डा. शेखरबाबु रिजाल वि. श्रम अदालत समेत*

श्रम ऐन, २०४८ को दफा ४ ले कुनै प्रतिष्ठान आफैंले कामदार वा कर्मचारी नियुक्त गर्न सक्तछ भने सोही ऐनको दफा ४ ले कुनै प्रतिष्ठानले अर्को पक्षसँग सम्झौता गरी वा कर्मचारी आपूर्ति गरी काममा लगाउन सक्ने बाटो खोलिदिएको पाइन्छ । त्यसअनुसार कुनै अन्य कम्पनीसँग सम्झौता गरी कर्मचारी वा कामदार राखिएकोमा तिनीहरूको सेवा शर्त ती कामदार,

कर्मचारी र तिनलाई आपूर्ति गर्ने कम्पनीबीच पूर्व निर्धारित शर्तअनुसार निर्धारित हुने हो । त्यस्ता शर्तहरूसँग सहमति जनाएपछि त्यसको पालन गर्नुपर्ने ।

ऐनले निर्धारित गरेको आवश्यक सेवा अवधिसम्म काम गरिसकेको कामदार वा कर्मचारीलाई काममा लगाउने वा काम गराउने कम्पनीको व्यवस्थापनले स्थायी नियुक्ति गर्नुपर्ने कानूनले निर्दिष्ट गरेको छ । यस्तो अवस्थामा विपक्षी कृष्णप्रसाद खनाल काम गर्दै आएको निवेदक मेडिकल कलेजले नै नियुक्त गरी काममा नलगाएको भन्ने आधारमा मात्र निवेदक जिम्मेवारीबाट उम्कन पाउने होइन । अविच्छिन्न एकवर्ष काम गरिसकेको व्यक्तिलाई नियुक्त गर्ने कम्पनीले स्थायी नियुक्तिपत्र दिनुपर्छ, अन्यथा काममा लगाउनेले नै स्थायी नियुक्तिपत्र दिनुपर्ने हुन्छ । एउटाले अर्कोसँग सम्झौता गरी काममा लगाएको भन्ने र अर्कोले आफूकहाँ काम नगरेको भन्ने आधारमा काम गर्ने कामदारलाई निजको कानूनी हकबाट बञ्चित गर्न नमिल्ने ।

इजलास अधिकृतः दीपक खरेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६७ साल फागुन ८ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको २०६४ सालको रिट नं. ०५०५, उत्प्रेषणयुक्त परमादेश, *निर्मल अर्याल वि. श्रम अदालत समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६६ सालको रिट नं. ०६६-WO-०३६९, उत्प्रेषणयुक्त प्रतिषेध समेत, *प्रा.डा.भीमराज अधिकारी वि.राष्ट्रिय सूचना आयोग समेत*

आजको जनकल्याणकारी राज्यमा प्रत्येक दिन सरकारले धेरै र महत्वपूर्ण निर्णयहरू गरेको हुन्छ । यस्ता सम्पूर्ण कामको बारेमा नागरिकले सुसूचित हुने हक राख्दछ । जनता र संविधानप्रति Accountable सरकारले आफ्नो नैतिकता, जवाफदेहिता र जिम्मेवारीलाई ध्यानमा राखेर काम गर्नुपर्छ ।

प्रजातान्त्रिक राज्य व्यवस्थामा हरेक सरकारी काम कारवाहीको जनताले जस्ताको तस्तै Censor नगरी थाहा पाउने हक राख्दछन् र थाहा पाएको हुनुपर्छ । सरकारले आफूले गरेको कामकारवाहीको प्रतिक्रिया (Feedback) जनताबाट अभिव्यक्त विचारबाट नै थाहा पाउने हुँदा जनता सुसूचित हुन अति आवश्यक हुन्छ । प्रजातान्त्रिक राज्य व्यवस्थामा गोप्यता (Secrecy), Exception र सूचना सम्प्रेषण Rule हुनुपर्छ । प्रजातन्त्र खुलापनमा आधारित हुने हुँदा राष्ट्रिय हित र सार्वजनिक हितको लागि गोप्यता नराखी नहुने केही विषयबाहेक अन्य विषय सरकारले जनतालाई सुसूचित गर्नुपर्छ, गुपचुप र गोप्य राख्न नहुने ।

सूचनाको हकसम्बन्धी ऐनको प्रस्तावनामा सरकारको काम कारवाहीलाई खुल्ला र पारदर्शी बनाउने, सरकारलाई नागरिकप्रति जिम्मेवार र जवाफदेही बनाउने र सार्वजनिक महत्वको विषयको सूचनामा आमनागरिकको पहुँच सरल र सहज बनाउने उद्देश्यले उक्त ऐन बनेको भन्ने देखिन्छ । प्रस्तावनाबाट ऐनको मर्म, भावना र उद्देश्य देखिन्छ । ऐनको प्रस्तावना हेर्दा वृहत्तर राष्ट्रिय हितमा प्रतिकूल असर पार्ने संवेदनशील विषयहरूमा बाहेक सरकारको अन्य काम कारवाहीमा सरकार उदार र पारदर्शी भएर सरल तरिकाले नागरिकलाई सूचित गर्नुपर्ने स्पष्ट व्यवस्था भएको देखिन्छ । ऐनको दफा ३(३) को खण्ड (क) देखि (ङ) सम्मका विषयमा बाहेक अन्य विषयमा सूचना उपलब्ध गराउने व्यवस्था दफा ३ बाट देखिन्छ भने दफा ३(३) को खण्ड (क) देखि (ङ) सम्मका व्यवस्था धारा २७ को हकमा Reasonable Restriction मान्नुपर्छ । ऐनको दफा ३(३) को खण्ड (क) देखि (ङ) सम्मका विषयमा नागरिकको पहुँच नहुने दफा ३ मा स्पष्ट हुँदा हुँदै सो बाहेक अन्य विषयमा सूचना माग्ने हक प्रत्येक नागरिकमा सुरक्षित छ र यदि अन्य विषयमा सरकारले नागरिकलाई सूचना प्रदान गर्न इन्कार गर्छ भने त्यस्तो विषय यस अदालतको धारा १०७(२) अन्तर्गत न्यायिक पुनरावलोकन गर्ने विषय बन्छ ।

आफ्नो उत्तरपुस्तिकामा प्राप्त प्राप्ताङ्कमा चित्त नबुझे Retotalling गराउन सक्ने हक त्रिभुवन विश्वविद्यालयको आफ्नै कानूनले पनि प्रत्येक परिक्षार्थीलाई प्रदान गरेको देखिन्छ । आफ्नो विषयमा सूचना माग्ने हक प्रत्येक नागरिकलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७(१) ले मौलिक हक प्रदान गरेको छ । सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३(३) को प्रतिवन्धित सूचीमा उत्तरपुस्तिका समावेश भएको देखिँदैन र सूचनाको

हकसम्बन्धी ऐन, २०६४ अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयद्वारा जारी सूचनाको वर्गीकरणमा पनि उत्तरपुस्तिका परेको नदेखिँदा देहायका शर्तका आधारमा परीक्षार्थीलाई आफ्नो उत्तरपुस्तिकाको प्रतिलिपि उपलब्ध गराउनु भनी निवेदकको नाउँमा परमादेश जारी हुने :

(क) उत्तरपुस्तिकाको प्रतिलिपि माग गर्ने प्रत्येक परीक्षार्थीले आफ्नो मात्र उत्तरपुस्तिकाको प्रतिलिपि माग गर्न सक्नेछ ।

(ख) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए पनि वारेसमार्फत् वा अरु व्यक्तिको उत्तरपुस्तिकाको प्रतिलिपि माग गर्न पाइने छैन ।

(ग) विश्वविद्यालयले उपलब्ध गराएको प्रवेश पत्र (Admission Card) को आधारमा मात्र र सम्बन्धित परीक्षार्थीलाई मात्र प्रतिलिपि उपलब्ध गराउनु पर्ने ।

(घ) प्रतिलिपि दस्तूर कति लिने तथा माग गरेको कति दिनभित्र उत्तरपुस्तिकाको प्रतिलिपि कहाँ उपलब्ध गराउने भन्ने कुरा निवेदक विश्वविद्यालय आफैले निर्धारण गर्न सक्नेछ ।

(ङ) उत्तरपुस्तिकामा प्राप्त अङ्क कानूनबमोजिम Retotalling हुन सक्नेमा र उत्तरपुस्तिकामा भूलवस कुनै अङ्क नै प्रदान भएको रहेनछ भने त्यस्तोमा कानूनबमोजिम निवेदक विश्वविद्यालयबाटै परीक्षण हुनेमा बाहेक अन्यत्र वा अरु कसैबाट पुनः उत्तरपुस्तिका परीक्षण हुन सक्ने छैन ।

(च) अन्य अवस्थामा उत्तरपुस्तिका परीक्षण अर्थात् जाँच गर्ने व्यक्तिको पहिचान गोप्य राख्नेछ ।

इति संवत् २०६८ साल जेठ ४ गते रोज ४ शुभम्
इजलास अधिकृतः- उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः रामशरण तिमिल्सिना

यस्तै प्रकृतिका निम्न मुद्दाहरुमा यसैअनुरूप निर्णय भएका छन्:

- २०६६ सालको रिट नं.०६६-WO-०७२०, उत्प्रेषणयुक्त प्रतिषेध समेत, *प्रा.डा.भीमराज अधिकारी वि.राष्ट्रिय सूचना आयोग समेत*
- २०६६ सालको रिट नं.०६६-WO-०७२२, उत्प्रेषणयुक्त प्रतिषेध समेत, *प्रा.डा.भीमराज अधिकारी वि.राष्ट्रिय सूचना आयोग समेत*
- २०६६ सालको रिट नं.०६६-WO-०७२३, उत्प्रेषणयुक्त प्रतिषेध समेत, *प्रा.डा.भीमराज अधिकारी वि.राष्ट्रिय सूचना आयोग समेत*

३

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. ०६३-WO-०९४८, उत्प्रेषणयुक्त परमादेश समेत, *राजुनाथ नकर्मी वि. नेपाल वायु सेवा निगम समेत*

लामो समय विदेशमा पढ्न जानको लागि शर्तसहित बिदा स्वीकृत गरेको अवस्थामा पनि यी रिट निवेदकले उक्त शर्त पूरा नगरेको अवस्थामा सो बिदाकै सम्बन्धमा विवाद सिर्जना भएपछि निवेदकले उक्त शर्त पूरा नगरेको हुँदा सो अवस्थामा बिदा स्वीकृति भएको दावी गर्न नमिल्ने ।

निजी प्रयासमा अध्ययन गर्न जाने कर्मचारीले सो अवधिको तलव पाउने छैन भन्ने स्पष्ट व्यवस्था गरेको देखिन्छ । यस्तो स्पष्ट कानूनी व्यवस्था भएको अवस्थामा मनोनयन नभई निजी प्रयासमा प्रतिष्पर्धामा छानिई अध्ययन गर्न जाने यी रिट निवेदक राजु नकर्मीले उक्त अवधिको तलब भत्ता पाउन सक्ने अवस्था नदेखिने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६७ साल चैत १३ गते रोज १ शुभम् ।

४

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री भरतराज उप्रेती,** २०६५ सालको रिट नं. १२८२, उत्प्रेषणयुक्त परमादेश, *सुवेन्द्र श्रेष्ठ समेत वि. सचिव, अर्थ मन्त्रालय*

निजामती सेवा नियमावली, २०५० को नियम ७७(क) मा कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा हुने बढुवाको समायोजन भन्ने अवस्थामा ऐनको दफा ७ को उपदफा (१) बमोजिम कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा हुने बढुवाको समायोजन गर्दा ऐनको दफा २४घ(१) बमोजिम बढुवा भएका निजामती कर्मचारीहरूमध्येबाट सबैभन्दा ज्येष्ठ निजामती कर्मचारीलाई ऐनको दफा २० बमोजिम बढुवा समितिले समायोजन गर्नेछ भन्ने कानूनी व्यवस्था रही सोही नियमको उपनियम २ बमोजिम समायोजन गर्दा टाइपिष्ट पदमा कार्यरत् निजामती कर्मचारीको हकमा अप्राविधिकतर्फको जुन सेवा समूहको लागि तालिम लिएको छ, सोही सेवा समूहको लागि छुट्ट्याइएको पदमा समायोजनको लागि

योग्य मानिने छ भन्ने कानूनी व्यवस्था टाइपिष्ट कर्मचारीको लागि मात्र हो भन्ने अर्थ गरी नेपाल विविध सेवाअन्तर्गतका यी रिट निवेदकहरू सहायक डाटा इन्ट्री सुपरभाइजर भएको भनी सम्बन्धित ऐन तथा नियमको व्यवस्थाविपरीत उल्लिखित निर्णय गरेको देखिदा निवेदकहरूलाई उक्त सूचनाअनुसार बढुवा पाएका अन्य उम्मेद्वार सरह ज्येष्ठता कायम गरी समायोजनतर्फको उक्त पदमा समावेश गरी बढुवा नियुक्ति दिनु भन्ने परमादेश समेत जारी हुने ।

इजलास अधिकृतः दीपक खरेल

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६७ साल चैत १५ गते रोज ३ शुभम् ।

५

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री भरतराज उप्रेती,** २०६७ सालको रिट नं.०१०९, परमादेश, *रामशरण बर्माशाखा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

कानूनमा छूट र सुविधाको प्रष्ट व्यवस्था भइसकेपछि त्यस्तो व्यवस्थालाई तदारूकताकासाथ प्रभावकारी कार्यान्वयन गर्ने जिम्मेवारी र दायित्व सरकारको हुँदाहुदै सो सम्बन्धमा आवश्यक व्यवस्था गरी विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरू, नेपालको अन्तरिम संविधान तथा ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को व्यवस्थाहरूको भावनाअनुसार सो सम्बन्धमा उचित प्रवन्ध गर्नुपर्नेमा कार्यान्वयन स्तरमा सोबमोजिम गरेको नदेखिएकोले ज्येष्ठ नागरिकहरू संवैधानिक तथा कानूनी हकको संरक्षणबाट बञ्चित हुन पुगेको अवस्था देखिने ।

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा ९(२) को कानूनी व्यवस्था कार्यान्वयन हुन नसकी ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा ९(२) निष्प्रयोजित भई ज्येष्ठ नागरिकहरूले सम्मानपूर्वक बाँच्न पाउने संवैधानिक हक तथा कानूनद्वारा तोकिएको छूट र सुविधा उपभोग गर्नबाट बञ्चित हुनु परेको अवस्था देखिएको हुँदा ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा ९(२) को व्यवस्थालाई सार्वजनिक सूचना प्रकाशित गरी यथाशीघ्र चाँडो कार्यान्वयन गर्न आवश्यक नीति, नियम र अनुगमन संयन्त्र बनाई लागू गर्नु भनी विपक्षीहरूको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः दीपक खरेल

इति संवत् २०६७ साल चैत २४ गते रोज ५ शुभम् ।

६

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री भरतराज उप्रेती,** २०६४ सालको रिट नं. ०४८१, उत्प्रेषण परमादेश, *चन्द्रबहादुर महर्जन वि. भूमिसुधार कार्यालय, ललितपुर समेत*

जग्गा बाँडफाँड सम्बन्धमा भएको नक्सा ट्रेस ललितपुर उपमहानगरपालिकाको राय तथा फिल्ड निरीक्षण प्रतिवेदन समेतका आधारमा सो जग्गालाई पूर्व पश्चिम चिरा पारी दक्षिणतर्फ कि.नं. ८३९ आधा जग्गा यी रिट निवेदक मोही चन्द्रबहादुर महर्जनलाई र उत्तरतर्फको कि.नं. ८३८ को आधा जग्गा विपक्षी जग्गाधनी ज्ञानेन्द्र महर्जनलाई बाँडफाँड हुने ठहर भएपश्चात् विपक्षी जग्गाधनी ज्ञानेन्द्र महर्जनले सोही जग्गामध्येबाटै ०-५-०-० जग्गा इन्द्रमान व्यञ्जनकारलाई बिक्री गरी कित्ताकाट भई कि.नं. ९०७ कायम भई हक हस्तान्तरण समेत भइसकेको र जग्गाको क्षेत्रफल सम्बन्धमा विवाद नभएको अवस्थामा रिट निवेदकको मागबमोजिम रिट जारी गर्ने हो भने उक्त जग्गामा थप जटिलता उत्पन्न हुने ।

इजलास अधिकृतः दीपक खरेल

इति संवत् २०६७ साल चैत २४ गते रोज ५ शुभम् ।

७

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री भरतराज उप्रेती,** २०६७ सालको रिट न. WO-०६५८, उत्प्रेषण परमादेश समेत, *चिन्तामणि शर्मा वि.वीरेन्द्र नगर नगरपालिका, सुर्खेत समेत*

करारका शर्तहरू निर्धारण गर्न पक्षहरू स्वतन्त्र हुन्छन् । करारद्वारा सिर्जना हुने दायित्वहरू राज्यको विधायिकी कानूनले निर्धारण गरेको नभै वैयक्तिक कानूनअनुसार पक्षहरू आफैंले करारमार्फत् दायित्व सिर्जना गरेका हुन्छन् । त्यसैले विधायिकी कानूनबाहेक पक्षहरूबाट सिर्जना गरिएको त्यस्तो करारीय हक दायित्वको विषयसँग सम्बन्धित विवादका सम्बन्धमा रिट क्षेत्र आकर्षित नहुने भनी यस अदालतबाट सिद्धान्तहरू समेत स्थापित भइसकेको स्थितिमा प्रस्तुत रिटको तथ्यभित्र प्रवेश गरी निर्णय गर्न मिल्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६७ साल चैत १५ गते रोज ३ शुभम् ।

८

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री भरतराज उप्रेती,** २०६५ सालको रिट नं. ०६५६, उत्प्रेषणयुक्त परमादेश, *नारायण झा समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

संस्थागत विद्यालयहरूले मनोमानी ढंगले शुल्क निर्धारण गरको नदेखिई ऐन, नियमबमोजिम नै शुल्क निर्धारण हुँदै आइरहेको र कानूनले तोकेको परिधिविपरीत शुल्क वृद्धि भएको देखिएमा शिक्षा ऐन, २०२८ को दफा १६(घ) को उपदफा (६) र (७) मा कारवाही गरिने समेत कानूनी व्यवस्था रहे भएको परिप्रेक्ष्यमा निवेदन जिकीरबमोजिम रिट जारी गरिरहन पर्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दीपक खरेल
कम्प्युटरः बिपनादेवी मल्ल
इति संवत् २०६७ साल चैत २४ गते रोज ५ शुभम् ।

९

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६७ सालको रिट नं. WO-००७६, बन्दीप्रत्यक्षीकरण, *मंगलसिंह तामाङ्ग वि. गृह मन्त्रालय समेत*

यी बन्दीलाई कानूनबमोजिम डाँका मुद्दामा काठमाडौं जिल्ला अदलतबाट म्याद थप अनुमति लिई थुनामा राखेको लिखित जवाफबाट देखिएको र सो तथ्यमा निवेदकतर्फबाट अन्यथा जिकीर लिन नसकेको यस अवस्थामा निजको थुना गैरकानूनी भन्न मिल्ने अवस्था देखिन आएन । यसरी फौजदारी कसूरको अनुसन्धानको सिलसिलामा अदालतबाट म्याद थपको अनुमति लिई अनुसन्धानको कार्य भइरहेको हुँदा बन्दीप्रत्यक्षीकरण रिट जारी गर्न मिल्ने देखिएन । तसर्थ यी बन्दी आइते भन्ने शिखर तामाङ्गको थुनाको विषयमा सक्षम अदालतबाट कानूनबमोजिम म्याद थप भई अनुसन्धानको क्रममा थुनामा रहेको देखिएको हुँदा उक्त डाँका मुद्दाको अनुसन्धानलाई प्रभावित तुल्याउने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः दीपक खरेल
कम्प्युटरः बिपनादेवी मल्ल
इति संवत् २०६७ साल जेठ ४ गते रोज ४ शुभम् ।

१०

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री तर्कराज भट्ट,** २०६७ सालको रिट नं. ०६६-WO-१३६७, उत्प्रेषणयुक्त परमादेश समेत, *टमी हलोपाइनेन वि. श्रम विभाग समेत*

अवकाश दिएको पत्र निजको घर ठेगानामा पठाएकोमा सो पत्र विपक्षी सुवीर खनालको घर ठेगानाबाट फिर्ता भई निजले बुझेको नदेखिए तापनि अवकाशपत्रपश्चात् निज सुवीर खनाल निवेदक कम्पनीमा हाजिर भई वा अन्य कुनै व्यहोराले जागिरमा रहिरहने गरी सम्पर्कमा रहेको तथ्य स्थापित हुन सकेको देखिँदैन । निजले उक्त अवकाशपत्रपश्चात् पनि आफू कम्पनीमा हाजिर रहेको वा सम्पर्कमा रहेको भनी जिकीर लिन वा सो तथ्य स्थापित गर्न सकेको देखिँदैन । यस्तो अवस्थामा निज सुवीर खनालले आफूलाई दिएको अवकाशपत्रलाई तथ्यगत रूपमा स्वीकार गरी निवेदक कम्पनीमा सम्पर्कमा रहेको (हाजिर भएको) देखिन नआउने ।

श्रम ऐन, २०४८ को दफा १५ अनुसार अनिवार्य अवकाश दिँदा कुनै निश्चित प्रक्रिया पूरा गर्नुपर्ने भनी कुनै कार्यविधिको व्यवस्था गरेको देखिँदैन । बरू अनिवार्य अवकाश भन्ने उक्त दफामा प्रयोग भएको शब्दबाटै ५५ वर्ष उमेर पूरा भएपछि स्वतः अवकाश हुने भन्ने देखिन्छ । यस्तो अवकासलाई श्रम ऐन, २०४८ को दफा ५२ अन्तर्गतको कारवाही गरेको र दफा ५३ को कार्यविधि पूरा नगरेको भनी अर्थ गर्न मिल्दैन । दफा ५३ को कार्यविधि दफा ५२ अनुसारको सजाय गर्दा अपनाउनु पर्ने बाध्यात्मक कार्यविधि हो । प्रस्तुत विवादमा सुवीर खनाललाई दिएको अवकाश दफा ५२ अनसार कारवाही गरेको नभई दफा १५ अनुसार अनिवार्य अवकाश दिएको हुँदा यस्तो अवकाशउपर पुनरावेदन लाग्न सक्ने व्यवस्था श्रम ऐनले गरेको नदेखिने ।

प्रतिष्ठानको कार्यसञ्चालनको निमित्त नभई नहुने कामदार वा कर्मचारीको सेवा अवधि अरू ५ वर्षसम्मको लागि थप गर्न सक्नेछ भन्ने व्यवस्था गरेको देखिन्छ । उक्त कानूनी व्यवस्थाअनुसार कुनै कम्पनीले ५५ वर्ष पूरा गरी अनिवार्य अवकाश पाउने अवस्थाको कर्मचारीलाई पनि अरू ५ वर्षसम्म सेवा अवधि थप गर्न सक्ने भएको हुँदा र प्रस्तुत विवादमा त्यसरी सेवा

अवधि थप गरेको भन्ने नदेखिँदा त्यसलाई बाध्यात्मक रूपमा ५ वर्ष थप हुने भनी अर्थ गर्न मिल्दैन। त्यसमा पनि उक्त थप गर्न सकिने अवधि ५ वर्षसम्म भन्ने उल्लेख भएको देखिँदा ५ वर्षसम्म भन्नुको अर्थ ५ वर्षभन्दा बढी सेवा अवधि थप गर्न नपाइने तर ५ वर्षभन्दा कम जतिसुकै सेवा अवधि थप गर्न सकिने भन्ने हो। तसर्थ उक्त व्यवस्थालाई ५ वर्ष नै थप्न पर्ने बाध्यात्मक व्यवस्था हो भनी अर्थ गर्न मिल्दैन। उक्त कानूनी व्यवस्थाले प्रतिष्ठानको व्यवस्थापकलाई बढीमा ५ वर्ष सेवा अवधि थप गर्न सक्ने सम्मको अधिकार दिएको हुँदा उक्त व्यवस्थालाई ५ वर्ष सेवा अवधि थप गर्न पर्ने बाध्यात्मक व्यवस्था भनी अर्थ गर्नु न्यायोचित र विवेकसम्मत नहुने।

सेवा अवधि थप गर्दा दुबै पक्षको मन मिलेको अवस्थामा बाहेक अवधि किटान गरी सेवा अवधि थप गरिएको कुरा स्पष्ट उल्लेख गरिएको हुनुपर्छ, अन्यथा सेवा अवधि थप गरिएको भनी अर्थ गर्न मिल्दैन। उल्लिखित दफा १५ को प्रतिबन्धात्मक वाक्यांशको ५ वर्षसम्म सेवा अवधि थप गर्न सक्ने भन्ने कानूनी व्यवस्थाले पनि बढीमा ५ वर्षभन्दा बढी चाहेर पनि थप्न सकिँदैन तर सोभन्दा कम भने थप्न सकिन्छ भन्ने हो। यी विपक्षी सुवीर खनाललाई निवेदक कम्पनीले सेवा अवधि थप गरेको भन्ने स्पष्ट तथ्य कहीँ कतैबाट देखिँदैन। निज सुवीर खनाललाई केवल Recommendation for Conformation in Services भनी दिएको १७ सेप्टेम्बर २००८ को पत्रमा एक वर्षको सेवा पूरा गरेको (Successfully Completed One Year) भनी लेखिएको व्यहोरालाई ५ वर्ष सेवा अवघि थप गरेको भनी अर्थ गर्न नमिल्ने।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६७ साल चैत ९ गते रोज ४ शुभम्।

११

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६७ सालको रिट नं. ०२३०, उत्प्रेषणयुक्त परमादेश, *दीपक मण्डल वि. प्रहरी उपरीक्षक, तत्कालीन जिल्ला प्रहरी कार्यालय हाल महानगरीय प्रहरी परिसर, हनुमानढोका समेत*

यी रिट निवेदकलाई पछिल्लो कारवाही गरिँदा डाँकाको आरोपित कसूरबाट पुनरावेदन अदालतले सफाइ दिइसकेको अवस्थामा विभागीय सजायउपरको पुनरावेदन सुन्ने अधिकारीले सो तथ्यलाई पनि जानकारीमा लिई निर्णय गर्नुपर्ने स्थितिमा सो तथ्यलाई बेवास्ता गरिएको देखिएकोले सो निर्णयमा सद्‌विवेकको प्रयोग अवस्था देखिन आएन। नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर भएको भन्ने तथ्यका सम्बन्धमा एकपटक शुरू तहबाट कसूर कायम भएको आधारमा गरिएको कारवाही पुनरावेदन अदालतबाट बदर भई आरोपित कसूरबाट सफाई भएपछि सोही विभागीय सजाय गर्ने अधिकारीले पनि सुधार गरी निर्णयमा पुग्नुपर्ने हुन्छ। निवेदकलाई विभागीय कारवाही गर्दा लिइएको आधार नै कायम नरहेपछि नोकरीबाट हटाउने सजाय गर्न नमिल्ने।

इजलास अधिकृतः दीपक खरेल
कम्प्युटरः बिपनादेवी मल्ल
इति संवत् २०६८ साल बैशाख १२ गते रोज २ शुभम्।

१२

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६६ सालको रिट नं. ०२१५, उत्प्रेषणयुक्त परमादेश, *पवनीदेवी महतो वि. शिवप्रसाद पौडेल समेत*

यी निवेदिका चुलो मानो अलग गरी बसेको भन्ने २०३३ सालमा चलेको अंश मुद्दाबाट देखिएको र निजले २०६०।८।१८ मा अंश बुझी भरपाई पारीत गरेको तथा विपक्षी हरिनारायण महतोले मिति २०५५।११।१३ मा कपाली तमसुक गरी विपक्षी शिवप्रसाद पौडेलबाट लिएको ऋणका सम्बन्धमा मिति २०५९।१।१५ मा पेश गरेको तायदाती फाँटवारीमा समेत उल्लेख गर्न नसकेको अवस्थामा निवेदिकाको एकलौटी हक लाग्ने जग्गा बिगो कारवाहीबाट बाहेक गर्ने गरी सुनसरी जिल्ला अदालतबाट भएको मिति २०६५।११।१६ को आदेश बदर गरेको पुनरावेदन अदालत, बिराटनगरको २०६६।२।२८ को आदेश उल्लिखित आधार कारणबाट कानूनसम्मत् देखिन नआएको हुँदा उत्प्रेषणको आदेशले बदर हुने।

इजलास अधिकृतः दीपक खरेल
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६८ साल बैशाख १२ गते रोज २ शुभम्।

१३

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६७ सालको रिट नं. ०१२४,

उत्प्रेषणयुक्त परमादेश, *मातृकाप्रसाद पौडेल वि. पुनरावेदन समिति, मुकाम सूचना तथा सञ्चार मन्त्रालय समेत*

युनाइटेड टेलिकम प्रा.लि.ले रिट निवेदकबाट बिगो र क्षतिपूर्ति भराई पाउने दूरसञ्चार प्राधिकरणमा दिएको निवेदन खारेज गरिदिएउपर कम्पनीले पुनरावेदन समिति समक्ष पुनरावेदन गरेकोमा दूरसञ्चार प्राधिकरणको मिति २०६६।२।१४ को निर्णय बदर गरी पुनः निर्णय गर्नु भनी प्राधिकरणमा पठाएको अवस्था देखिन्छ। दूरसञ्चार ऐन, २०५३ को दफा ४८ मा, "दफा ४७ को उपदफा (१),(२),(३),(४) बमोजिम प्राधिकरणले दिएको आदेशउपर चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र तोकिएबमोजिमको समितिसमक्ष पुनरावेदन दिन सक्नेछ र सो पुनरावेदनको सम्बन्धमा त्यस्तो समितिले गरेको निर्णय अन्तिम हुनेछ भन्ने कानूनी व्यवस्था रहेको आधारमा नै प्राधिकरणले गरेको निर्णयमा चित्त नबुझाई कम्पनीले पुनरावेदन समितिसमक्ष पुनरावेदन गरी समितिबाट निर्णय हुँदा पुनः निर्णयको लागि प्राधिकरणसमक्ष नै पठाएको कार्यलाई कानूनविपरीत मान्न नमिल्ने।

इजलास अधिकृतः दीपक खरेल

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६८ साल बैशाख १२ गते रोज २ शुभम्।

- यसै लगाउको २०६७ सालको रिट नं. ०१२३, उत्प्रेषणयुक्त परमादेश, *यशोदा घिमिरे वि. पुनरावेदन समिति, मुकाम सूचना तथा सञ्चार मन्त्रालय समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

१४

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६७ सालको रिट नं. १३४६, उत्प्रेषणयुक्त परमादेश, *सन्तबहादुर के.सी. वि. सुदामा खत्री समेत*

मोही लागेको जग्गामा मोही र जग्गाधनी बीच कानूनबमोजिम जग्गा बाँडफाँड हुने नै हुन्छ। उक्त जग्गाको मोही यी विपक्षी भई निर्विवाद मोही हक भएकोमा यी विपक्षीले उक्त कि.नं. ९२ को जग्गा नरमगरम मिलाई बाँडफाँड गरिपाऊँ भनी भूमिसुधार कार्यालय ललितपुरमा मिति २०६३।३।१ मा निवेदन दायर गरी कारवाहीयुक्त अवस्थामा रही जग्गाधनी र मोहीबीच तर्फ किटान गरी बाँडफाँड भै नसकेको अवस्थामा मोही लागेको जग्गामा पनि यी रिट निवेदकले नक्सापास बिना घर बनाएको भन्ने देखिएको र निवेदकले नक्सापास अनुमतिपत्र समेत पेश दाखिल गर्न सकेको देखिँदैन। यी रिट निवेदकले कानूनबमोजिम नक्सापास गरी सोको अनुमतिपत्र प्राप्त गरी आफ्नो निर्विवाद हक भएको जग्गामा मात्र घर बनाएको भन्ने कुरा प्रमाणित गर्न सकेको देखिएन। यसरी यी रिट निवेदकले बिना नक्सा पास मोहीको समेत हक रहेको जग्गामा घर बनाएको देखिएको हुँदा उक्त घर भत्काई दिनुपर्ने।

इजलास अधिकृतः दीपक खरेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६७ साल चैत २३ गते रोज ४ शुभम्।

१५

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६४ सालको रिट नं. ०५७६, उत्प्रेषणयुक्त परमादेश, *बिदुर कार्की वि. श्रम तथा यातायात व्यवस्था मन्त्रालय समेत*

हिमालयन स्न्याक्स एण्ड नुडल्स प्रा.लि.ले व्यवस्थापन र मजदूरबीचमा असमझदारीको कारणले उक्त उद्योग बन्द गरेकोमा व्यवस्थापक र मजदूर कर्मचारीबीच पुनः सहमति भई उद्योगको तालाबन्दी खुली सञ्चालन भइरहेको भन्ने स्थलगत प्रतिवेदन र यूनियनको निवेदन व्यहोरा समेतबाट देखिई उद्योग पुनः सञ्चालन भई सोबाट उत्पादन भई रहेको कुरा दुबै पक्षले स्वीकार गरिसकेको अवस्थामा २०६३ सालमा भएको तालाबन्दीका सम्बन्धमा हाल आएर वैध अवैध के थियो भनी त्यसको औचित्यमा प्रवेश गरिरहनु नपर्ने।

इजलास अधिकृतः दीपक खरेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल बैशाख १२ गते रोज २ शुभम्।

## इजलास नं. २

१

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री अवधेशकुमार यादव,** पुनरावेदन नं. ०६६-CR-००७२, पु.नं. ०६६-CR-०१०८, कर्तव्य ज्यान, *मधुमाया तामाङ वि. नेपाल सरकार, नेपाल सरकार वि. नरेन्द्रबहादुर तामाङ*

अ.बं. १८८ नं. को कानूनी व्यवस्थाले अपराधमा अभियुक्तको संलग्नता कुन हिसाबले भएको छ र वारदातप्रति अग्रसर हुन अभियुक्तलाई कुन-कुन तत्वले अभिप्रेरित गरेको छ, त्यस्ता परिस्थिति र तत्वहरू अन्य साधारण व्यक्तिहरूमा पनि समान रूपले सिर्जित हुन सक्ने अवस्था रहन सक्छ वा सक्दैन, वारदातबाट अभियुक्तले लिन खोजेको उपादेयता के हो, अपराधको प्रकृति र वारदात घटाउँदाको अपनाइएको कार्यशैली कस्तो छ, अभियुक्तको वारदात अघि र पछिको मानसिक अवस्था कस्तो थियो भन्ने जस्ता कुराहरूको विश्लेषण गर्न अभिप्रेरित गराई अपराध र सजायबीचको सन्तुलन कायम गर्न न्यायकर्तालाई मद्दत गर्दछ । यिनै तत्वहरूबाट कर्तव्य ज्यानको अपराधमा आपराधिक गाम्भीर्यता घटाउने परिस्थितिहरूको विद्यमानता (Presence of mitigating circumstances on homicide) भए नभएको खोजी गर्नुपर्ने ।

अपराधको प्रकृति, अपराध गर्दा अपनाइने कार्यशैली, अभियुक्तको मानसिक अवस्थाको स्थिति, अपराध गर्नु पछाडिको उत्प्रेरित तत्व सबै अवस्था र परिस्थितिमा समान हुन नसक्ने भएकाले त्यसको विश्लेषण र मूल्याङ्कन गरी उचित सजायको निर्धारण हुन सकोस् भन्ने विधायिकी अभिप्राय अ.बं. १८८ नं. को कानूनी व्यवस्थामा प्रतिबिम्बित हुने भएकोले सबै अवस्था र प्रकृतिका ज्यान मुद्दाहरूमा अ.बं. १८८ नं. को प्रयोग गरी सजाय घटाउन सकिने हुँदैन । सजाय घटाउन सकिने अवस्थाको विद्यमानता भएमा पनि उस्तै प्रकृतिका मुद्दाहरूमा अपराधको गाम्भीर्यता घटाउने परिस्थितिको विद्यमानताको अवस्था पृथक हुनसक्ने भएकोले समान प्रकृतिको ज्यान मुद्दामा पनि उत्तिकै सजायको निर्धारण हुनसक्ने नदेखिने ।

अ.बं. १८८ नं. को कानूनी व्यवस्था अभियुक्तको चरित्र, पछुतोभावको शैली, अपराध गर्दा प्रयोग गरिएको हतियारको प्रकृति, अभियुक्तको उमेर जस्ता आधारहरूमा निरपेक्ष रूपमा अडिएको समेत हुँदैन । त्यस्ता कुराहरू अपराधको प्रकृति (Nature of the Crime), अपराध घटाउन अपनाइएको कार्यशैली (Modus operandi of the Crime), अभियुक्तको मानसिक अवस्था (Mental state of the Accused), अपराध गर्न अग्रसर गराउने तत्व (Motive of the Crime)जस्ता मुख्य प्रश्नहरूसँग जोडिएर आउने सहायक कुराहरू मात्र हुन् । यस्ता सहायक कुराहरूलाई निरपेक्ष आधारहरूको रूपमा अगाडि सारी अ.बं. १८८ नं. को प्रयोगमार्फत आपराधिक दायित्व घटाउन मिल्ने हुँदैन । मिसिलबाट देखिएको परिस्थितिलाई विश्लेषण र विवेचना नगरी अ.बं. १८८ नं. को प्रयोग गरिएका दण्डसम्बन्धी कानूनी व्यवस्था फितलो हुन जाने ।

अपराध मनसाय प्रेरित वा जघन्य हुनु नै अं.बं. १८८ नं. को कानूनी व्यवस्था आकर्षित हुन नसक्ने । निरपेक्ष आधार बन्न सक्ने देखिँदैन । अ.बं. १८८ नं. को प्रयोग अक्सर गरी घटनाको अवस्था र प्रकृति, मृतकका क्रियाकलाप, वारदात घटाउन अभिप्रेरित गर्ने तत्व, वारदात घटाउँदा अपनाइएको कार्यशैली, अभियुक्तको मानसिक अवस्था, मृतक र अभियुक्तबीच भएका क्रियाकलाप जस्ता कुराहरूमा अक्सर निर्भर रहने गर्दछ । तर अपराध र सजायबीच सन्तुलन कायम गर्ने सम्बन्धमा अ.बं. १८८ नं. को प्रयोग मुनासिब आधारबिना आपराधिक मनसाय, तयारी र योजनावद्ध ढंगले क्रूर कार्यशैली अपनाई गरिने हत्याका सम्बन्धमा सजाय घटाउने अस्त्रको रूपमा विकसित गर्नु उचित हुने नदेखिने ।

योजनावद्ध ढंगले होशियारी र तयारीसाथ खुकुरीले मृतकको घाँटीलगायतका स्थानमा पटक-पटक प्रहार गरी मारेको कार्य क्रूरतापूर्ण देखिन्छ । यस्तो क्रूर हत्या निश्चय नै आपराधिक गाम्भीर्यता घटाउने अवस्था हुन नसक्ने ।

जघन्य अपराध गरी कसूर स्वीकार गर्दै अपराधप्रति प्रायश्चित गरेको भनी भनाई राखेकै आधारमा त्यसलाई सजाय घटाउने आधार बनाइने हो भने त्यो न्यायसँगत नहुनुको साथै त्यसले खराब न्यायिक प्रथाको विकास गर्ने उत्तिकै खतरा रहन जाने देखिन्छ । त्यसैले कसूर स्वीकार गर्नु र प्रायश्चित गर्नुलाई मात्र अ.बं. १८८ नं. बमोजिम सजाय घटाउने राय व्यक्त गर्ने निरपेक्ष आधार बनाइनु मुनासिब नहुने ।

फौजदारी न्याय प्रशासनमा अनुमान, विश्वास र शंकाजन्य अभिव्यक्तिहरूलाई निश्चयात्मक प्रमाणको वर्गमा राखिने गरिँदैन । यस्ता अनुमान, विश्वास र शंकाजस्ता अभिव्यक्तिले प्रतिवादीको वारदातमा संलग्नताभन्दा निजको निर्दोशितातर्फ नै बढी झुकाव

राख्ने गरेको कारण शंकाको लाभ अभियुक्तको पक्षमा जाने कुरालाई फौजदारी न्याय प्रशासनमा स्वीकार गरिएको पाइने ।
इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६७ साल माघ ५ गते रोज ४ शुभम् ।

२

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री प्रकाश वस्ती,** २०६६ सालको स.फौ.पु.नं. ०३६४, ०३६५, ०३६६, जवर्जस्ती करणी, *नेपाल सरकार वि. चन्द्रबहादुर राना, चन्द्रबहादुर राना वि. नेपाल सरकार, चन्द्रबहादुर राना वि. नेपाल सरकार*

प्रतिवादीले जाहेरवालीलाई जवर्जस्ती करणी नगरेको भए पीडित लाटी महिलाले आफूउपर किन किटानी जाहेरी गरिन् र वर्ष १२ की प्रत्यक्षदर्शी दुर्गा थापाले किटानी व्यहोरा लेखाउनु पर्ने कारण के थियो अदालतमा भएको बयानमा सो खुलाएको देखिन आएन। बरू वारदातको दिन र समयमा पीडितसँग भेट भएको, डरले गर्दा भागी दिल्ली गएको भने पनि आफूले केही नगरेको भए किन डर मानी दिल्लीमा गई बस्नु पर्‍यो सो बारे केही खुलाएको पाइएन। यस प्रकार प्रतिवादीले पीडित लाटी क कुमारीलाई जवर्जस्ती करणी गरेको भन्ने देखिन आयो। प्रतिवादीको पुनरावेदन जिकीर पुग्न नसक्ने।

प्रतिवादी स्वयंले पीडित क कुमारी बोल्न नसक्ने लाटी भएको भनी अदालतमा बयान गर्दा स्वीकार गरेको देखिन्छ। पीडित क कुमारीले इसाराले बताएअनुसार शान्ति आलेमार्फत् मौकामा कागज तथा अदालतसमक्ष बकपत्र गरेको अवस्था देखिएको छ। दमौली अस्पतालको प्रतिवेदन हेर्दा पनि पीडित बोली नबुझिने (लाटी) महिला भन्ने देखिएको छ। त्यसकारण पीडित लाटी रहेकी भन्ने तथ्यमा कुनै विवाद नदेखिँदा मुलुकी ऐन जवर्जस्ती करणीको ३क नं. मा महिलालाई सामूहिकरूपमा जवर्जस्ती करणी गर्ने वा गर्भवती, अशक्त वा अपाङ्ग महिलालाई जवर्जस्ती करणी गर्नेलाई यस महलमा लेखिएको सजायमा थप पाँच वर्ष कैद गर्नुपर्छ भन्ने व्यवस्था रहेको छ। मुलुकी ऐनमा २०५९।६।१० मा भएको एघारौं संशोधनले यो कानूनी व्यवस्था थपी अपाङ्गता भएकी महिलालाई जवर्जस्ती करणी गर्ने कार्यलाई गम्भीर अपराध मानी थप सजायको व्यवस्था गरेको देखिँदा प्रतिवादीले लाटी अपाङ्ग पीडितलाई जवर्जस्ती करणी गरेको देखिएको र थप सजायको माग अभियोग दावीमा भएको स्थितिमा उल्लिखित कानूनी व्यवस्था एवं नजीरबमोजिम प्रतिवादीलाई जवर्जस्ती करणीको ३(३) नं. बमोजिम पाँच वर्ष कैद गरी ऐ. महलको दफा ३क नं. मा भएको कानूनी व्यवस्थाबमोजिम थप सजाय समेत गर्नुपर्ने।
इजलास अधिकृतः कमलराज विष्ट
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६७ साल माघ १९ गते रोज ४ शुभम् ।

३

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६३ सालको रिट नं. ०६३-WO-०८५८, उत्प्रेषण, *ज्ञानीशोभा शाक्य वि. आशारत्न शाक्य समेत*

दुनियाँको बिगोबापत जायजात गर्दा अंश बाहेक अन्य व्यहोराबाट प्राप्त सम्पत्ति जायजात गर्न नमिल्ने कानून एवं प्रतिपादित सिद्धान्त समेतले प्रष्ट पारेको अवस्थामा विपक्षी ज्ञानुशोभा शाक्यले बकसपत्रबाट प्राप्त गरेको कि.नं. २१० को जग्गा र सोमा बनेको घर पतिले खाएको ऋणमा जायजात गर्ने प्रयोजनार्थ अ.बं. १७१ क नं. बमोजिम रोक्का राख्ने गरेको जिल्ला न्यायाधीशको आदेश बदर गरी उक्त जग्गा फुकुवा गर्नु भनी भएको पुनरावेदन अदालतको आदेशले निवेदकको सम्पत्तिसम्बन्धी कानूनी एवं संवैधानिक हक अधिकारमा आघात नपुग्ने ।
इजलास अधिकृतः खड्गराज अधिकारी
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६७ साल माघ २६ गते रोज ४ शुभम् ।

४

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६४ सालको फौ.पु.नं. ०६४-CR-००१२, सवारी ज्यान, *जसवीर राजपाल वि. नेपाल सरकार*

सवारी दुर्घटनामा परी मृत्यु भएको मोटरसाइकल चालकको बीमाबापत क्षतिपूर्ति, मोटरसाइकल मर्मत खर्च र घर मर्मत खर्च समेतसँग सम्बन्धित विषयवस्तु भएको हुँदा यस्तोमा उक्त सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३ अनुसार अदालतबाट क्षेत्राधिकार ग्रहण गरी निर्णय गर्न नमिल्ने ।
इजलास अधिकृतः खड्ग अधिकारी
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६७ साल फागुन १९ गते रोज ५ शुभम् ।

५

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री तर्कराज भट्ट,** दे.पु.नं. २०६३-CI-०८९९, अंश दर्ता, *जमीन अख्तर वि. वकिलन खातुन समेत*

मूल अंशियारहरूबीच अंशबण्डा भई छुट्टिएको भन्ने लिखत प्रमाण केही नभएको अवस्था रहेको र निजहरूको नाममा नापी भएका जग्गाको क्षेत्रफलमा पनि कमबेसी भएको देखिएको अवस्थामा मूल अंशियारहरूले एकआपसमा भाग शान्तिबमोजिम जग्गा लिनुदिनु गरेको भन्न नमिल्ने ।

सगोलका जे जुन अंशियारको नाममा जग्गा दर्ता वा खरीद भए पनि अन्यथा प्रमाणित नभएसम्म प्रमाण ऐन, २०३१ को दफा ६(क) बमोजिम त्यस्तो सम्पत्ति सगोलको भनी अनुमान गर्न सकिने कानूनी व्यवस्था भैरहेको पाइन्छ । यसबाट सगोलको सम्पत्तिबाट सगोलमै रहने गरी कुनै अंशियारको नाममा जग्गा खरीद गर्न र राख्न सकिने देखियो । सगोलका परिवारका कुनै सदस्यले निजी ज्ञान, सीप र प्रयासबाट सम्पत्ति आर्जन वा कसैबाट निजी तवरमा दान वा बकस प्राप्त गर्नु तथा सगोलको सम्पत्तिबाट सगोलका अन्य अंशियारको नाममा जग्गा खरीद गर्नुलाई उल्लिखित कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा अलग भएको वा छुट्टिएको भनी निरपेक्ष अर्थ गर्न नमिल्ने ।

तायदाती फाँटवारीमा उल्लेख गरेका जग्गालाई निजी आर्जन भने पनि सोको कुनै प्रमाण पेश गरेको नपाइँदा अपुष्ट जिकीरकै आधारमा निजी आर्जन मान्न समेत नमिल्ने ।

इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६७ साल माघ ३ गते रोज २ शुभम् ।

६

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री तर्कराज भट्ट,** दे.पु.नं. ८३२०, घर उठाई जग्गा खिचोला चलन, *रामप्रताप यादव वि. नरेशकुमार यादव*

वादीका दाताले नै प्रतिवादीले भोगचलन गरेको भनिएको घरजग्गा वादीको जग्गा खिचोला गरी बनाएको भनी ठहर भएको अवस्थामा सो घर समेतको भाग परेको जग्गा फैसलाअनुसार चलन चलाई लिएको भन्ने नदेखिँदा दण्ड सजायको ४३(१) नं. को म्याद नाघेपछि अब पूर्व फैसलाअनुसार हुने अवस्था देखिन नआउने ।

वादीका दाताकै पालामा प्रतिवादीले विवादित घर निर्माण गरिसकेको र सोउपर मुद्दा परी ठहर फैसला भए पनि वादीका दाता फैसला कार्यान्वयनतर्फ नगई प्रतिवादीले कब्जा गरी घर बनाई भोग गरेको जग्गा परित्याग गरेको अवस्था देखिन आउँछ । प्रतिवादीको घरसहितको भोग साविकदेखि हालसम्म यथावत् रहेको देखिएको अवस्थामा मिति २०५९।४।११ मा वादीको जग्गा पुनः खिचोला गरी २०५९।६।११ सम्ममा प्रतिवादीले आफ्नो जग्गामा भएको पक्की घरमा जोडी घर बनाएको भन्ने वादीको दावी मुनासिब देखिन नआउने ।

इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६७ साल माघ ३ गते रोज २ शुभम् ।

७

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री कमलनारायण दास,** २०६२ सालको दे.पु.नं. ८१९३, फैसला बदर हक कायम, *भूपनारायण श्रेष्ठ समेत वि. केशवराज कुँवर*

कि.नं. ३६७ को जग्गा ल.नं. १९४ मध्येको जग्गा हो भनी प्रतिवादीले कुनै तवरबाट पनि प्रमाणित गर्न सकेको देखिँदैन । कि.नं. ३६७ को जग्गाको फिल्डबुकमा गौचरण देखिएको र नक्सा मुचुल्काबाट फिल्डको भौतिक अवस्थामा विरूवा रहेको र उक्त जग्गाको तीनतिर सार्वजनिक प्रकृतिको जग्गा देखिँदा उक्त जग्गा प्रतिवादीको ल.नं. १९४ को मध्येको आवादी रहेछ भन्ने कुनै आधार प्रमाण देखिन आएन । अतः कि.नं. ३६७ जग्गा साविक ल.नं. १९४ मध्येको जग्गा हो भन्ने पुष्टि हुने प्रमाण प्रतिवादीबाट पेश दाखिला हुन नसकेको हुँदा वादी दावीबमोजिम प्रतिवादीको हक कायम हुने गरी भएको हक कायम, नापी निर्णय बदर मुद्दाको फैसला र नापीको निर्णय बदर गरी जग्गा सार्वजनिक कायम हुने ।

इजलास अधिकृतः कमलराज विष्ट
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६७ साल माघ १८ गते रोज ३ शुभम् ।

८

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री कमलनारायण दास,** २०६५ सालको CI-०२४३, हक कायम, *हरिबहादुर कार्की वि. श्री शनिश्चरे निम्न माध्यमिक विद्यालय*

विवादित कि.नं. ११४ को जग्गा भूमि प्रशासन कार्यालय सुनसरीले विपक्षी विद्यालयका नाममा दर्ता गरिदिएको र विद्यालयको उक्त जग्गा खिचोला समेत गरेको हुँदा विपक्षीहरूको खिचोला मेटाई मेरो हक कायम गरी विद्यालयका नाउँमा गराएको दर्ता बदर गरी मेरो नाममा दर्ता गराई बाली बिगो समेत भराई पाऊँ भन्ने दावी लिई उक्त तहतह हुँदै सर्वोच्च अदालतबाट मिति २०५९।१।२ मा हकदैयाको अभावमा फिराद खारेज गरेको पुनरावेदन अदालतको फैसला सदर हुने गरी फैसला भएको देखिन्छ । यसरी विवादको कि.नं. ११४ को जग्गामा हकदैयाको अभावमा वादी दावी खारेज हुने यस अदालतको उक्त फैसलापश्चात् पुनः शुरू जिल्ला अदालतमा उक्त कि.नं. ११४ को ५-१३-८ जग्गामा मेरो हक कायम गरी पाऊँ भन्ने फिराद लिई प्रवेश गरेको कार्य अ.बं. ८५ नं. र यस अदालतबाट प्रतिपादित सिद्धान्तहरू समेतको विपरीत देखियो । एउटै सम्पत्तिको सम्बन्धमा एकैजना वादीको एकैजना प्रतिवादीउपर मुद्दाको नाउँ परिवर्तन गर्दै एउटै विषयवस्तुमा पटक-पटक मुद्दा गर्ने छूट अ.बं. ८५ नं. ले प्रदान नगरेको हुँदा प्रस्तुत पुनरावेदन खारेज हुने ।

इजलास अधिकृतः खड्गराज अधिकारी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६७ साल फागुन १५ गते रोज १ शुभम् ।

९

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री कमलनारायण दास,** २०६५ सालको दे.पु.नं. CI-१०३८, हरहिसाब गराई पाऊँ, *गंगाराम खवास वि. सहकारी साझा संस्था लिमिटेड, झोरहाट मोरङ्ग*

आफूले लिए खाएको ऋण समयमा भुक्तान गर्न ऋणी सदा तत्पर रहेको हुनु पर्दछ । वादी स्वयं प्रत्यर्थी संस्थाको साविकमा अध्यक्ष पद सम्हाली कामकाज गरिआएको व्यक्ति देखिन्छ । ऋणप्रदायक संस्थासमक्ष विधिवत् रूपमा आफ्नो ऋण रकम हरहिसाब गराई माग्न पुनरावेदक वादी गएको अवस्था देखिन्न । वादी संस्थामा हिसाब गर्न आउँदा जहिले पनि हिसाब गरिदिन तयारै छौं भनी प्रतिवादीले प्रतिवद्धता व्यक्त गरेको देखिन्छ । यसका अतिरिक्त वादीको हरहिसाबको विवरण प्रतिउत्तरपत्रमा स्पष्टतः खुलाएको पाइयो । उक्त विवरणमा चित्त नबुझे वादी सो विवरणमा स्पष्ट हुन पुनः प्रत्यर्थी संस्थासमक्ष गै स्पष्ट हुन चाहेका बखत प्रत्यर्थीबाट सो विषयमा स्पष्ट हुने नै हुँदा यस्तो विषयमा वादी अदालत प्रवेश गर्नु युक्तिसंगत नदेखिने ।

इजलास अधिकृतः खड्गराज अधिकारी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६७ साल फागुन १५ गते रोज १ शुभम् ।

१०

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री कमलनारायण दास,** २०६२ सालको दे.पु.नं. ३४७४, जग्गा खिचोला, *भोला मण्डल धानुक वि. फुलोदेवी मण्डल समेत*

नक्सा मुचुल्कामा विवाद जनाइएको न.नं. ७ को जग्गाको स्वरूप र पुनरावेदक वादीको सर्वे कि.नं. ३८ को सर्वे नक्सामा देखिएको आकृति प्रकृति समेतलाई मध्यनजर गर्दा उक्त न.नं. ७ को ०-०-८.०६ जग्गा वादीले कायम गर्दा न्यायको मकसद पूरा हुन जाने देखिँदा उक्त न.नं. ७ को जग्गासम्म प्रतिवादीले लगत कायम गराई आपसमा मिति २०५५।१२।२९ मा गरेको बण्डा समेत बदर भै न.नं. ७ मा बनेको प्रतिवादीका घरहरू भत्काई खिचोला मेटाई वादीले चलन समेत चलाई पाउने ।

इजलास अधिकृतः खड्गराज अधिकारी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६७ फागुन १५ गते रोज १ शुभम् ।

११

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री कमलनारायण दास,** पुनरावेदन नं. ०६५-CI-०६१६, हक कायम लिलाम बदर, लगत कायम, दर्ता बदर, दर्ता कायम, *बौवालाल यादव वि. ढोढन इसर समेत*

एकाको नाममा लगत कायम भएको जग्गालाई अर्को व्यक्तिसँग मुद्दा गरेको आधारमा लिलाम गराई लिएको कानूनसंगत देखिन नआउने ।

वादी दावीबमोजिम सक्कली राजधोविनको भागमा पर्ने ब्लक नं. १३६ को ०-४-५ जग्गामध्ये आधी ०-२-२१/२ तथा सा.कि.नं. ११४१ को ज.वि. ०-०-१२ जग्गा वादीको हकको देखिन आएकोले उक्त जग्गाको बौवालालले लड्वती इसर राजधोवीउपर दिएको लेनदेन मुद्दामा भएको फैसला अनुसारको बिगो भरी भराउमा भएको लिलाम बदर गर्ने गरेको शुरू सप्तरी जिल्ला अदालतको २०६१।८।२९ को फैसला सो

हदसम्म सदर गरी ब्लक नं. १३६ को जग्गामा ०-४-५ मा दावी नपुग्ने ठहऱ्याएको शुरू फैसला उल्टी भै सो ब्लक नं. १३६ को जग्गामध्ये उत्तरतर्फबाट ज.वि. ०-०-१०१/२ को निर्णयसमेत बदर हुने भै वादीहरूको हक कायम हुने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६७ साल चैत ३० गते रोज ४ शुभम् ।

१२

**मा.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री कमलनारायण दास,** पुनरावेदन नं. ०६४-CI-०८७१, जग्गा खिचोला मेटाई, फैसला बण्डा मुचुल्का राजीनामा लिखत, दा.खा. नामसारी बदर गरी हक कायम गरी दर्ता कायम गरिपाऊँ, *धनमायाँ लामिछाने समेत वि. चन्द्रमाया पराई*

वादीको दावीलाई मुख्य प्रतिवादीले खण्डन नगरेको अवस्थामा अन्य निजबाट जग्गा खरीद गर्ने प्रतिवादीले वादीको दावीबमोजिम न भै सा.कि.नं. २२७४ का जग्गा सगोलको आर्जनबाट खरीद गरी लिएको भनी सगोल आर्जनको निश्चित र तथ्ययुक्त प्रमाण पेश गरेको मिसिलमा पाइएन । आफ्नो जिकीर पुष्टि गर्ने प्रमाणको अभावमा अपुष्ट जिकीर लिनु नै पर्याप्त हुने मान्न नसकिने ।

व्यक्तिको सम्पत्तिसम्बन्धी कानूनी हकलाई संविधानले समेत संरक्षण गरिरहेको अवस्थामा विवादित अंश मुद्दाको फैसलालगायतको काम कारवाहीमा संलग्न नदेखिने यी वादीको नामको जग्गा प्रतिवादी तेजमायाले सो फैसलाको आधारमा बण्डा गरी लिँदैमा वादीको विवादित जग्गाबाट हक मेटिन सक्ने अवस्था रहँदैन । आफूलाई थाहा नै नभएको मुद्दामा भएको फैसलाको आधारमा आफ्नो जग्गा बण्डा गरी खरीद बिक्री समेत भई जग्गामा कब्जा गर्न आउँदा सो सम्बन्धमा थाहा भएको भन्ने वादीको भनाईलाई अन्यथा भन्न मिल्ने देखिन आएन । जग्गामा खिचोला गर्न आएपछि सो खिचोलाको जरिया थाहा पाउन सकिने अवस्था रहन सक्ने र विवादित जग्गा समेतबाट आफ्नो हक गएको देखेपछि जग्गा मिच्नेको १८ नं. तथा जग्गा पजनीको १७ नं. बमाजिम दावी लिन र अ.बं. ८६ नं. बमोजिम आफ्नो हक जाने गरी भएको फैसलालाई वादीले बदर गराउन सक्ने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

इति संवत् २०६७ साल चैत २ गते रोज ४ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री रामकुमारप्रसाद शाह,** २०६२ सालको रिट नं. २७९६,उत्प्रेषण, *सिद्धिबहादुर खड्गी वि. काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला विकास समितिको संयुक्त समितिको कार्यालय भक्तपुर समेत*

यिनै निवेदकले विपक्षीउपर संवत् २०६२ सालको रिट नं. ७६ को उत्प्रेषण रिट दिई "स्थानीय स्वायत्त शासन (दोस्रो संशोधन) नियमावली, २०६१ को नियम २०७ को उपनियम (१) को खण्ड (ङ) र सोको अनुसूची २३ को खण्ड (६) समेतको संशोधनको वैधताउपर प्रश्न उठाई बदर घोषित गर्ने माग गरेकोमा सो रिट निवेदनको सुनुवाई हुँदा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१५(२) समेतलाई विचार गर्दा पछि निर्णय हुँदा ठहरेबमोजिम हुने गरी हाल सुविधा सन्तुलनको दृष्टिले अन्तरिम आदेश जारी गर्नु वाञ्छनीय देखिँदा निवेदकले व्यक्तिहरूसँग खरीद गरी लैजान हाड, सिङ र खुरमा परिणामको लगतसम्म राखी हाल त्यसमा कुनै किसिमको कर असूलउपर नगर्नु, नगराउनु भनी विपक्षीका नाउँमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम यस अदालतबाट मिति २०६२।६।६ मा अन्तरिम आदेश जारी भएको देखिँदा यस अघि नै निवेदकबाट निवेदन मागका विषयमा कर नलिनु भनी पटक-पटक आदेश जारी भै रहेकोमा सर्वोच्च अदालतको आदेशलाई गलत व्याख्या गरी निष्प्रयोजन पार्ने प्रयास विपक्षीबाट भएको देखिन आएकोले थप आदेश जारी गरिरहनु पर्ने अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

कम्प्युटरः सुदीप पज्ञानी

इति संवत् २०६७ साल असोज १८ गते रोज २ शुभम् ।

२

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री रामकुमारप्रसाद शाह,** २०६५-CR-०६३४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मनोज पुतुवार*

मनसाय प्रेरित हत्या हुन प्रतिवादीले मार्ने मनसाय राखेको हुनैपर्ने, मार्नुपर्ने खास उद्देश्य भै

त्यसको लागि तयारी र योजना जस्ता कुराहरू रहनुपर्ने मानिए पनि सबै परिस्थितिमा सबै मनसायप्रेरित हत्यामा योजना र तयारी हुनैपर्छ भन्ने अवस्था पनि रहन्न। तथापि प्रतिवादीमा आफूले गरेको कार्यले मानिसको मृत्युको परिणाम निस्कन्छ भन्ने ज्ञान भई त्यो परिणामको पूर्वानुमान लगाएको साथै त्यो परिणाम निस्कियोस् भन्ने ईच्छा राखेको भने हुने।

आवेशमा आई आफूलाई आत्मनियन्त्रण गर्न नसकी अचानक, अनियन्त्रित अवस्थामा लाठा, ढुङ्गा, लात र मुक्का जस्ता सामान्य माध्यमको सहयोगले गरेको प्रहारले कसैको हत्या गर्दछ भने त्यो आवेशप्रेरित हत्या हुन आउँछ। आवेशप्रेरित हत्या पनि प्रतिवादीले आफूले आफूलाई नियन्त्रण गर्न नसकी तत्काल उत्पन्न कुनै कारणबाट उत्तेजित भै आफ्नो कार्यबाट हुने परिणामको ख्यालै नगरी पीडितउपर आक्रमण गर्दा त्यो आक्रमणको कारणबाट पीडितको मृत्यु भएको अवस्था हो। यसमा प्रतिवादीलाई उत्तेजित पार्ने काम पीडित अर्थात् मृतकबाटै हुनुपर्दछ। यो उत्तेजना योजनावद्ध वा पहिलेदेखि नै विद्यमान रहेको नभई तत्काल नै मृतकको व्यवहारका कारणले जन्मेको हुनुपर्दछ। पीडितको कारणबाट उत्पन्न हुने आवेशको अवस्था त्यो हदसम्म हुनुपर्ने मानिन्छ, जुन अवस्थामा सामान्य सुझबुझ भएको मानिस समेत सामान्य मानवीय कमजोरीका कारणबाट उत्तेजित हुन्छ र आफ्नो उत्तेजित अवस्थालाई नियन्त्रण गर्न सकिरहेको हुँदैन। यस्तो उत्तेजना पीडितको क्रियाकलापबाट अचानक उत्पन्न भई प्रतिवादीले त्यसको आवेशले क्षणिक रूपमा आत्मनियन्त्रण गुमाएको हुनुपर्दछ। आत्मनियन्त्रण गुमाउने अवस्था थियो थिएन घटनाको परिस्थिति तथा मानवीय संवेदनशीलता जस्ता कुरामा भर पर्ने हुन्छ। यस्तो आवेशको अवस्था हुन प्रतिवादीले आफैले केही कुरा गरी पीडितबाट आफूलाई उत्तेजित पार्ने कार्य गरेको भन्ने अर्थ गर्न नमिल्ने।

इजलास अधिकृत: गायत्रीप्रसाद रेग्मी

कम्प्युटर: सुदीप पंज्ञानी

इति संवत् २०६७ साल फागुन १० गते रोज ३ शुभम्।

३

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रेम शर्मा,** ०६६-WO-०२६३, उत्प्रेषण, परमादेश, *चक्र रूचाल वि. स्थानीय विकास मन्त्रालय समेत*

दलित वर्ग उत्थान जिल्ला समन्वय समितिको कार्यक्रम सञ्चालन निर्देशिका, २०६५ को दफा ५(१) मा सो समितिको उपाध्यक्षको पदावधि बढीमा चार वर्षको लागि भन्ने एवं निवेदकको मनोनयन पत्रमा बढीमा चार वर्षको लागि भनी उल्लेख भएको व्यहोरा निवेदकले स्वीकार गरी बसेको देखिन्छ। निजलाई उक्त व्यवस्था स्वीकार्य थिएन भने निर्देशिकाबमोजिमको पदावधि किटान गरी मनोनयन पाउनु पर्नेमा नदिएको/नपाएको भनी निज निवेदकलाई मनोनयन गर्दाका बखत उठाएको, मनोनयनलाई अस्वीकार गरेको, संशोधन, गराएको र सोही विषयमा कहीँ उजूर गरेको भन्ने निवेदनमा खुलाएको पाइँदैन। निवेदकले उक्त समितिको उपाध्यक्ष पदमा मनोनयन हुँदाका बखत निर्देशिका बमोजिम चार वर्षको पदावधि किटान नभै बढीमा चार वर्षको लागि भनी शर्तयुक्त पदावधिलाई मनोनयन हुँकाका बखत स्वीकार गरेकोमा अहिले आएर विवाद गर्नुको कुनै औचित्यता रहन नआउने।

इजलास अधिकृत: रमेशप्रसाद रिजाल

इति संवत् २०६८ साल बैशाख ४ गते रोज १ शुभम्।

- यसै प्रकृतिको ०६६-WO-०२६४, उत्प्रेषण तथा परमादेशको आदेश जारी गरिपाऊँ, *इमान सिँ लामा वि. नेपाल सरकार, स्थानीय विकास मन्त्रालय समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

४

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री अवधेशकुमार यादव,** ०६६-CI-०१४८, ल्याब टेक्निसियनको रूपमा वि लेभलमा नाम दर्ता गराई पाऊँ, *नेपाल स्वास्थ्य व्यवसायी परिषद् समेत वि. शोभाचन्द्र मिश्र*

प्रमाणपत्र तहका शैक्षिक योग्यता हासिल नगरेकी एक जनालाई द्वित्तीय तहमा दर्ता गरिएको यस स्थितिमा निवेदक शोभाचन्द्र मिश्रलाई किन द्वित्तीय तहमा समावेश नगर्ने हो भन्ने सम्बन्धमा नेपाल स्वस्थ्य व्यवसायी परिषद्को २०६४।८।२५ को निर्णयमा कुनै विवेचना एवं विश्लेषण गरिएको पाइएन। निवेदक शोभाचन्द्रले २ वर्ष अवधिको तालिमप्राप्त गरेको जिकीर लिएको सन्दर्भमा सो तालिमको समकक्ष (स्तर) निर्धारणका सम्बन्धमा सबै दरखास्तवालाको हकमा समानताको व्यवहार सुनिश्चित हुने गरी निर्णय गरिनु

पर्दछ र पुनरावेदकले विपक्षीलाई सोबाट बाहेक गर्न नमिल्ने हुँदा नेपाल स्वास्थ्य व्यवसायी परिषद्को २०६४।८।२५ को निर्णय समानताको व्यवहार सुनिश्चित नगरी भएकोले बदर हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६७ साल चैत ६ गते रोज १ शुभम् ।

५

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** २०६६-WO-०४२२, परमादेश, *नविन्द्रराज जोशी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकले फोहोर मैला निवेदन परेको अवस्थामा कायम नरहेको भन्ने भए पनि लिखित जवाफ परेपछि पनि पटक-पटक फोहोर मैलाको समस्या आएको र आज रिट निवेदनको सुनुवाई हुनु पूर्व केही दिन अघि पनि समस्या आएको छलफलमा उठेको र इजलासलाई पनि अनुभूति भएको विषय हो । यसैले निवेदकले दावी गरेको फोहोर मैला उठी सकेकाले रिटको सान्दर्भिकता नै समाप्त भैसकेको भनी विपक्षीको जिकीरबमोजिम अर्थ गर्न नमिल्ने देखिँदा दीर्घकालीन रूपमा समाधान हुनुपर्ने फोहोरमैलाको व्यवस्थापनको विषयसँग सम्बन्धित सार्वजनिक सरोकारसँग सन्निहित भएको प्रस्तुत रिट निवेदनको औचित्यतामा प्रवेश गरी अदालतले निर्णय दिनुपर्ने ।

नगरमा जम्मा हुने फोहोर मैलाले वातावरण स्वच्छ राख्न बाधक रहेको र यसले सर्वसाधारणको जनस्वास्थ्यमा प्रतिकूल असर पार्नेमा द्विविधा नरहेको स्थितिमा प्रत्यक्षतः सर्वसाधारणसँग सरोकार राख्ने विषयका सम्बन्धमा राज्यका सम्पूर्ण अङ्गहरूको र स्वयं अदालतको पनि चासो रहन जाने हुन्छ त्यसलाई स्वाभाविक रूपमा लिनुपर्छ । त्यसले आजकल सार्वजनिक सरोकारको विषयका सम्बन्धमा नवीन धारणा विकसित भएको छ कि सार्वजनिक सरोकारको विवादमा अन्य मुद्दाहरूको प्रकृति जस्तो प्रतिद्वन्द्वात्मक चरित्र हुँदैन । यसमा निवेदक, विपक्षी र अदालतको पनि सार्वजनिक हितलाई बढावा दिने उद्देश्य अन्तर्निहीत रहेको हुन्छ । त्यसैले सर्वसाधारणलाई असर पार्ने कार्यका सम्बन्धमा राज्य र यसका अवयवहरू आफूलाई निर्दिष्ट गरिएका संवैधानिक र कानूनी कर्तव्यको परिपालनामा गम्भीर हुनै पर्ने ।

स्थानीय स्वायत्त शासन ऐनअनुसार फोहोरमैलाको व्यवस्थापन सम्बन्धमा स्थानीय निकायले आपसी समभदारीद्वारा निष्कर्षमा पुगी सहमति हुनुपर्नेमा यस्तो हुन नसकेकोबाट फोहोमैलाको व्यवस्थापनको समस्या सिर्जना भएको देखिँदा यसमा विपक्षी काठमाडौं महानगरपालिका र ललितपुर उपमहानगरपालिकाले निश्चित् रूपमा आवश्यक पहल गर्नुपर्ने देखिन्छ । यस्तो सर्वसाधारण जनताको स्वास्थ्य र वातावरण साथै राज्यको पहिचानसँग जोडिएको राजधानीको फोहोरमैलाको उचित व्यवस्थापन गर्न यति घण्टा, दिन र महिना भनी किटान गर्न उचित नहुने हुँदा जति सक्दो चाँडो स्थानीय स्वायत्त शासन ऐन समेतले तोकेको काम, कर्तव्य र अधिकारबमोजिम कार्य गरी आगामी दिनमा यस्तो समस्या नरहनेतर्फ युद्धस्तरमा कारवाही गर्न विपक्षीहरूका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६७ साल भदौ २४ गते रोज ५ शुभम् ।

६

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६५ सालको CR-०४७९, वैदेशिक रोजगार, *नरेशमान डंगोल वि. नेपाल सरकार*

जाहेरवालाका बाबु र प्रतिवादी दाजुभाई नाताका व्यक्ति भै साझेदारीमा कम्पनी दर्ता गरी व्यवहार समेत हुने गरेकोमा वैदेशिक रोजगारमा पठाउने भनी प्रतिवादीले रकम लिई कागज गरिदिएको देखिँदा जाहेरवालाले प्रतिवादीबाट लिखतबमोजिमको साँवा रू. १४,००,०००।- (चौध लाख) र कानूनबमोजिमको ब्याज भराई पाउने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः बिपनादेवी मल्ल

इति संवत् २०६८ साल असार १३ गते रोज १ शुभम् ।

- यसै लगाउको २०६७ सालको CR-६१५, करकाप, *नरेशमान डंगोल वि. सविता शाक्य समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

७

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६७-CI-०७१३, करारबमोजिम गरिपाऊँ, *नरेशमान डंगोल वि. सविता शाक्य*

मिति २०६०।९।२९ को करारको उल्लिखित कम्पनीको ऋणबापत भनी प्रतिवादीले मिति २०६१।९।२८ र २०६१।९।२९ मा विभिन्न शीर्षकअन्तर्गत रू. २८,०९,३११।६८ राष्ट्रिय वाणिज्य बैक कीर्तिपुरमा बुझाएको जिकीरलाई वादीले अन्यथा हो भन्न नसकेको अवस्थामा करारअनुसारको बैंकमा बुझउनु पर्ने ऋण प्रतिवादीले तिरे बुझाएको देखिन आउँछ। उर्मीला जोशीसँग लिएको ऋण कम्पनीको लागि लिएको हो। करारबमोजिम प्रतिवादीले तिर्न बुझाउन पर्ने हो भनी वादीले प्रमाण पेश गरी पुष्टि गर्न सक्नुपर्छ तर यहाँ वादीबाट सो प्रमाण पुऱ्याउन पर्ने भारको दायित्व पूरा गरी प्रमाणित गर्न सकेको देखिन आउँदैन। करारबमोजिम बैंकको ऋण तिरो बुझाएकोमा विवाद नरहेबाट वादीको दावीबमोजिमको दायित्व प्रतिवादीले पालना नगरेको भनी मान्न नमिल्ने।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल असार १३ गते रोज १ शुभम्।

८

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री कमलनारायण दास,** २०६३-CI-११९८, दर्ता बदर दर्ता कायम, *लक्ष्मी यादव वि. जसोलाल यादव समेत*

साविक मुलुकी ऐन, अपुतालीको २ नं. ले पनि छोरी हुँदाहुँदै सम्पूर्ण अपुताली भिन्न भएका हकदारले पाउन सक्ने व्यवस्था नभएको परिप्रेक्ष्यमा यदि सम्पूर्ण अपुतालीमा आफ्नो हक हुने र साविक हक दर्ता स्रेस्ता नै आफ्नो नामको भए ३।४ भागमा मात्र दावी लिई वादीले फिराद गर्नुपर्ने स्थिति नहुने भएकाले अपुतालीमा सम्पूर्ण हक आफ्नो रहने भन्ने वादीको दावी कानूनसम्मत नदेखिने।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६७ साल चैत १३ गते रोज १ शुभम्।

९

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री कमलनारायण दास,** २०६२-CI-८६९०, जग्गा हक कायम दर्ता, *लीलादत्त बराल समेत वि. गंगादेवी बराल*

मेरो अंश र अपुतालीबाट हक हुन आएका कि.नं. ४०४ समेतका जग्गा प्रतिवादीका नाउँमा दर्ता रहेकाले सो बदर गरी हक कायम गरिपाऊँ भन्ने मुख्य वादी दावी रहेकोमा ठूली नन्दकलाको अपुताली खाने हकवाला वादी नठहर्ने भनी सर्वोच्च अदालतबाट मिति २०४९।११।२५ मा भएको फैसलाले स्पष्ट रूपमा बोलेकोले ठूली नन्दकलाको सम्पत्तिमा अदालतको फैसलाअनुसार वादीको हक पुग्ने अवस्था देखिँदैन। पिता पूर्णभद्रको दर्ताबाट भिडेको जग्गा भएको भन्ने वादी जिकीर सम्बन्धमा हेर्दा वादीका पिता पूर्णभद्र जग्गाको जिम्मावालसम्म रहेको देखिन्छ। वादीका पिताका नाममा दर्तासँग भिड्ने छुट्टै जग्गाहरू मौकामा नै नापजाँच गराउन सक्नु पर्नेमा विवादित जग्गा किन दर्ता गराउन नसकेको हो भन्ने सम्बन्धमा आधार कारण खुलाउन सकेको पाइएन। प्रतिवादीले ससुरा कुलप्रसादको दर्ताको जग्गाबाट अंश हक हुन आएको जिकीर लिएकोमा उक्त जग्गाको तिरो कुलप्रसादको नाउँबाट तिरेको रसीद प्रमाणबाट देखिनुको साथै सोही जग्गा मौकामा नापजाँच गराई प्रतिवादीले मौकामा दर्ता गराएका भन्ने देखिन आएकोले वादीको पुनरावेदन जिकीर पुग्न नसक्ने।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६७ साल चैत १३ गते रोज १ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६२-CI-८६८७, जग्गा हक कायम दर्ता, *लीलादत्त बराल समेत वि.मु.स. गर्ने गंगादेवी पौडेल*
- २०६२-CI-८६८८, जग्गा हक कायम दर्ता, *लीलादत्त बराल समेत वि.मु.स. गर्ने सुरेन्द्र बराल*
- २०६२-CI-८६८९, जग्गा हक कायम दर्ता, *लीलादत्त बराल समेत वि.मु.स. गर्ने शेरबहादुर भुजेल*
- २०६२-CI-८६९१, जग्गा हक कायम दर्ता, *लीलादत्त बराल समेत वि.मु.स. गर्ने सूर्यनाथ बराल*
- २०६२-CI-८६९२, नामसारी लिखत बदर, *लीलादत्त बराल समेत वि.मु.स. गर्ने राधादेवी पराजुली*

## इजलास नं. ४

१

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** ०६७-WO-१३६१, उत्प्रेषण परमादेश, *मधुसुदन पाठक समेत वि. विश्वप्रसाद अधिकारी समेत*

विद्यालयको सञ्चालन, रेखदेख, र व्यवस्थापनको लागि प्रचलित कानूनबमोजिम विद्यालय व्यवस्थापन समितिको गठन गर्नुपर्ने हुँदा कानूनको उचित प्रक्रिया पूरा नगरी वा कानूनद्वारा निर्धारित योग्यता तथा शर्तको परिपालन नगरी गठन गरिएको विद्यालय व्यवस्थापन समितिले वैधता पाउन नसक्ने ।

अवैधानिक रूपमा गठन भएको वा तोकिएबमोजिम योग्यता नभएको विद्यालय व्यवस्थापन समितिले गर्ने कार्य अधिकारविहीन समेत हुन जाने ।

इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६८ साल असार १५ गते रोज ५ शुभम् ।

२

**मा.न्या. श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री तर्कराज भट्ट,** ०६५-CI-०६६७, निषेधाज्ञा, *टंकप्रसाद पोखरेल वि. जीवन नेपाल समेत*

कुनै कर कानूनको अख्तियार बिना लगाइने वा असूल गरिने छैन भन्ने नागरिक अधिकार ऐन, २०१२ को दफा ८ मा कानूनी व्यवस्था भएको र आर्थिक अध्यादेश, २०६२ को अनुसूची १ को दफा १२ को उपदफा ३ को देहाय (ङ) बमोजिम विदेशबाट माल लादी ल्याउने विदेशी ट्रक, ट्रेलर आदिबाट ७२ घण्टासम्मका लागि शुल्क दस्तूर लिन नमिल्नेमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २९ र ३० अनुसारको अस्थायी अनुमति पत्र महसुल लिन नमिल्ने ।

इजलास अधिकृतः पुष्पराज थपलिया
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६८ साल जेठ २९ गते रोज १ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री ताहिर अली अन्सारी,** २०६४ सालको WO-०८१६, उत्प्रेषण, *शंकरप्रसाद नेपाल वि.सरिता नेपाल समेत*

कसैले स्वआर्जन वा निजी आर्जन गरेको सम्पत्ति आफू सरहका अंशियारहरूको बीचमा बण्डा नलाग्ने कानूनी व्यवस्था हो । आमाको स्वआर्जन आमाको जीवनभर अन्य अंशियारहरूलाई बण्डा लाग्दैन । तर आमाको मृत्युपश्चात् उक्त स्वआर्जनबाट प्राप्त गरेको सम्पत्ति निजको नजिकको हकवालाले पाउने ।

जुन जग्गाको बण्डा छुट्ट्याउने कार्य रीतपूर्वक नभई त्रुटिपूर्ण भयो भनी बदर माग दावी लिई यस अदालतमा रिट दायर गर्नु भएको थियो, सोही जग्गाको बण्डा लगाउन निवेदक स्वयं मञ्जूर भै मिलापत्र भएको देखिँदा निवेदकको जिकीर यथावत रहेको छ भनी मान्न मिलेन । आफूले लिएको जिकीर एवं दावी पुष्टि गर्नुपर्ने कर्तव्य सम्बन्धित जिकीर एवं दावी लिने व्यक्तिमा नै हुन्छ । आफूले लिएको दावीलाई पुष्टि गराउन अदालतसमक्ष बहस पैरवीमा समेत उपस्थित नहुने तथा दावी खण्डित हुने गरी तल्लो अदालतमा मिलापत्र गरिसकेको अवस्थामा निवेदकको माग यथावत् रहेको छ भनी यो सम्बन्धमा अरू बढी विवेचना गरिरहन आवश्यक नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः बिमल पौडेल
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६७ साल पुस २९ गते रोज ५ शुभम् ।

२

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** ०६६-WO-०९२३, उत्प्रेषणयुक्त परमादेश, *देवेन्द्रराज शर्मा वि. न्याय परिषद् सचिवालय, रामशाहपथ समेत*

निवेदकको नागरिकताका सम्बन्धमा पेश भएको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि उतारमा निज निवेदकको जन्म मितिका सम्बन्धमा मिति २०२८।१२।२४ का दिन निजको उमेर २५ वर्षको भनी प्रतिलिपि उतारको छायाँकपीबाट देखिन आउँछ । अघिल्लो नागरिकता पेश भैरहेकोमा सोको व्यहोरा परिवर्तन हुनसक्ने अवस्था देखिँदैन । सो २०२८।१२।२४ गतेका दिन जारी भएको नागरिकताका सम्बन्धमा निवेदकले कुनै विवाद समेत उठाएको देखिँदैन । उक्त नागरिकताको अस्तित्वका सम्बन्धमा विवाद नभएको यस्तो अवस्थामा सोही आधारमा अवकाशको उमेर कायम गरी भएको न्यायपरिषद् सचिवालयको निर्णयलाई तथ्यहीन र कानूनसंगत नभएको भनी भन्न नमिल्ने ।

अघिल्लो नागरिकता पेश भै सोको व्यहोरा परिवर्तन हुन सक्ने अवस्था समेत नरहेको, सो नागरिकताको अस्तित्वमा विवाद नजनिएको यस्तो अवस्थामा उक्त मिति २०२८।१२।२४ मा जारी भएको नागरिकताको आधारमा विपक्षी न्यायपरिषद् सचिवालयबाट निवेदकलाई अवकाश उमेर कायम गरी दिइएको अवकाश र सोको कामकारवाही कानूनसम्मत देखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल जेठ ६ गते रोज ६ शुभम् ।

३

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** ०६४-WO-०३७२, उत्प्रेषणयुक्त परमादेश, *सरस्वती वाटी वि. माननीय मन्त्री तथा समाज कल्याण परिषद्का अध्यक्ष, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय समेत*

रिट निवेदकले दावी लिएको बाँकी पदावधि मिति २०६७।५।५ सम्म निजको कार्यकाल बाँकी रहेको भन्ने मुख्य दावी देखिएको र उक्त बाँकी रहेको कार्यकाल समेत हाल व्यतीत भैसकेको देखियो । पदावधि नै बाँकी नरही व्यतीत भैसकेको यस्तो अवस्थामा निवेदकले दावी लिएबमोजिमको आदेश जारी गरिरहन निरर्थक समेत हुने हुँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल जेठ ६ गते रोज ६ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०६४-WO-०३६९, उत्प्रेषणयुक्त परमादेश, *अमृत राई वि. माननीय मन्त्री तथा समाज कल्याण परिषद्का अध्यक्ष, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय समेत*
- ०६४-WO-०३७०, उत्प्रेषणयुक्त परमादेश, *भोला अधिकारी वि. माननीय मन्त्री तथा समाज कल्याण परिषद्का अध्यक्ष, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय समेत*
- ०६४-WO-०३७१, उत्प्रेषण समेत, *ममता गिरी वि. माननीय मन्त्री तथा समाज कल्याण परिषद्का अध्यक्ष, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय समेत*

४

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री प्रेम शर्मा,** २०६४ सालको CR-०२८२, जवर्जस्ती करणी उद्योग, *नेपाल सरकार वि. जंगबहादुर सारू*

पीडितले अनुसन्धानका क्रममा प्रतिवादीले मलाई जवर्जस्ती करणी गरेका हुन् भनी लेखाएको तर अदालतमा बयान गर्ने क्रममा जवर्जस्ती करणी गर्न कोठाभित्र लगेकोमा मैले इन्कार गरेपछि आफैं कोठाबाट बाहिर निस्किएर गएका जवर्जस्ती करणी गरेको भने होइन भनी लेखाएको देखिँदा पीडितको भनाइ तथा जाहेरवालीको भनाई फरक-फरक देखिन आयो । प्रतिवादी अधिकारप्राप्त अधिकारीसमक्ष सावित रहेको भनिए तापनि पीडितको यौनिक परीक्षण गर्दा कुनै वीर्य, दाग फेला नपरेको र शारीरिक जाँच गर्दा कुनै संघर्षको चिन्ह नभएको, योनीभित्र कुनै किसिमको रक्तस्राव नभएको तथा Vaginal Swab चेकजाँच गर्दा शुक्रकीट फेला नपरेको भनी No evidence of any signs भनी परीक्षण प्रतिवेदनबाट देखिँदा पीडितउपर जवर्जस्ती करणी भएको भन्ने पुष्टि हुन नसक्ने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६७ साल मंसिर १२ गते रोज १ शुभम् ।

५

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६६ सालको WH-००५३, बन्दीप्रत्यक्षीकरण, *मुकेशकुमार कलवार समेत वि. जिल्ला प्रशासन कार्यालय वीरगञ्ज पर्सा समेत*

निवेदक मुकेशकुमार कलवार मिति २०६२।११।२ मा डाँका मुद्दामा पक्राउ परेको र सो पक्राउपश्चात् निज हालसम्म थुनामा नै रहेको देखिन्छ । निजलाई लागेका विभिन्न अभियोगमध्येका पर्सा जिल्ला अदालतमा दायर रहेको डाँका मुद्दा र बारा जिल्ला अदालतमा दायर रहेको डाँका मुद्दामा बारा जिल्ला अदालतबाट २०६४।६।६ मा फैसला हुँदा डाँकाको कसूर वारदात नठहरिई जवर्जस्ती चोरी गरेको ठहऱ्याई डेढ महिना कैद र रू. ६७,५००।- जरीवाना भएको र पर्सा जिल्ला अदालतबाट पनि डाँका मुद्दामा २०६६।३।२९ मा फैसला हुँदा जवर्जस्ती चोरीको कसूर ठहऱ्याई

फैसला भएको हुँदा त्यस्तो जवर्जस्ती चोरीको कसूर कायम भएपछि लागेको जरीवानाबापत समेत कैद नै गर्नु पर्ने मुलुकी ऐन, चोरीको महलको १४(२) मा स्पष्ट कानूनी व्यवस्था रहेको देखिन्छ । जसअन्तर्गत यी निवेदकलाई पृथक-पृथक अदालतबाट पृथक-पृथक मितिमा फैसला भएको ती फैसलाबमोजिम कैद लगत ठेकिएको कार्यलाई गैरकानूनी भन्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६७ साल मंसिर १६ गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको २०६६ सालको WO-०९१४,उत्प्रेषण परमादेश, *मुकेशकुमार कलवार वि. जिल्ला प्रशासन कार्यालय, वीरगञ्ज पर्सा समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

६

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६४ सालको CI-०७३४, लेनदेन, *वीरेन्द्र श्रेष्ठ वि. कृष्ण महर्जन*

पुनरावेदकले आफ्नो दायित्व पूरा नगरेको र लिखतमा लागेको सहीछापलाई स्वीकार गरिरहेको एवं लिखतमा प्रतिवादीले घर खर्च गर्न भनी एक वर्षको भाखा राखी वादीसँग रू. २,२०,०००।- कर्जा लिई रीतपूर्वक कपाली तमसुक गरेको विशेषज्ञले दिएको राय समेतबाट पुष्टि भइरहेको अवस्थामा वादीले प्रतिवादीबाट लिखतबमोजिम साँवा रकम भराई पाउने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६७ साल मंसिर १६ गते रोज ५ शुभम् ।

७

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६५ सालको MS-०००१, अदालतको अपहेलना, *गोविन्दबहादुर राना मगर वि. निजामती किताबखाना समेत*

अदालतको अपहेलना हुन अदालतबाट भएको फैसला वा आदेशलाई अटेर गरी नमानी अवज्ञा गरेको भएमा मात्र अपहेलना गरेको हुन्छ र यस्तो फैसला वा आदेशको अवज्ञा गर्नेलाई कानूनबमोजिम सजाय गराउन सक्ने हुन्छ । तर प्रस्तुत निवेदनमा निवेदकले जुन आदेशको अपहेलना भयो भनी दावी गरेको हो त्यो आदेश नै कायम रहन नसक्ने भै खारेज भइसकेको अवस्था छ । एक न्यायाधीशको इजलासबाट पहिले जारी भएको अन्तरिम आदेश परिवर्तन भई खारेज भइसकेको आदेशलाई विपक्षीहरूले अवज्ञा गरेको नभई निवेदक स्वयंले आफ्नो मुद्दाको बारेमा अनभिज्ञ रही वा भइरहेको आदेशलाई गुमराहमा राखी वा सफा हात लिई अदालतमा निवेदन दिन आएको नदेखिएको यस्तो स्थितिमा विपक्षीहरूले अदालतको आदेशको अपहेलना गरेको भन्ने नदेखिँदा निवेदन दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६७ साल मंसिर १६ गते रोज ५ शुभम् ।

८

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री सुशीला कार्की,** २०६४ सालको रिट नं. ०२७३, उत्प्रेषण, *राजीव सिँह वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका समेत*

निवेदक एवं विपक्षी गौरी मण्डल समेत सँग कुनै लिखत लिन दिन भएको सो कार्य दुई पक्ष बीचको निजी विषय हुने र त्यसका विरूद्धमा प्रचलित कानूनबमोजिम उपचार खोज्न सक्ने नै देखिन्छ । प्रहरी हिरासतमा राखिएको भन्ने निवेदकको भनाई रहे भए पनि प्रहरी हिरासतमा राखिएको भन्ने तथ्य स्थापित गराउन सक्नुपर्ने दायित्व निवेदकमा नै हुन्छ । तर निजले प्रहरी हिरासतमा राखिएको भन्ने कुनै कुराको प्रमाण गुजार्न नसकेकोले प्रमाणको अभावमा हिरासतमा राखिएको भन्न सकिँदैन । प्रहरी हिरासतमा नै नराखिएको यस्तो स्थितिमा निवेदकलाई प्रहरी हिरासतमा राखी कागज गराएको भनी अर्थ गर्न मिलेन । प्रहरी हिरासतमा राखी कागज गराएको कुरा प्रमाणित भएमा त्यस्तो कागजले कानूनी मान्यता पाउने स्थिति पनि नरहने हुनाले निवेदन मागबमोजिम विवादित कागजहरू गराएको भनी बदर गर्न र निवेदकलाई थुनामा राख्ने काम नगर्नु भन्ने जस्ता कुनै आदेश जारी गर्नुपर्ने स्थिति विद्यमान नरहेकोले निवेदन खारेज हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल कात्तिक १७ गते रोज ४ शुभम् ।

९

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री सुशीला कार्की,** २०६३ सालको CR-०३४२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मीनकुमार सुनार*

ज्यानसम्बन्धी महलको १३(३) नं. आकर्षित हुन प्रतिवादीको आपराधिक मनसाय आवश्यक देखिन्छ भने १४ नं. को व्यवस्थामा प्रतिवादीको आपराधिक मनसाय हुन आवश्यक देखिँदैन । यदि कसैले मनसाय राखी कुनै कार्य गर्दा सो कार्यबाट कसैको मृत्यु हुन गएमा त्यस्तो अवस्थामा अपराध जो कोहीले गरेको भए पनि ज्यानसम्बन्धीको महलको १३ नं को व्यवस्थाबमोजिम नै सजाय हुनुपर्ने देखिन्छ । ज्यानसम्बन्धी महलको १४ नं. आकर्षित हुन प्रतिवादीको आपराधिक मनसाय शून्यमा रहनु पर्दछ । केवल तत्काल उठेको रिस थाम्न नसकी जोखिमी हतियार प्रयोग नगरी गरिएको सामान्य कार्यको परिणामस्वरूप कसैको मृत्यु भएको अवस्थामा मात्र यो नम्बर आकर्षित हुन सक्ने ।

इजलास अधिकृतः बिमल पौडेल
कम्प्युटरः भवानी ढुंगाना
इति संवत् २०६७ साल मंसिर २७ गते रोज २ शुभम् ।

१०

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** ०६७-WO-०७६४, उत्प्रेषण, परमादेश, *राजकुमार सिँह वि. साझा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड, क्षेत्रपाटी, काठमाडौं समेत*

कानूनले स्पष्ट पदावधि नतोकेको अवस्थामा नेपाल कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा १६ बमोजिम नियुक्त गर्ने अधिकारमा सस्पेन्ड र बरखास्त गर्ने अधिकार समेत सामेल रहे भएको मान्नुपर्ने हुन्छ । जसअनुसार साझा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेडको सञ्चालक समितिको ५२६ औं बैठकद्वारा कानूनमा निश्चित् पदावधि नतोकिएको महाप्रवन्धक पदमा नियुक्त यी निवेदकलाई सोही संस्थाको सञ्चालक समितिको ५४९ औं बैठकद्वारा हटाउन नसक्ने भनी निरपेक्ष रूपमा मान्न सक्ने देखिँदैन । यस्तो स्थितिमा महाप्रवन्धक पदमा नियुक्ति मितिले ४(चार) वर्ष निर्विवाद रूपमा आफूले कामकाज गर्न पाउनु पर्दछ भन्न नमिल्ने ।

इजलास अधिकृतः पुष्पराज थपलिया
इति संवत् २०६८ साल जेठ २२ गते रोज १ शुभम् ।

११

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री भरतराज उप्रेती,** २०६७-WO-०२१२, उत्प्रेषण, परमादेश समेत, *भवानी (खत्री) के.सी. समेत वि. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय समेत*

महिला विकास समिति र त्यसअन्तर्गतको महिला सीप विकास केन्द्रलाई मिति २०६५।११।२६ को राजपत्रमा प्रकाशित सूचनाद्वारा विघटन गरी सोही मितिदेखि लागू हुने गरी सेवाबाट अवकाश दिने गरी नेपाल सरकार, मन्त्रिपरिषद्बाट भएको मिति २०६७।३।२५ को निर्णय एवं महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको मिति २०६७।३।२७ को पत्र समेत भूतलक्षी असर (Restropective Effect) भई निवेदकहरूले विघटित महिला सीप विकास समिति र त्यसअन्तर्गतको महिला सीप विकास केन्द्रमा कार्य गरेबापत प्रचलित कानूनअनुसार प्राप्त हुने तलब, भत्तालगायतका सम्पूर्ण रकम प्राप्त गर्ने हक अधिकारबाट बञ्चित हुने अवस्था देखिएकाले सो हदसम्म उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

निवेदकहरू मिति २०६५।११।२६ देखि २०६७।३।२७ सम्म नेपाल सरकारले तोकेको कार्यलयमा रूजु हाजिर रहनुका साथै यस अदालतको २०६७।५।१५ को अन्तरिम आदेश समेतबाट अनवरत रूपमा कार्यरत् रहेको देखिँदा निवेदकहरूले प्रचलित कानूनबमोजिम पाउने तलब, भत्तालगायतका सम्पूर्ण रकम उपलब्ध गराउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृतः हरि कोइराला
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६८ जेठ १७ गते रोज ३ शुभम् ।

१२

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री भरतराज उप्रेती,** २०६६ सालको WO-०२६५, परमादेश समेत, *विकास सेन वि. नेपाल सरकार, रक्षा मन्त्रालय समेत*

निवेदकले सैनिक ऐन र नियमावलीविपरीत कुनै कार्य गरेमा निजलाई सैनिक ऐन र नियमावलीअनुरूपका कानूनी कारवाही गर्नसक्ने कानूनी अधिकार विपक्षीलाई भएकोमा अन्यथा हुन सक्ने होइन । तर आफूसमक्ष प्राप्त राजीनामा वा बिदाका सम्बन्धमा न्यूनतम् कारवाही सम्पन्न गरी सोको सूचना निवेदकलाई

दिनुपर्ने दायित्व विपक्षीको रहे भएकोमा विपक्षीद्वारा सो कार्य सम्पन्न नगरी वा सोको अनदेखा गरी हठात् कारवाही गर्नुको औचित्य देखिन्न । अतः निवेदकले पेश गरेको राजीनामाका सम्बन्धमा भएको कामकारवाहीका सम्बन्धमा जो जे प्रक्रिया पूरा गर्नुपर्ने हो सो प्रक्रिया पूरा गरी निर्णयको सूचना निवेदकलाई दिनुपर्ने देखिँदा निर्णयको सूचना निवेदकलाई दिनु भनी सो हदसम्म विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः रमेश ज्ञवाली

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल माघ १० गते रोज २ शुभम् ।

१३

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री भरतराज उप्रेती,** २०६५-WO-०१९२, परमादेश, *रूद्रप्रसाद गौतम समेत वि. ललितपुर उपमहानगरपालिकाको कार्यालय*

ऐन नियमले नै स्पष्टसँग पद मिलान हुने भनी व्यवस्था गरेको अवस्थामा सोबमोजिमको कार्यान्वयन गर्ने जिम्मेवारी पाएको विपक्षी ललितपुर उपमहानगरपालिकाले आफ्नो कानूनी कर्तव्य पालन गरेको पाइएन । कुनै सार्वजनिक निकाय वा पदाधिकारीले आफ्नो कानूनबमोजिमको कर्तव्य पालन नगरेमा वा गर्न इन्कार गरेमा नै सर्वोच्च न्यायिक निकायले त्यस्ता निकाय वा पदाधिकारीलाई आफ्नो कानूनबमोजिमको कर्तव्य पालन गर्नु, गराउनु भनी परमादेशको रिट जारी गर्ने ।

स्थानीय स्वायत्त शासन नियमावली, २०५६ बमोजिम यतिको लामो अवधिसम्म निवेदकहरूको पदको तह मिलान गर्ने कार्य नगरी आफ्नो कानूनी कर्तव्य पूरा गरेको नदेखिएकोले अधिकृत स्तर तृतीय श्रेणीमा यी निवेदकहरूलाई उक्त नियमावलीले गरेको व्यवस्थाबमोजिम शीघ्र तह मिलान गर्नु भनी विपक्षी ललितपुर उपमहानगरपालिकाको नाममा निवेदकको मागबमोजिम परमादेश जारी हुने ।

इजलास अधिकृतः पुष्पराज थपलिया

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल जेठ २५ गते रोज ४ शुभम् ।

- यसै प्रकृतिको ०६५-WO-०१७९, परमादेश, *बाबुराजा महर्जन समेत वि. ललितपुर उपमहानगरपालिकाको कार्यालय समेत* भएको मुद्दामा यसैअनुसार आदेश भएको छ ।

१४

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** ०६३ सालको ०६३-CR-५३५, भ्रष्टाचार, *नेपाल सरकार वि. बिमल भट्टराई*

विवादित चेकभन्दा अघि र पछिका चेकसम्बन्धी काम प्रतिवादीले गरेको भन्ने आधारमा यी प्रतिवादीले नै विवादित चेकको दुरूपयोग गरेको भनी शंकाको भरमा यी प्रत्यर्थी प्रतिवादीमाथि कसूर थोपर्न नमिल्ने ।

विवादित चेक प्रतिवादीले काटेको भन्ने स्पष्ट आधार कसैले देखाउन सकेको पाइदैन । विवादित चेकको भौचर निज प्रतिवादीले नै उठाएको एवं सो चेक जिम्मा लिएको भन्ने पनि देखिँदैन । चेकमा भएको हस्ताक्षर खाता सञ्चालकहरूको हस्ताक्षरसँग मिले भिडेको समेत देखिँदैन । प्रतिवादी बिमल भट्टराईउपर कसैको पोल समेत नपरेको अवस्थामा भौचर उठाउने, सही गराउने र दस्तखतका लागि खाता सञ्चालकसमक्ष पेश गर्ने गरिरहेका यी प्रतिवादीको कार्यलाई नै आधार बनाई निजले नै उक्त विवादित चेकबाट रकम निकाली दुरूपयोग गरेको एवं सो दुरूपयोग गर्नमा प्रतिवादीको नियत रहेको भनी शंकाकै भरमा निष्कर्ष निकाल्न मिल्ने भएन । निष्कर्ष प्रमाणको आधारमा निकालिने विषय हो यो कुनै शंका र मनोगत भावनालाई आधार मानी न्यायिक निष्कर्ष निकाल्न नसकिने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल माघ १७ गते रोज २ शुभम् ।

१५

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६२ सालको CR-३६१३, डाँका, *नेपाल सरकार वि. नथुनी कापर केवट समेत*

जाहेरवालाले जति जना भै डाँका गरेको भने पनि ४ जनाभन्दा बढी वारदातस्थलमा उपस्थित भएको भनी नाम किटान गर्न नसकेको एवं वादी पक्षले नै ४ जनाभन्दा बढी वारदातस्थलमा थिए भनी खुलाउन नसकेको अवस्थामा जाहेरीमा लेखाएको भरले मात्रै जाहेरीमा उल्लेख भएका संख्या नै कायम भएको र सोमध्येका प्रतिवादीहरू हुन् भनी अनुमान गर्न मिल्ने भएन । ४ जना बढी भै डाँका गरेको भन्ने तथ्य नै सर्वप्रथम स्थापित गरी त्यसमध्ये को को संलग्न भै

वारदात गरे भनी किटानी गरी सजायको माग दावी गर्न सक्नु पर्नेमा सो समेत वादी पक्षबाट यकीन गर्न सकेको नदेखिँदा जाहेरीमा उल्लेख भएकै संख्यालाई आधार मानी डाँकाको कसूर स्थापित गरी डाँकातर्फ सजाय गर्न समेत न्यायोचित नहुने ।
इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६७ साल माघ १७ गते रोज २ शुभम् ।

१६

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री तर्कराज भट्ट,** २०६७ सालको WH-००७३, बन्दीप्रत्यक्षीकरण, *Peter Wleh Reeves वि. गृह मन्त्रालय, अध्यागमन विभाग*

निवेदक भीषाबापतको रकम र सोबापतको जरीवाना रकम समेत तिर्न बुझाउन नसकी थुनामा बसेको देखिन्छ । उक्त बिगो र जरीवाना रकम तिर्न नसकी थुनामा बसेको देखिएको र थुनाको अवधि कानूनविपरीत व्यतीत गरेको भन्ने समेत नदेखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।
इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६८ साल जेठ १३ गते रोज ६ शुभम् ।

१७

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६५-WO-०९७९, उत्प्रेषण, परमादेश, *बद्रीनारायण यादव वि. जिल्ला शिक्षा समिति, सिरहा समेत*

जिल्ला शिक्षा समितिको २०६६।३।११ गतेको निर्णयबाट जिल्ला शिक्षा समितिबाट गठित छानबीन समितिले बालासुन्दरी माध्यमिक विद्यालय भगवानपुर विद्यालय व्यवस्थापन छनौट समिति गठन गर्ने गरी २०६५।५।२० को निर्णयलाई सदर गरेको अवस्था समेत मिसिल संलग्न जिल्ला शिक्षा समितिको प्रमाणित प्रतिलिपिबाट देखिन्छ । विद्यालयले व्यवस्थापन समितिको छनौटको लागि २०६५।५।२० मा उपस्थित अभिभावक भेलाको बहुमतबाट निर्णय भै उक्त निर्णयमा उपस्थित अभिभावकहरूबाट सहीछाप समेत गरेको मिसिलबाट देखिएको अवस्थामा अधिकांश अभिभावकहरूको सहीछाप नभएको भन्ने निवेदन जिकीर तथ्यमा आधारित देखिन नआउने ।

शिक्षा ऐन, २०२८ को दफा १२ एवं शिक्षा नियमावली, २०५९ को नियम २३ को प्रक्रिया अवलम्बन गरी बालासुन्दरी माध्यमिक विद्यालय भगवानपुर सिरहाको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं सदस्यहरू छनौट गर्ने गरी अभिभावक भेलाबाट भएको २०६५।५।२० को निर्णय कानूनअनुकूल नै देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।
इजलास अधिकृतः हरि कोइराला
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६८ साल जेठ १८ गते रोज ४ शुभम् ।

१८

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६ सालको WO-१०८४, उत्प्रेषण परमादेश, समेत, *शान्ता घिमिरे वि. पाटन अस्पताल लगनखेल समेत*

कुनै कर्मचारीको कार्य सन्तोषजनक नभएको आधारमा निजको परीक्षणकालको अवधि थप गरिएको भए सो कुराको लिखित जानकारी सम्बन्धित कर्मचारीलाई दिएर निजलाई कार्य सुधार गर्नु भनी जानकारी समेत दिनुपर्ने ।

परीक्षणकालको अवधि थपिएको जानकारी नदिई पछिबाट परीक्षणकालको अवधिमा हटाइएको भनी जिकीर लिइएमा त्यस्तो जिकीरले मान्यता प्राप्त गर्न नसक्ने ।

कर्मचारीलाई परीक्षणकालको अवधि व्यतीत गरिसकेपछि हटाउनु पर्दा प्राकृतिक न्यायको सिद्धान्तले तोकेको प्रक्रियाहरू पूर्णतः पालना गर्नुपर्ने ।
इजलास अधिकृतः बिमल पौडेल
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६७ साल चैत ९ गते रोज ४ शुभम् ।

१९

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको ०६७-WO-०७४६, उत्प्रेषणयुक्त परमादेश, *उत्तमराज तिमिल्सिना समेत वि. श्री मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

सिंचाई मन्त्रालयसमेतबाट भए गरेका कामकारवाहीहरू निवेदकको कुन कानून तथा संवैधानिक प्रावधानविपरीत भएका हुन् भनी स्पष्ट रूपमा उल्लेख गर्न सकेको देखिँदैन । आफ्नो हक

अधिकार हनन् भयो भनी उपचार माग गर्न अदालतसमक्ष उपस्थित हुने पक्षले आफ्नो हक अधिकार स्पष्ट रूपमा कुन कानूनले दिएको अधिकार हनन् भएको हो सो कुरा खुलाउन र त्यसको वस्तुनिष्ठता समेत देखाउन सक्नु पर्ने हुन्छ । स्पष्ट कानूनको माग नभएको अवस्थामा एवं कानूनको त्रुटि स्पष्ट रूपमा भएको भनी मुद्दाका पक्षले देखाउन नसकेको अवस्थामा कानूनबमोजिम र प्रशासकीय विवेक प्रयोग गर्न पाउने निकायले आफूलाई प्राप्त कानून र विवेकको प्रयोग गरेको अवस्थामा अदालतले हस्तक्षेप गर्न नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल असार ७ गते रोज ३ शुभम् ।

२०

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको ०६७-CI-१०१९, निष्क्रिय मोही लगत कट्टा, *कैलशियादेवी थरूनी वि. श्रीनिवास चौधरी*

मोहीको मृत्यु भएपश्चात् उक्त मोहीको नामसारी यो यति समयभित्र गरिसक्नुपर्ने भनी स्पष्ट हदम्याद नतोकिएको यस्तो अवस्थामा मोही नामसारी गर्न बाँकी अवस्थाको लाभ लिएर निष्क्रिय मोही भनी नामकरण गर्न र लगत कट्टा गर्न समेत नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल बैशाख ३० गते रोज ६ शुभम् ।

२१

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री कमलनारायण दास,** २०६४ सालको WO-०३९७, उत्प्रेषणयुक्त परमादेश, *गोरीयादेवी राजवंशी वि. उदीचन्द्र राजवंशी समेत*

अंश हक कानूनले संरक्षण गरेको व्यक्तिको महत्वपूर्ण हक हो । अन्य अंशियारको कपटपूर्ण व्यवहार एवं कारोवारबाट कसैको पनि अंश हक मर्ने स्थितिको सिर्जना हुन दिनु हुँदैन । तसर्थ यस्तो अवस्थामा लेनदेन व्यवहारको १९ नं. बमोजिम घरको मुख्य व्यक्तिबाहेक अन्यले उमेर पुगेका अंशियारहरूको मञ्जूरीबेगर गरेको कुनै पनि कारोवारले सामूहिक जिम्मेवारी वा सामूहिक दायित्वको सिर्जना गर्दछ भन्न मिल्ने समेत देखिँदैन । त्यसमा पनि अंशियारले अंशको दावी नै गरिसकेको अवस्थामा सोपछि लिएको ऋणबाट त्यस्तो अंशको दावी गर्ने अंशियारको समेत दायित्व सिर्जना हुन्छ भन्न नमिल्ने ।

इजलास अधिकृतः बिमल पौडेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल चैत १० गते रोज ५ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६४ सालको WO-०३९८, उत्प्रेषणयुक्त परमादेश, *दीपेन्द्रकुमार राजवंशी वि. उदीचन्द्र राजवंशी समेत*
- २०६४ सालको WO-०३९९, उत्प्रेषण, *वीरेन्द्रकुमार राजवंशी वि. उदीचन्द्र राजवंशी समेत*

२२

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री कमलनारायण दास,** २०६५ सालको WO-०१८८, उत्प्रेषणयुक्त परमादेश, *उदीचन्द्र राजवंशी वि. वीरेन्द्रकुमार राजवंशी समेत*

अन्तिम भै बसेको फैसलाको कार्यान्वयन गर्नुपर्ने काम न्यायपालिकाको महत्वपूर्ण कामभित्र पर्ने गरेको पाइन्छ । मुद्दाको पक्षले न्याय तब पाउँछ जब उसको हकमा भएको फैसलाको कार्यान्वयन हुन सक्दछ । प्रस्तुत रिटका विपक्षीहरूले अंश मुद्दा जितेको भए पनि फैसला कार्यान्वयन हुन नसकी निजहरूले आफ्नो साम्पत्तिक हकको उपभोग गर्नबाट बञ्चित भएको देखिन्छ । अंशहक कानूनले संरक्षण गरेको व्यक्तिको महत्वपूर्ण हक हो । अन्य अंशियारको कपटपूर्ण व्यवहार एवं कारोवारबाट कसैको पनि हक मर्ने स्थितिको सिर्जना हुन हुँदैन र त्यस्तो हुन दिनु पनि हुँदैन । तसर्थ यस्तो अवस्थामा घरका मुख्य व्यक्ति हो भनी निर्विवाद रूपमा स्वीकारिएको व्यक्तिबाहेक अन्यले उमेर पुगेका अंशियारहरूको मञ्जूरीबेगर गरेको कुनै पनि कारोवारले सामूहिक जिम्मेवारी वा सामूहिक दायित्वको सिर्जना गर्दछ भन्न नमिल्ने ।

इजलास अधिकृतः बिमल पौडेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल चैत १० गते रोज ५ शुभम् ।

**इजलास नं. ६**

१

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६७ सालको WO-५५९, उत्प्रेषणयुक्त परमादेश, *सन्तोष भण्डारी वि. त्रिभुवन विश्वविद्यालय, बल्खु समेत*

कुनै विद्यार्थीले आफूले वर्षभरि पढेको विषय छोडी पढ्दै नपढेको विषय समावेश गरी परीक्षा सञ्चालन हुनुभन्दा अगाडि कम्तीमा ७ वर्षभित्र दोहोऱ्याएर परीक्षा फर्म भर्न नपाउने र भरेको पाइएमा निजलाई परीक्षामा समावेश नगराउने र कुनै अवस्थामा लुकी छिपी परीक्षा दिएमा त्यस्तो कार्यलाई अनियमित कार्य वा विद्यार्थी आचारसंहिता विपरीतको कार्य भनी नियममै लेखवद्ध गर्नुको साथै त्यस्तो कार्य गर्ने विद्यार्थीको परीक्षा रद्द गर्नु वा अन्य सजाय गर्नुको साथै यस्तो अनुचित कार्यमा सहयोग गर्ने विश्वविद्यालयका सम्बन्धित कर्मचारी वा शैक्षिक संस्थाको जिम्मेवार पदाधिकारीउपर कारवाही गर्ने समेतका कार्यहरूलाई अनियमित वा सजायभागी हुने अनुचित कार्यको श्रेणीभित्र राख्नुपर्ने देखिएकोले त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासन सम्बन्धित नियम, २०५० मा समावेश गराउन आवश्यक संशोधन गर्ने प्रक्रिया यथाशीघ्र अगाडि बढाउनु भनी विपक्षी त्रिभुवन विश्वविद्यालय परीक्षा सञ्चालक समिति र परीक्षा नियन्त्रण कार्यालयका नाममा निर्देशात्मक आदेश समेत जारी हुने ।

इजलास अधिकृतः बिमल पौडेल

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६८ साल बैशाख २७ गते रोज ३ शुभम् ।

२

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको दे.पु.नं. ०५३६, अंश चलन, *विजया थापा समेत वि. अमृत शम्सेर थापा समेत*

१९९९ को बण्डापत्र लिखतले तिलक शम्सेरको हकमा केही जग्गा अवण्डा राखेको भनी ठहर गरेको छैन । अपितु दाजुभाइको नाताले केही सम्पत्ति दिन प्रतिवादीहरू सहमत भएर प्रतिवादीहरूले देखाएअनुसारको केही सम्पत्तिबाट ५ भागको १ भाग उक्त मुद्दाको वादीले पाउने ठहरेको हो । यसर्थ उक्त फैसला र पछि अन्य अंशियारहरू बीच पटक-पटक भएका लिखतहरूबाट १९९९ को बण्डापत्र पछि पनि त्यसमा नलेखिएको सम्पत्ति अबण्डा रहेको भन्ने वादी दावी नपुग्ने ।

तिलक शम्सेरले आफूले पाउने अंशभाग ०९९ सालको बण्डापत्रबाट लिई स्वेच्छाले अलग भिन्न भइसकेपश्चात् २००९ साल र २०११ साल समेतमा तिलक शम्सेरबाहेक अन्य अंशियारका बीचमा बण्डापत्र खडा भएको पाइन्छ । २०२२ सालमा खडा भएको अर्को बण्डापत्रको लिखतमा उल्लेख गरिएको अबण्डा गोश्वाराको सम्पत्तिबाट प्रस्तुत मुद्दाका प्रतिवादीहरूको सहमतिले पुनः निज तिलक शमसेरको मुद्दा सकार गर्ने श्रीमती सोमकुमारीले केही सम्पत्तिबाट ५ भागको १ भागसम्म अंश छुट्याई लिन पाउने ठहरेको हो । त्यस फैसलाले निजका सन्तानहरूका लागि थप अंश मागको दावी गर्न पाउने बाटो खोलेको नभई पुनः दावी गर्न नपाउने गरेको हो । त्यसकारण सर्वोच्च अदालतबाट मिति २०५२।११।९ मा भएको फैसला समेत बदर गरी १९९९ सालको बण्डामा नपरेको सम्पत्ति अबण्डामा रहेको भन्ने अर्थ गरी त्यसबाट पुनः अंश पाऊँ भन्ने यी वादीहरूको दावीको कुनै कानूनी आधार नदेखिँदा वादीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६७ साल चैत २ गते रोज ४ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६४ सालको दे.पु.नं. ०५३७, दर्ता बदर, *विजया थापा समेत वि. अमृत शम्सेर थापा समेत*
- २०६४ सालको दे.पु.नं. ०५३८, लिखत बदर, *विजया थापा समेत वि. खिलरत्नेश्वरी थापा*
- २०६४ सालको दे.पु.नं. ०५३९, लिखत बदर, *विजया थापा समेत वि. अमृत शम्सेर थापा*
- २०६४ सालको दे.पु.नं. ०५४०, लिखत बदर, *विजया थापा समेत वि. अमृत शम्सेर थापा*
- २०६४ सालको दे.पु.नं. ०५४१, फैसला बदर, *विजया थापा समेत वि. अमृत शम्सेर थापा*

- २०६४ सालको दे.पु.नं. ०५४२, लिखत बदर, *विजया थापा समेत मु.स. गर्ने गुलाब शम्सेर थापा समेत*
- २०६४ सालको दे.पु.नं. ०५४३, मिलापत्र बदर, *विजया थापा समेत वि. अमृत शम्सेर थापा समेत*
- २०६४ सालको दे.पु.नं. ०५४४, मिलापत्र बदर, *विजया थापा समेत वि. अमृत शम्सेर थापा समेत*
- २०६४ सालको दे.पु.नं. ०५४५, हालैको बकसपत्र लिखत बदर, *विजया थापा समेत वि. विद्याकुमारी बर्मा समेत*

३

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री अवधेशकुमार यादव,** ०६३-WO-०९६७, उत्प्रेषण, *शिवप्रसाद आचार्य समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

मिति २०५१।६।१६ को निर्णय बदरको माग दावी गर्दै त्यसको १३ वर्षपछि यो रिट निवेदन दायर भएको देखिएको छ । यसबाट यी निवेदकहरूले यस अदालतमा अनुचित बिलम्ब गरी प्रवेश गरेको समेत देखिन आयो । अनुचित बिलम्बको सिद्धान्त (Doctrine of Laches) अनुसार कानूनी उपचार खोज्नको लागि अनुचित बिलम्ब गरिएको अवस्थामा यस्तो बिलम्बले कानूनी उपचारलाई नै पराजीत गर्ने हुन्छ । रिट क्षेत्राधिकारबाट कानूनी उपचार माग गर्न यथासमयमा अदालत प्रवेश गर्नु पर्दछ । यदि ढिलाइ भएको देखिन्छ भने त्यस्तो ढिलाइको कारण र औचित्य निवेदकले पुष्टि गर्न सक्नु पर्दछ । प्रस्तुत रिट निवेदन बिलम्ब गरी दायर भएको देखिएको र निवेदकहरूले सो बिलम्बको तर्कसंगत आधार र कारण खुलाउन नसकेको देखिँदा यो रिट निवेदन अनुचित बिलम्ब गरी दायर भएको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०६७ साल फागुन १५ गते रोज १ शुभम् ।

४

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री प्रकाश वस्ती**, २०६५ सालको दे.पु.नं. ०५७७, निर्णय दर्ता बदर गरी खिचोला मेटाई पाऊँ, *गोविन्दनाथ शुक्ला वि. चतुर्भुज पाठक समेत*

मृतक प्यारीको अपुताली पाउनको लागि मर्ने व्यक्ति प्यारीलाई आफूले पालन पोषण र स्याहार सम्भार गरेको भनी जिकीर लिएको देखिन्छ । तर यी वादीको आमाको विबाह एकजना भारतीयसँग भई निजै भारतीय नागरिक केदारनाथका छोरा यी वादी नेपालमा बसी प्यारीको सेवा, सुसार, स्याहार गरेको होला भनी सहजै अनुमान गर्न नसकिने ।

प्रतिवादीहरू प्यारी पाठकका जेठाजु शालिकरामका नाति र पनाति नाताका व्यक्ति हुन् भन्नेमा विवाद रहेको नदेखिँदा निजहरू प्यारी पाठकका हकवाला होइनन् भन्न सकिने आधार छैन । यसरी प्रस्तुत कानूनी व्यवस्थाबमोजिम प्यारी पाठकका हकवाला विपक्षी प्रतिवादीहरू हुँदाहुँदै यी पुनरावेदक वादीले छोरीका छोराको हैसियतले अपुताली पाउन सक्ने अवस्था नरहने ।

आफूले दावी गरेको अपुतालीका जग्गा जोत कमोद गरी भोगचलन गरेको भै विपक्षीले जग्गा दर्ता गराउँदा पूरा गर्नुपर्ने कानूनी प्रक्रियाअन्तर्गत प्रकाशित सार्वजनिक सूचनामा दावी विरोध गरी आफूले अपुताली पाउने हकदार हो भनी दावी गरेको देखिँदैन । साथै पुनरावेदन अदालतले फैसला हुँदाका दिन आफूलाई पेशी नै नतोकिएको र आफ्नो प्रतिनिधित्व हुन नसकेको भनी जिकीर लिएको भए पनि पुनरावेदन अदालतको उक्त मिसिलबाट मिति २०५२।८।२० को नै पेशी तोकेको देखिएको र पुनरावेदक वादीका तर्फबाट कानून व्यवसायीले प्रतिनिधित्व गरी बहस समेत गरेको अवस्था हुँदाको दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः चुरामन खड्का
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६८ साल बैशाख १९ गते रोज २ शुभम् ।

५

**मा. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको रिट निवेदन नं. १२५७, उत्प्रेषणयुक्त परमादेश समेत, *मनोजकुमार चौधरी वि. जिल्ला शिक्षा कार्यालय, सप्तरी राजबिराज समेत*

उच्च माध्यमिकस्तरको विद्यालयमा कानूनबमोजिमको योग्यता प्राप्त शिक्षक र प्रधानाचार्य रहनुपर्ने कुरामा कुनै विवाद गर्ने ठाउँ छैन र विपक्षी विद्यालयमा पनि स्नातकोत्तर उत्तीर्ण प्रधानाध्यापक रहनु पर्ने कुरामा पनि विवाद हुन सक्दैन । विपक्षी

विद्यालयमा योग्यताप्राप्त स्नातकोत्तर शिक्षकहरू कार्यरत् रहेको भन्ने मिसिलबाट देखिएको र निमित्त प्र.अ.को माध्यमबाट लामो समयसम्म विद्यालयको कामकारवाही सञ्चालन गर्नु अनुपयुक्त मात्र नभई विद्यमान कानूनी व्यवस्था समेतको प्रतिकूल हुने हुँदा विपक्षी विद्यालयको प्रधानाध्यापक/प्राचार्य पदमा कानूनबमोजिमको योग्यताप्राप्त व्यक्तिलाई विधिवत् नियुक्त गर्नु भनी सो काम गर्ने कानूनी दायित्व भएको विपक्षी विद्यालय व्यवस्थापन समिति र जिल्ला शिक्षा कार्यालय सप्तरी समेतका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः मन्दिरा रानाभाट

संवत् २०६८ साल बैशाख २१ गते रोज ४ शुभम् ।

६

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको रिट नं. ०१५७, उत्प्रेषणयुक्त परमादेश, *अनुपा खड्का वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय समेत*

एउटै प्रकृतिका प्रश्नपत्र छपाई भएबाट सबैलाई एउटै प्रकारका प्रश्नपत्र बाँडिएको कारणबाट क्रमसंख्या भूल भएबाट अन्य परीक्षार्थीको समेत उत्तरमा चिन्ह लगाउँदा दुई ठाउँमा पर्न जाने सम्भावना रहन जाने हुँदा यी निवेदिकाको मात्र २ ठाउँमा चिन्ह पर्न गयो भन्न सकिने अवस्था रहेन । साथै अन्य परीक्षार्थीको समेत प्रश्नपत्र त्रुटिपूर्ण छपाइको कारणबाट अङ्कमा तल-माथि पर्न गएको अवस्था भएको भए निजहरू समेतले निवेदन गर्न आउन सक्ने अवस्था थियो । तर त्यसरी आएको देखिएन । यसरी प्रश्नपत्र गलत छपाइका कारण उत्तर दिँदा गलत हुन गएबापत छात्रवृत्ति छनौट समितिले अङ्क थपिदिनु पर्ने भन्ने कुनै कानूनी व्यवस्था वा तय भएको मापदण्डबाट देखिन नआउने ।

निवेदिका समेत संलग्न भएको छात्रवृत्ति छनौट समितिले मिति २०६६।३।२७ मा परीक्षा सञ्चालन गरी त्यसको नतिजाबमोजिम मिति २०६६।५।२५ मा सिफारिश समेत भइसकेको भन्ने देखिन्छ । यसरी नतिजा प्रकाशित भई सोबमोजिम सिफारिश समेत भइसकेको डेढ वर्षभन्दा बढी भैसकेको परिप्रेक्ष्यमा अब कानूनमा भएको स्पष्ट व्यवस्थाबमोजिम बाहेक नतिजामा तलमाथि पर्न जाने गरी निर्णय गर्ने हो भने अध्ययनरत् विद्यार्थीको अवस्थामा तात्विक अन्तर पर्न जाने देखिन्छ । तसर्थ यस्तो अवस्थामा औचित्य समेतका आधारमा प्रस्तुत रिट निवेदनको औचित्य र प्रयोजन बाँकी रहेको नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल बैशाख २१ गते रोज ४ शुभम् ।

७

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री तर्कराज भट्ट,** रिट नं. ०६६-WO-१००५, उत्प्रेषण मिश्रित परमादेश, *ज्यानीमाया डंगोल वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग*

अदालतमा विचाराधीन मुद्दाहरूको फैसला नै कार्यान्वयन हुने हुनाले सो फैसलाको विपरीत विपक्षी अख्तियार दुरूपयोग.अनुसन्धान आयोगको निर्णय कार्यान्वयन हुन सक्ने अवस्था नहुने ।

अदालतमा चलेको मुद्दाबाट विवादित जग्गाको दर्ता एवं यी निवेदिकाको राजीनामाको प्रक्रियाले वैधता पाएको वा नपाएको दुबै अवस्थामा विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णयको औचित्य बाँकी नरहने र सो निर्णय कार्यान्वयन हुन सक्ने अवस्था रहँदैन । यसको साथै साधारण अधिकारक्षेत्रअन्तर्गत जिल्ला अदालतमा विचाराधीन रहेका मुद्दामा हुने इन्साफलाई प्रत्यक्ष वा परोक्ष रूपमा प्रभावित हुने गरी रिट क्षेत्रबाट बोल्न समेत नमिल्ने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

इति संवत् २०६८ साल असार १ गते रोज ४ शुभम् ।

८

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री तर्कराज भट्ट,** २०६४ सालको दे.पु.नं. CI-०८४०, २०६५ को दे.पु.नं. CI-०९५०, लेनदेन, *जगरनाथ महतो चाई वि. मदनप्रसाद चौरसिया, मदनप्रसाद बरै चौरसिया वि. जगरनाथ महतो चाई समेत*

लिखतमा परेको 'लिखितम' र पुछारको हस्ताक्षर तथा ल्याप्चे आफ्नो हो भनी अदालतसमक्षको बयानमा स्वीकार गरिसकेपछि आफूले हस्ताक्षर ल्याप्चे लगाएको लिखतमा "दुई लाख" भनी दुईवटा शब्द लेख्न पुग्ने अस्वाभाविक खाली ठाउँ छाडिएको भए त्यतिबेलै सहजै देख्न र थाहा पाउन सकिने नै हुन्थ्यो । पहिला तमसुक गरिदिई पछि आएर बयान गर्दा "ठाउँ

खाली राखिएको होला" भनी शंका र अनुमानको आशयसम्म दर्शाएको देखिन्छ । लिखित रूपमा रहेको तमसुक लिखतलाई शंका प्रकट गरिदिँदैमा प्रमाण शून्य तुल्याउन नसकिने ।

प्रतिवादी जगरनाथ महतो चाईले पुनरावेदक वादीसँगबाट कर्जा लिएको कुरा स्वीकारै गरेका र रू. पच्चीस हजार मात्र कर्जा लिएकोमा साँवा ब्याजसहित चुक्ता गरिसकेको भन्ने जिकीर लिए तापनि सो सम्बन्धी कुनै लिखत प्रमाण गुजार्न सकेका छैनन् । लिखतमा अन्तरसाक्षी शम्भु सहानी र अन्जन अधिकारी समेतका साक्षीले अङ्क थपिएको छैन । रू. २,२५,०००।- लिई ऋणीको रोहबरमा तमसुक लेखिएको हो भनी अदालतसमक्ष बकी दिएबाट समेत पुनरावेदक प्रतिवादीले कीर्ते लिखत हो भनी लिएको दावी आधारहीन देखिन आउने ।

इजलास अधिकृतः बसन्तजंग थापा

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६७ साल माघ १३ गते रोज ५ शुभम् ।

९

**मा. न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७-CI-१००९, अंश दर्ता चलन, *कौशलेन्द्र लाल देव वि. बिन्दादेवी वैश्यनी*

वादी बिन्दादेवी वैश्यनीले पहिले नै अंश मुद्दा दायर गरी तामेलीमा रहेको हुँदा अ.बं. ७३ नं. र ८५ नं. बमोजिम पुनः अंशमा दावी गर्न नपाउने भनी पुनरावेदकले पुनरावेदनमा लिएको दोस्रो पुनरावेदन जिकीरतर्फ विचार गर्दा मुलुकी ऐन, अ.बं. ८५ नं. को व्यवस्था अदालतमा मुद्दा परी फैसला भइसकेपछि ऐनबमोजिम पुनरावेदन नगरी सोही मुद्दामा तिनै पक्षको नाममा मुद्दा गर्न नसकिने हो । पुनरावेदकको पुनरावेदन तथा वादी दावीअनुसार यो अघि दायर भएको अंश मुद्दा फैसला नभई तामेलीमासम्म रहेको भन्ने देखिन्छ । सो अंश मुद्दामा अंश नपाउने भन्ने निर्णय नभई तामेलीमासम्म रहेको देखिएको र तामेलीमा रहेको कारणबाट वादीले अंशमा दावी नै गर्न पाउदैन वा वादीको अंश हक समाप्त भएको भन्न नमिल्ने हुँदा प्रस्तुत मुद्दामा पुनरावेदन जिकीरबमोजिम अ.बं. ७३ नं. र ८५ नं. आकर्षित हुन नसक्ने ।

इजलास अधिकृतः हरिशचन्द्र इङ्नाम

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल जेठ २५ गते रोज ४ शुभम् ।

१०

**मा. न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६६-CI-०७९९, मोहियानी समेत, *हेमराज सुवेदी वि. बल्खु थारू समेत*

अर्काको जग्गा जोत्ने आवाद गर्नेलाई मोही कायम गर्ने सम्बन्धमा कानूनबमोजिम गठित समितिले आह्वान गरेबमोजिम यी वादीहरूले निवेदन गरी सो निवेदनमा कारवाही गरी अधिकार सम्पन्न विशेष समितिले सबूद प्रमाण बुझी सर्जमीन समेत गरी जोतभोग समेतको आधारमा मोहियानी हक कायम गर्ने निर्णय गरेको देखिन्छ । सोही आधारमा वादीहरूको मोही र रैतानी हक प्राप्त गरेको देखिँदा यी वादीहरूको उक्त कायमी मोही तथा रैतानी हक कानूनबमोजिम प्राप्त गरेकोले त्यसलाई अन्यथा भन्न नसकिने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६७ साल फागुन २० गते रोज ६ शुभम् ।

११

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** ०६३-WO-०६१८, उत्प्रेषण परमादेश, *मीना शाक्य समेत वि. आन्तरिक राजश्व विभाग समेत*

फैसलाबमोजिम यी निवेदकहरूले Golden Handshake Schedule अन्तर्गत नपाउने रकममा कानूनले १० प्रतिशत मात्र कर कट्टा गर्नुपर्नेमा २५ प्रतिशत कर कट्टा गरेको नमिलेकोले बढी कट्टा गरिएको १५ प्रतिशत कर रकम यी निवेदकहरूले फिर्ता पाउनु पर्ने हो । सो बाहेक पहिला दायर गरिएको रिटमा नउठाइएको माग दावी लिई पुनः रिट दिन पाउने भन्ने देखिन आउँदैन । यी रिट निवेदकहरूले यस अदालतबाट मिति २०६२।५।१५ मा भएको फैसला कार्यान्वयनसम्म गराउन पाउने देखिन्छ । सो कार्यान्वयन गर्ने सिलसिलामा थप माग दावी लिन पाउने र थप माग दावीको औचित्यभित्र प्रवेश गरी यस अदालतले अहिलेको अवस्थामा निर्णय वा आदेश गर्न मिल्ने पनि हुँदैन । उक्त फैसलाअनुसार फिर्ता पाउने भनिएको बढी कट्टा भएको १५ प्रतिशत करको रकम फिर्ता भई निवेदकहरूले बुझिसकेको भन्ने देखिएबाट निजहरूको सोसम्बन्धी र आयकर ऐन, २०५८ लागू हुनुभन्दा अगाडिको रकममा कर छूट हुनुपर्ने भन्ने लगायतका

मागका सम्बन्धमा आदेश जारी गर्नुपर्ने अवस्था नदेखिने ।

के कस्तो अवस्थामा बढी कर जम्मा गर्ने व्यक्तिलाई ब्याजसहित बढी कर कट्टी फिर्ता गर्नुपर्ने भन्ने सम्बन्धमा कानूनले नै स्पष्ट व्यवस्था गरेको छ भने सोहीबमोजिमको रकम फिर्ता पाउन त्यस्तो बढी कर जम्मा गर्ने कर रकमको साथसाथै सोको ऐनबमोजिमको ब्याज पनि फिर्ता पाउनु पर्ने हुन्छ । सो ब्याज रकमको लागि अदालतमा मुद्दा गर्दा छुट्टै दावी लिनुपर्ने अनिवार्यता छैन । त्यस्तै अदालतमा दावी गर्दा ब्याजबारे छुट्टै दावी लिनुपर्ने अनिवार्यता छैन । त्यस्तै अदालतमा दावी गर्दा ब्याजबारे छुट्टै दावी नगरेको वा अदालतले ब्याज पनि दिनु भनी फैसलामा उल्लेख नगरेको कारणले आयकर ऐन, २०५८ को दफा ११३ को उपदफा ६ ले दिएको अधिकार समाप्त नहुने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६७ साल फागुन १६ गते रोज २ शुभम् ।

१२

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री कमलनारायण दास,** २०६५ सालको दे.पु.नं. CI-०००१, CI-०२०४, अंश चलन, *रत्नभक्त भैनात्व वि. तुल्सीमाया भैनात्व समेत, रामभक्त भैनात्व वि. रत्नभक्त भैनात्व*

आफ्नाउपर एकजना अंशियारले अंश मुद्दा दायर गरिसकेको तथ्य थाहा पाइसकेपछि यी प्रतिवादीहरूले २०६०।७।१४ मा अंश छोडपत्रको लिखत पारीत गराएको देखिन्छ । यसबाट वादीलाई निजको अंश हकबाट बञ्चित गर्ने अभिप्रायले पहिला नै अंश दिइसकेको भन्ने देखाउन प्रतिवादीहरूले एउटा नयाँ प्रमाणको सिर्जनासम्म उक्त लिखतको माध्यमबाट गरेको देखिन्छ । तर उक्त मितिको लिखतमा रहेका अनेक विरोधाभाष र विसंगतिपूर्ण शब्द वाक्यांशहरूले यी प्रतिवादीहरूको बद्नियत मात्र दर्शाउँछन् । लिखत २०६०।७।१४ मा रजिष्ट्रेशन पारीत भए पनि त्यो लेखिएको मिति भनी २०६०।२।२५ उल्लेख गरिएको छ । उक्त मितिमा लिखत खडा गरेको भएको भए तापनि २०३६।८।३० लाई मानो छुट्टिएको मितिको रूपमा उल्लेख गरिएको छ । यसको अतिरिक्त अनेक अंशियारहरूको नाममा अचल सम्पत्ति घर जग्गा हुँदाहुँदै त्यसलाई आफ्नो निजी, एकलौटी बनाउने गरी आफ्नो आमाबाट रू. ३०,०००।- का दरले नगद मात्र बुझी लिनु लगायतका कुराहरूले उक्त लिखतको कृत्रिमता र लिखतकर्ताहरूको बद्नियत मात्र दर्शाउँछन् । यस्तो अवस्थामा उक्त २०६०।७।१४ को लिखतलाई यी प्रतिवादीहरू भिन्न भइसकेको र यी वादीको अंश हक निजको आमासँग मात्र रहेको भन्ने कुराको प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने ।

सगोलको जुनसुकै वा जतिसुकै अंशियारले सगोलमा रहँदा, जुन व्यहोराबाट जसरी भए पनि कुनै सम्पत्ति आर्जन गरेको भए त्यो सगोलकै हुन्छ । सगोलको सम्पत्ति कुनै व्यहोराले अन्य व्यक्ति वा संस्थाको हकमा गएपछि पुन सो व्यक्ति वा संस्थाबाट सगोलकै कुनै केही अंशियारका नाममा आएको छ भने त्यतिकैबाट जसको नाममा आएको हो उसको एकलौटी हुन सक्तैन । अपितु सो सम्पत्ति सगोलकै हुने ।

दुई पक्षबीच मानो छुट्टिएको पनि कुनै आधार प्रमाण छैन । भिन्न-भिन्न अंशियार अलग-अलग बसोबास र पेशा व्यवसाय गरे पनि अंशबण्डाको प्रयोजनको लागि सगोलमा नै रहेको मान्नुपर्ने ।

इजलास अधिकृतः बसन्तजंग थापा

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६७ साल माघ १९ गते रोज ४ शुभम् ।

१३

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री कमलनारायण दास,** २०६५ सालको दु.फौ.पु.नं. CR-०००१, जालसाजी, *रत्नभक्त भैनात्व वि. तुल्सीमाया भैनात्व समेत*

यिनै वादी प्रतिवादी भई चलेको २०६५ को दे.पु.नं. १ को अंश मुद्दामा वादी रत्नभक्त भैनात्वले सबै अंशियारबाट ७ भागको १ भाग अंश पाउने ठहरी आज यसै इजलासबाट फैसला भइसकेको छ । सोही फैसलामा २०६०।७।१४ को विवादित लिखतको सम्बन्धमा पनि विस्तृत विवेचना गरिएको छ । उक्त मितिको लिखत यी वादीको अंशहक मार्ने उद्देश्यले यी प्रतिवादीहरूको बद्नियतपूर्ण तरीकाले खडा गरे, गराएको भन्ने कुरा मिसिल सामेल तथ्य र प्रमाणहरूबाट प्रमाणित भइरहेको छ । यस्तो अवस्थामा विवादित लिखतलाई जालसाजी ठहर गर्नुपर्ने ।

इजलास अधिकृतः बसन्तजंग थापा

इति संवत् २०६७ साल माघ १९ गते रोज ४ शुभम् ।

## इजलास नं ७

१

**मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या. श्री प्रेम शर्मा,** २०६४ सालको रिट नं. ०६४-WO-०११३, उत्प्रेषणयुक्त परमादेश, *लक्ष्मीप्रसाद पोखरेल वि. छेत्रबहादुर सिलवाल समेत*

मोहीसम्बन्धी विवादमा सक्षम अदालतबाट साधारण अधिकारक्षेत्रअन्तर्गत प्रमाण बुझी तह-तह हुँदै अन्तिम निर्णय भई बसेको विषयमा फैसलाको अन्तिमताको सिद्धान्त (Finality of Judgement) विपरीत हुने गरी पुनः असाधारण अधिकारक्षेत्रबाट त्यस्तो अन्तिम फैसलको प्रतिकूल निर्णय गर्न नमिल्ने हुन्छ। प्रमाण बुझी तह-तह हुँदै अन्तिम फैसला भई बसेको विषयमा असाधारण अधिकारक्षेत्र आकर्षित नहुने ।

निवेदकले अन्य कानूनी मार्गको अवलम्बन नगरी अनुचित बिलम्ब गरी प्रस्तुत निवेदन गरेको देखिँदा बिलम्बको सिद्धान्तले समेत निवेदकलाई सहयोग गर्न नसक्ने हुन्छ । यसरी सर्वोच्च अदालतको अन्तिम फैसलाबाट छेत्रबहादुर सिलवाल विवादित जग्गाको कानूनबमोजिम जोताहा मोही कायम भएको देखिँदा छेत्रबहादुर सिलवाललाई कि.नं. ८८५ र साविक कि.नं. ८८६ को हालको कि.नं. १११४ मा मोही कायम हुने गरी भएका निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिपाऊँ भन्ने रिट निवेदकको माग औचित्यपूर्ण नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६७ साल फागुन १९ गते रोज ५ शुभम् ।

२

**मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या. श्री प्रेम शर्मा,** ०६६-WO-१३०६, प्रतिषेध परमादेश, *प्रभाकर वागचन्द समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

नेपाल सरकारबाट ल्याएको अन्तर्जातीय विवाह प्रोत्साहन कार्यक्रम सार्वजनिक हितको लागि ल्याएकोमा विवाद छैन । उक्त कार्यक्रमले समाजमा जातीय समानता, सहिष्णुता, सद्भाव, मित्रता र शान्ति अभिवृद्धिमा योगदान पुर्‍याई जातीय भेदभाव तथा छुवाछुतमुक्त राष्ट्र निर्माण गर्नमा समेत सकारात्मक भूमिका निर्वाह गर्ने देखिन्छ । यसरी सार्वजनिक हित कायम गर्न आएको कार्यक्रमलाई सफल बनाउन ल्याइएको अनुदान वितरण कार्यविधिमा तोकिएको उमेरको हद प्रचलित विवाहसम्बन्धी कानूनसँग बाझिएको भनी निवेदक संस्थालाई रिट निवेदन दायर गर्न पाउने हकदैया भएको पाइने तर रिट निवेदकले दावी गरेको विषय रिट निवेदन दर्ता हुनुपूर्व नै संशोधन भैसकेको विषय अब रिट जारी गरिरहनु औचित्यपूर्ण देखिएन । रिट निवेदनको उपादेयता नै समाप्त भइसकेको अवस्थामा रिट जारी हुन नसक्ने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६७ साल फागुन १९ गते रोज ५ शुभम् ।

३

**मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६५ सालको दे.पु.नं. ०६५-CI-००८७, शेषपछिको बकसपत्र लिखत बदर, *शिवकुमार नेपाली वि. पम्फा सार्की*

आफ्नो हक पुग्ने सम्पत्ति आफूखुश गर्न पाउने हुँदा आफ्नो सम्पत्ति मात्र बकसपत्र गरी अर्को अंशियारको हकको सम्पत्ति सुरक्षित नै रहेको अवस्थामा बकसपत्रको लिखतमा अर्को अंशियारको मञ्जूरी लिन नपर्ने ।

हातको औंला नहुनेले सम्पत्तिको छोडपत्र गर्दा निजलाई मर्का नपरोस् भनी अपुताली खाने व्यक्ति वा संरक्षक रोहबरमा राख्ने कानूनी व्यवस्था छोडपत्र गर्नेको हितलाई दृष्टिगत गरी भएको हो । उक्त सुरक्षार्थ भएको व्यवस्थाले औंला नहुनेलाई अंकुस लगाएको भन्न मिल्दैन । औंला नहुनेको हित संरक्षण गर्न बनेको कानूनले उसैको प्रतिकूल हुने गरी बाधा व्यवधान गर्छ भन्न मिल्दैन । अपुताली खाने वा संरक्षक हुनुपर्नेले आफू रोहबरमा बस्न इन्कार रहे औंला नहुनेको व्यक्तिको स्थिति साह्रै नाजुक हुन जान्छ । सुरक्षार्थ बनेको कानूनी व्यवस्था देखाई सम्पत्तिसम्बन्धी हकअधिकारलाई कुण्ठित गर्न नमिल्ने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल
कम्प्युटरः धनबहादुर गुरूङ्ग
इति संवत् २०६८ बैशाख १२ गते रोज २ शुभम् ।

- यसै लगाउको २०६५ सालको दे.पु.नं. ०६५-CI-००८८, निर्णय दर्ता बदर, *शिवकुमार नेपाली वि. पम्फा सार्की* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

**इजलास नं. ८**

१

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. ०६४-CI-०९१२, अंश दपोट हक कायम, *राजेन्द्रध्वज खड्का वि. बुनुमैयाँ खड्का समेत*

अंशबण्डाको २७ नं. को दबाए छिपाएको छैन भनी कागज गर्नु भन्नुको तात्पर्य कुनै घोषणा गर्नु हो, अर्को शब्दमा कुनै कुरामा आफ्नो प्रतिवद्धता जाहेर गर्नु हो । कुनै पक्षले अर्को पक्षसमक्ष कुनै कबूल गर्दछ र त्यो कबूल गर्ने कानूनसम्मत छ भने त्यसले कागज गर्ने र गराउने दुबै पक्षलाई करारीय हक र दायित्व पनि सिर्जना गर्ने ।

तायदातीमा कुनै सम्पत्ति लुकाउनु अंश दपोटको विषय बन्दछ । तर पारीत बण्डापत्रमा पनि सम्पत्ति नलुकाएको, नदबाएको घटीबढी नपारेको र यसो गरेको ठहरे नदबाउने, नलुकाउनेले एकलौटी खानु भन्ने वाक्य उल्लेख हुन्छ भने यसलाई अंशबण्डाको २७ नं. को परिधिभित्र पर्दै पर्दैन भन्ने अर्थ कानून र न्यायसंगत नहुने ।

सम्पत्ति देखाउने कर्तव्य जसको नाममा त्यो छ त्यसको हो । सम्पत्ति अर्थात् धनमाल दबाउनेको अन्य अंशियारलाई सो सम्पत्तिबाट बञ्चित गराउने दुराशय छ भने मात्र यो दपोटको विषय बन्ने ।

इजलास अधिकृतः ध्रुबराज त्रिपाठी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल बैशाख २८ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६४ सालको दे.पु.नं. ०६४-CI-०९१३, लिखत दर्ता बदर दर्ता कायम, *राजेन्द्रध्वज खड्का वि.बिमला गुरूङ्ग समेत*
- २०६४ सालको दे.पु.नं. ०६४-CI-०९१४,बकसपत्र लिखत बदर, *राजेन्द्रध्वज खड्का वि. सरस्वती थापा समेत*

२

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री प्रकाश वस्ती,** २०६७ सालको CR-०४०५, रूख काटी वनक्षेत्र अतिक्रमण गरेको, *शंकरबहादुर विश्वकर्मा वि. नेपाल सरकार*

अनुसन्धानको क्रममा भएको सर्जमीन मुचुल्का हेर्दा उक्त मुचुल्कामा कृष्णबहादुर राईले सम्म यी प्रतिवादीको नामजंगल फडानी गर्नेमा उल्लेख गरेको देखिन्छ भने सर्जमीनमा बस्ने अन्य सबैजनाले पक्राउ गरेको गोपालबहादुर पुलामी बाहेकका १० जना र पोल गरिएका ६ जनाले जंगल फँडानी गरेको हो भनी व्यहोरा लेखाएको पाइन्छ । यसरी उक्त सर्जमीनमा अन्य कसैले यी प्रतिवादीको नाम खुलाउन सकेको देखिँदैन भने सर्जमीनमा बस्ने कुनै पनि व्यक्तिलाई अदालतमा उपस्थित गराई अभियोग पुष्टि गराउन अभियोजन पक्षले सकेको नदेखिँदा पनि यी प्रतिवादीउपरको अभियोग उचित मान्न सकिएन । यसैगरी यी पुनरावेदक शंकरबहादुर वि.क. उपर मिति २०५८।१०।२७ गते जंगल फँडानी गर्ने वारदातमा संलग्न रहेको भनी अभियोग लगाइएकोमा निज शिक्षण पेशामा संलग्न रहेको र उक्त मिति र समयमा निज उदयपुर जिल्ला लेखानी गा.वि.स. वडा नं. २ किन्दुभञ्ज्याङ्ग स्थित जनप्रभात प्रा.वि. मा रूजु हाजिर रहेको भन्ने हाजिर रजिष्टरको प्रतिलिपिबाट देखिएकोले पनि निजउपरको अभियोग दावी शंकारहित तवरबाट पुष्टि गर्न सकेको नदेखिँदा सफाइ पाउने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

इति संवत् २०६८ साल बैशाख १२ गते रोज २ शुभम् ।

३

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६४ सालको CR-०२३८, भ्रष्टाचार, रकम हिनामिना, *नेपाल सरकार वि. बजरंगप्रसाद साह समेत*

पहिल्यैदेखि नै स्लीप लेख्ने प्रचलन र परिपाटी भएको कारणबाट आफूले पनि सो कुरा अनुशरण गरेको भनी आफ्नो बयानमा उल्लेख गरेको भए पनि कानूनले अख्तियारी नै नदिएको कुनै कुरालाई प्रचलनको आधारमा गरिरहेको भन्ने निजको जिकीरको भरमा मात्र निजबाट भएको सो कार्य र सोबाट सिर्जित दायित्वबाट उन्मुक्ति प्राप्त हुन सक्ने देखिँदैन । कानूनबमोजिम स्थापित संस्था कानूनद्वारा निर्धारित

कार्यविधि र नियमद्वारा निर्देशित बाटोबाट सञ्चालित हुनुपर्ने तथ्यसँग विमति हुन सक्दैन । यस्ता संस्थाको आयव्यय, आर्थिक कारोवार, प्रशासनिक कार्यसञ्चालन कानूनबमोजिम हुनुपर्ने मात्र नभई पारदर्शी पनि हुनुपर्ने ।

कानूनविपरीतको कार्य Doctrine of Necessity का नाममा स्वीकार्य हुन नसक्ने ।

प्रचलित आर्थिक नियमले निर्दिष्ट गरेको कार्यविधिअनुरूप नगरपालिकामा जम्मा नगरेको अवस्थामा हुँदा त्यसरी बुझेको रकम र उठेको दस्तूर बैंकमा जम्मा नगरेको प्रतिवादीको उक्त कानूनविपरीतको कार्यबाट नगरपालिकालाई हानिनोक्सानी पुग्न गएको हुँदा सो हदसम्मको निजको कार्य आरोपित कसूरअन्तर्गत पर्ने ।

कर व्यवस्थापन गर्ने जिम्मा लिएका व्यक्तिको रूपमा रहेका ठेकेदार वा सल्लाहकार जस्ता पदाधिकारीले उठेको रकम नगरपालिकामा दाखिल गर्नुपर्नेमा दाखिल नगरी आफूखुशी प्रयोग गर्ने र अनाधिकार रूपमा रकम दिने क्रिया पनि कानूनसम्मत् नहुने भएकोले नगरपालिकाको नामबाट उठेको रकम दुरूपयोग गर्ने र त्यसको हिसाब किताब दुरूस्त नराखी नगरपालिकामा नबुझाउने क्रिया निश्चय नै आरोपित कसूरअन्तर्गत पर्ने ।

नगरपालिकाले उठाउँदै आएको करलाई समय र परिस्थितिअनुसार के कसरी व्यवस्थापन गर्दा बढी प्रभावकारी हुन्छ त्यसको जिम्मेवारी नगरपालिकाका पदाधिकारीउपर रहने र समयको अनुकूलतताको हिसाबले करमा घटबढ हुनु स्वाभाविक हुने भएकोले करको विषयमा भएको नगरपालिकाका पदाधिकारीहरूको सो निर्णय आरोपित कसूरको दायराभित्र पर्न सक्ने नदेखिने ।

टेलिफोन महसूल भुक्तानी हुँदा व्यक्तिगत रूपमा प्रयोग भएको टेलिफोन कल र कार्यालयको प्रयोजनको लागि प्रयोग भएको टेलिफोन कलको वर्गीकरण गरी भुक्तानी दिन सकिने अवस्था हुँदाहुँदै सोभन्दा पहिले नै सोको विश्लेषण नै नगरी टेलिफोनको बिल उठेको आधारमा मात्र टेलिफोन दुरूपयोग र हिनामिनाको संज्ञा दिई कसूर स्थापित गरी आरोपित गरेको व्यहोरा कानूनसम्मत् नदेखिने ।

नगरपालिका जस्तो निकायमा खर्चको सीमित दायरा नहुने र आवश्यकता र अवस्थाअनुसार खर्च गर्नुपर्ने र त्यस्तो खर्चको औचित्य लेखापरीक्षणबाटै परीक्षण हुने र लेखा परीक्षणपछि अनियमित देखिने रकम सम्बन्धित अधिकारीबाट असूल गर्न सक्ने अवस्था हुँदाहुँदै विवादित रकम हिनामिना भएको भनी लेखापरीक्षण पूर्व निष्कर्षमा पुग्न सकिने स्थिति नदखिने ।

समय, आवश्यकता र अवस्थाअनुसार आर्थिक सहायता प्रदान गरिने हुँदा त्यसरी प्रदान गरिएको आर्थिक सहयोगको औचित्यको प्रश्न लेखापरीक्षणबाटै परीक्षण हुने अवस्था रहेकोले सो विषयमा लेखापरीक्षण हुनु पहिले नै आर्थिक सहायता वितरणमा हिनामिना भएको भनी सो कार्यलाई आरोपित कसूरको संज्ञा दिन नमिल्ने ।

आफू विरूद्धको मुद्दाको प्रतिरक्षा गर्दा भएको खर्चलाई भ्रष्टाचारको बिगो कायम गरी आरोपित कसूरको दायराभित्र पार्न नमिल्ने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत, हरिराज कार्की
इति संवत् २०६७ साल माघ २३ गते रोज १ शुभम् ।

४

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको रिट नं. WO-१३२५, उत्प्रेषण, *चमनबहादुर माझी समेत वि. भौतिक योजना तथा निर्माण मन्त्रालय समेत*

सडक निर्माण गर्ने कार्य विशुद्ध प्राविधिक कार्य भएको र कुन स्थानबाट बाटो बनाउँदा कम लागतमा भरपर्दो र टिकाउ हुन्छ सोलाई मध्यनजर गर्नुपर्ने हुँदा प्राविधिक दृष्टिकोणबाट उपयुक्त स्थान छनौट गरी निर्माण गरेको सडक हाल सञ्चालनमा नै आइसकेको अवस्थामा उक्त कार्य रोक्नु औचित्य र उपादेयताको दृष्टिकोणबाट समेत उचित नदेखिँदा उत्प्रेषणको आदेश जारी हुन सक्ने नदेखिने ।

सरकारी पक्षले पनि मुआब्जा नदिने मनसाय राखेको नदेखिएको अवस्थामा उक्त सडक निर्माण गर्दा निवेदकहरूमध्ये क-कसको के कति घर जग्गा पर्न गएको छ ? यकीन लगत तयार गरी प्रचलित कानूनबमोजिम यसमा शीघ्र मुआब्जा दिने कार्य गर्नु गराउनु होला भनी विपक्षीहरूको नाममा परमादेशसम्म जारी हुने ।

इजलास अधिकृतः भोलानाथ ढकाल
कम्प्युटरः धनबहादुर गुरूङ्ग
इति संवत् २०६८ साल बैशाख २३ गते रोज ६ शुभम् ।

५

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री कमलनारायण दास,** २०६४ सालको दे.पु.नं. ०६४-CI-००७९, अंश नामसारी, *सीताराम भर वि. घुरहू भर समेत*

घुरहु भरले आफू निजामती कर्मचारी भई सेवानिवृत्त हुँदा प्राप्त रकम समेतको निजी आर्जनबाट आफ्नो नाममा जग्गा खरीद गरेको जिकीर लिए तापनि २०५२ सालमा खरीद गरेको जग्गामा २०५७ सालमा निवृत्तभरण हुँदा प्राप्त रकम लगानी गरेको भन्न र सम्झन नमिल्ने ।

अदालतमा लिखितरूपमा नै बण्डा लाग्ने भनी एकपटक स्वीकार गरेपश्चात् प्रस्तुत मुद्दामा मिति २०६१।९।२१ मा तायदाती पेश गर्दा उक्त कि.नं. ३७, ४५, १७२ र १७३ का जग्गा बण्डा नलाग्ने भनी उल्लेख गरे तापनि प्रमाण ऐन, २०३१ को दफा ३४ बमोजिम बण्डा नलाग्ने भन्न निज घुरहु भरलाई विवन्धन लाग्ने ।

अदालतको अनुमान अन्यथा भएमा अन्यथा हो भनी दावी गर्ने पक्षमा नै प्रमाण पुऱ्याउनु पर्ने भार रहने हुन्छ । मुलुकी ऐन, अंशबण्डाको महलको १८ नं. बमोजिम निजी आर्जनको जग्गा भएमा उक्त सुविधा पाउनको निमित्त प्रमाणको भार जिकीर लिने पक्षमाथि हुनेमा प्रतिवादी घुरहू भरले आफ्नो जिकीर पुष्टि हुने प्रमाण पेश गर्न सकेको नदेखिँदा १७२ र १७३ का जग्गा समेत निजी आर्जनको पुष्टि हुन नआई सगोलको नै देखिएकोले वादीले आफ्नो हकसम्म बण्डा छुट्ट्याई लिन पाउने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०६८ साल जेठ ४ गते रोज ४ शुभम् ।

६

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री कमलनारायण दास,** २०६२ सालको दे.पु.नं. ८४१६, निषेधाज्ञा, *भोगेन्द्रनाथ झा वि दिनेशकुमार ठाकुर समेत*

नेपाल सरकारको नाममा दर्ता भएको पोखरीको सम्बन्धमा भएको निर्णय बदर नभएसम्म उक्त पोखरी निवेदकहरूको हक भोगको हो भन्न सकिने अवस्था नदेखिएको र सो पोखरी तत्कालीन श्री ५ को सरकार हाल नेपाल सरकारको नाममा दर्ता भएको सम्बन्धमा निवेदकहरूले निर्णय बदर दर्ता बदर हक कायम मुद्दा दायर गरी उक्त मुद्दा विचाराधीन समेत रहेबाट विवादित पोखरीमा निवेदकको निर्विवाद हक रहेको भनी मान्न नमिल्ने ।

सिद्धान्ततः निषेधाज्ञाको आदेश निर्विवाद कानूनी हक स्थापित भएको अवस्थामा यस्तो हकमा आघात पुग्न नदिन जारी गर्ने गरिन्छ । निर्विवाद हक नभएको अवस्थामा निषेधाज्ञा आदेश जारी नहुने ।

इजलास अधिकृतः ध्रुवराज त्रिपाठी
कम्प्युटरः धनबहादुर गुरूङ्ग
इति संवत् २०६८ साल बैशाख २५ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको २०६२ सालको दे.पु.नं. ८४१५, निषेधाज्ञा, *भोगेन्द्रनाथ झा वि गोविन्द झा* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

७

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री कमलनारायण दास,** २०६२ सालको दे.पु.नं. ८५०६, अंश दपोट, *राजाराम श्रेष्ठ वि. विष्णुबहादुर श्रेष्ठ समेत*

विवादित ललितपुर जिल्ला, ललितपुर उपमहानगरपालिका वडा नं. १० हाल वडा परिवर्तन हुँदा ऐ. वडा नं. ८ कि.नं. ४०६ को ०-१-१-१ जग्गा र सोमा बनेको घर समेत २०५८ सालको दे.नं. २७७६/४३१७ को अंश चलन मुद्दाको तायदाती फाँटवारी पेश गर्ने क्रममा यी प्रतिवादीहरूले उक्त मुद्दाको तायदाती फाँटवारी दाखिला गर्दा उक्त विवादित घर जग्गा उल्लेख गरेको नदेखिए तापनि उक्त दे.नं. २६७६/४३१७ को अंश मुद्दामा फिराद दिँदा यी प्रतिवादीहरूले मावली घरमा रहेको भनी फिरादपत्रमा आफ्नो ठेगाना समेत उक्त विवादित घर जग्गा रहेको वडा नं. उल्लेख गरी फिराद गरेको तथ्य प्रमाणको रूपमा संलग्न उक्त अंश चलन मुद्दाबाट देखिँदा उक्त विवादित घर जग्गालाई प्रतिवादीहरूले दबाउने छिपाउने उद्देश्यले तायदाती फाँटवारीमा उल्लेख नगरेको भन्न नमिल्ने ।

मावलीपट्टीबाट अपुताली प्राप्त गरेको भनी उल्लेख गरे तापनि उक्त घर जग्गा मावलीतर्फबाट अपुताली प्राप्त गरेको भन्ने तथ्ययुक्त प्रमाण प्रतिवादीहरूले गुजार्न सकेको अवस्था नरहेको र उक्त विवादित कि.नं. ४०६ को घर जग्गा २०३९ सालमा सर्वे नापी हुँदा निज प्रतिवादीहरूकै नाममा स्ववासी नापी भई जग्गाधनी प्रमाणपूर्जा समेत प्राप्त गरेको र यी वादी प्रतिवादीहरू बीच अंश मुद्दाको फिराद २०५८।१२।१९ मा परी सो मुद्दामा फिराद परेको अघिल्लो

दिनलाई मानो छुट्टिएको मिति कायम भई शुरू काठमाडौं जिल्ला अदालतबाट २०५८ सालको दे.न. २६७६ को अंश मुद्दामा अंश पाउने ठहर भई फैसला भएको सो फैसला पुनरावेदन अदालतबाट पनि सदर भएबाट एकासगोलमा रहे बसेको अवस्था देखिएको र यी वादी प्रतिवादीहरू बीच यस अगावै छुट्टी भिन्न भएको जिकीर समेत नदेखिँदा उक्त विवादित घर जग्गा प्रमाण ऐन, २०३१ को दफा ६(क) मा अन्यथा प्रमाणित नभएसम्म "एकाघरका अंशियारमध्ये जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भनी अदालतले अनुमान गर्नेछ" भन्ने कानूनी व्यवस्था रहेको समेतबाट उक्त विवादित घर जग्गा यी वादी प्रतिवादीहरू बीच एकासगोलको अंशबण्डा लाग्ने ।

इजलास अधिकृतः ध्रुवराज त्रिपाठी

इति संवत् २०६८ साल बैशाख २५ गते रोज १ शुभम् ।

८

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री कमलनारायण दास,** २०६७ सालको रिट नं. WO-०३५९, परमादेश, *महावीरलाल देव वि. नेपाल कृषि अनुसन्धान परिषद्, सिंहदरवार प्लाजा समेत*

बढुवाको दरखास्त बुझाउने म्याद सकिएपछि जोडिएको जेष्ठताको नम्बर पाउने कानूनी आधार निवेदकले देखाउन सकेको पाइएन । आन्तरिक मूल्याङ्कनद्वारा बढुवा हुने पदको विज्ञापन भई आवेदन गर्ने अवधि समाप्त भएपश्चात् प्राप्त योग्यता, जेष्ठता, भौगोलिक क्षेत्रबापत् पाएको अङ्क अथवा आन्तरिक बढुवा हुन आवश्यक पर्ने जुनसुकै योग्यता एवं नम्बरहरू सो बढुवामा समावेश गर्नु कत्ति पनि सान्दर्भिक, युक्तिसंगत एवं तर्कसंगत नहुने ।

आफूले बढुवा पाउनु पर्ने भनी साधिकार निकायमा उजूरी दिएको र सोमा निर्णय नभएको भनाइ रहेकोमा बढुवा पाऊँ भनिएको पदमा बढुवा भई पदस्थापना समेत भइसकेको तथा बढुवा सम्बन्धमा दिएको उजूरी समेत सोही आधारमा तामेलीमा राखी सकेको देखिँदा रिट निवेदनको उद्देश्य नै निष्प्रयोजन हुनका अतिरिक्त दावी लिएको जिकीर युक्तिसंगत एवं तर्कसंगत देखिन नआई असान्दर्भिक देखिएकाले मागबमोजिम परमादेशको आदेश जारी नहुने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

इति संवत् २०६८ साल बैशाख २ गते रोज ६ शुभम् ।

९

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री कमलनारायण दास,** २०६५ सालको रिट नं. WO-०६१८, उत्प्रेषणयुक्त परमादेश, *रामबहादुर थापा वि. युवा तथा खेलकुद मन्त्रालय समेत*

राष्ट्रिय खेलकुद परिषद्का पदाधिकारीहरूलाई हटाउँदा त्यस्ता मनोनीत पदाधिकारीलाई सफाइको मौका दिनुपर्ने व्यवस्था खेलकुद विकास ऐन, २०४८ को दफा ६(४) मा रहेको पाइन्छ । तर जिल्ला खेलकुद विकास समितिलाई नियमन गर्ने खेलकुद विकास नियम, २०४९ मा त्यस्ता मनोनीत पदाधिकारीलाई हटाउँदा वा त्यस्तो समिति पुनर्गठन गर्दा सफाइको मौका दिनपर्ने ऐनको व्यवस्था राखेको नपाइनुका साथै निवेदकबाट त्यस्तो कानूनी व्यवस्था छ भनी देखाउन सकेको समेत पाइँदैन । यसरी उक्त नियमावलीमा जिल्लास्थित समितिका पदाधिकारी हटाउँदा सफाइको मौका दिन पर्ने भन्ने ऐनको जस्तो व्यवस्था गरेको नदेखिँदा र नियम १० (ख) मा भएको व्यवस्था समेत मनन गर्दा सफाइको मौका दिनु पर्ने भन्ने बाध्यात्मक कानूनी व्यवस्था नदेखिने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

इति संवत् २०६८ साल बैशाख २ गते रोज ६ शुभम् ।

१०

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री कमलनारायण दास,** २०६६ सालको दे.पु.नं. ०६६-CI-०११९, परमादेश, *विष्णुदत्त भट्ट वि. जिल्ला विकास समितिको कार्यालय, कैलाली समेत*

प्रत्येक नागरिकलाई प्रचलित कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोवार गर्ने हक हुन्छ भन्ने नेपालको अन्तरिम संविधान, २०६३ को धारा १९ ले प्रत्याभूत गरेको छ । सार्वजनिक हितको लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्तिउपर कुनै अधिकारको सिर्जना गर्दा कानूनबमोजिम क्षतिपूर्ति दिइनेछ भन्ने संवैधानिक प्रत्याभूति समेत प्रदान गरेको अवस्थामा निवेदकको जग्गामा सडक निर्माण गर्दा उक्त संवैधानिक व्यवस्था र तत्सम्बन्धी प्रचलित जग्गा प्राप्ति ऐन, २०३४ को अक्षरसः पालना गर्नुपर्ने हुन्छ । जग्गा प्राप्ति ऐन, २०३४ को दफा ९(१) अनुसार जग्गा प्राप्तिको निमित्त स्थानीय

अधिकारीले सूचना प्रकाशित गरी जग्गा प्राप्ति गर्नुपर्ने वा जग्गा प्राप्ति ऐन, २०३४ को दफा २६ अनुसार जग्गावालाको मञ्जूरीले पनि जग्गा प्राप्ति गर्न सकिने र जग्गाको मुआब्जा निर्धारित गरी सो जग्गाको मुआब्जा वा क्षतिपूर्ति दिनुपर्ने भन्ने जग्गा प्राप्ति सम्बन्धमा भएको प्रचलित कानूनी व्यवस्थाको समेत विपक्षीहरूबाट पालना भए गरेको नदेखिने ।

क्षतिपूर्ति दिएर स्वीकृति लिई निवेदकको जग्गामा सडक निर्माण गरेको भन्ने तथ्य कुनै तथ्ययुक्त प्रमाणद्वारा पुष्ट्याई हुन आएको नदेखिएको र उक्त सडक निर्माण गर्दा जग्गा प्राप्ति ऐन, २०३४ अनुसार जग्गा प्रापति गरी क्षतिपूर्ति मुआब्जा समेत प्रदान गरेको अवस्था नहुँदा संविधानप्रदत्त सम्पत्तिसम्बन्धी हकअनुरूप व्यक्तिको सम्पत्ति संरक्षणको गहन दायित्व निर्वाह गर्नुपर्ने ।

इजलास अधिकृतः ध्रुवराज त्रिपाठी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ सला बैशाख २९ गते रोज ५ शुभम् ।

११

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री कमलनारायण दास,** २०६३ सालको दे.पु.नं. ०६३-CI-०४३४, फैसला बदर, *मंगल महतो वि. महादेव महतो समेत*

अ.बं. ८६ नं. को सहारा लिई अदालतमा प्रवेश गर्ने व्यक्ति अघि चलेको मुद्दाको पक्ष विपक्ष नभई कुनै तेस्रो पक्ष रहेको हुनुपर्ने भन्ने सो कानूनी व्यवस्थाको मूल सार रहेको परिप्रेक्ष्यमा यी वादी मुद्दाको पक्ष नभई तेस्रो पक्ष रहेको देखिन आएको र निजले हदम्यादभित्र नै उपचार खोजेको अवस्थामा प्रस्तुत विषयमा हदम्यादविहीन तथा प्रचलित कानूनी व्यवस्थाको विपरीत फिराद दायर गरेको भन्न नमिल्ने ।

दूषित तवरबाट अरूको हक लाग्ने सम्पत्ति एकलौटी हो भनी देखाई भएको फैसला जतिसुकै तहबाट भए पनि बदरभागी हुन्छ, हरेक तहमा मर्का पर्ने व्यक्ति जानु पर्दछ बदर गराउनु पर्दछ भनी व्याख्या गर्नु र मान्नु आत्मगत हुन जाने ।

इजलास अधिकृतः ध्रुवराज त्रिपाठी

इति संवत् २०६८ साल बैशाख २७ गते रोज ३ शुभम् ।

१२

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री कमलनारायण दास,** २०६१ सालको दे.पु.नं. ९०६३, अंश चलन, *आसीन मिया वि. सफिद मिया समेत*

पैत्रिक जग्गा तथा अन्य जग्गाहरूबाट वादीले अंश पाएको अवस्था मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि हुन आएको देखिएन । यसरी पैत्रिक सम्पत्ति रहेको तथ्य स्थापित भएको अवस्थामा उक्त सम्पत्ति बण्डा भएको भनी प्रतिवादीहरूले तथ्ययुक्त प्रमाणहरूबाट प्रमाणित गर्न सकेको समेत नदेखिँदा यी वादी प्रतिवादीहरू बीच व्यवहार प्रमाणबाट एवं कानूनअनुरूप अंशबण्डा भएको भन्ने देखिन नआउने ।

मुलुकी ऐन, अंशबण्डाको ३० नं. बमोजिम घरसारको बण्डा वा व्यवहारलाई प्रमाण मानी बण्डा भएको अनुमान गर्नको लागि घरसारको बण्डापत्र वा बण्डाको अभावमा हिसाबशान्तिसँग नरमगरम मिलाई हिसाबशान्तिबमोजिम लिनुदिनु भएको व्यवहार प्रमाणबाट देखिनु पर्छ । तर प्रस्तुत मुद्दामा यी वादी प्रतिवादीहरू बीच चल अचल सम्पत्ति नरमगरम मिलाई लिएको देखिने कुनै वस्तुनिष्ठ प्रमाण तथा वादी प्रतिवादीहरूको भोगचलन व्यहोराबाट पनि देखिँदैन । वादीको नाममा यो यो चलअचल सम्पत्ति बण्डामा परेको भनी प्रतिवादीहरूले देखाउन तथा सोको पुष्टि गर्न सकेको समेत नदेखिँदा मुलुकी ऐन, अंशबण्डाको ३० नं. बमोजिम व्यवहार प्रमाणबाट अंशबण्डा भएको भन्न नमिल्ने ।

इजलास अधिकृतः ध्रुवराज त्रिपाठी

कम्प्युटरः धनबहादुर गुरूङ्ग

इति संवत् २०६८ साल बैशाख २७ गते रोज ३ शुभम् ।

१३

**मा.न्या.श्री प्रेम शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६७ सालको पुनरावेदन नं. ०६६-CI-१९०२, परमादेश, *जिल्ला प्रहरी कार्यालय म्याग्दी वि. कर्णबहादुर वि.क.*

प्रहरी कार्यालयसमक्ष प्राप्त हुन आएको कुनै उजूरी वा सूचना समेत कानूनको रीत पुऱ्याई दर्ता गर्न मिल्ने नमिल्ने के हो विचार गरी मिल्ने भए दर्ता गर्ने समेतको सम्पूर्ण जिम्मेवारी सम्बन्धित कार्यालयको हुनेमा प्राप्त हुन आएको जाहेरी दरखास्त अपराध दर्ता किताबमा दर्ता नभएको र अन्यत्र दर्ता हुन गएको भए त्यस्तो कार्यालयबाट हुन गएको दर्तासम्बन्धी गल्तीको कारणले मुद्दाको कारवाही नै अगाडि बढ्न नसक्ने भन्नु सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ मा भएको कानूनी व्यवस्थाको मर्म र भावनाविपरीत देखिने ।

अपराध घटेपश्चात् मौखिक सूचना दिन सकिने र उक्त सूचनालाई तोकिएको ढाँचामा दर्ता किताबमा

दर्ता गर्नुपर्ने कानूनी कर्तव्य प्रहरी कर्मचारीको हुन्छ । दर्ता गर्न जाने व्यक्ति/नागरिकलाई कुन निवेदन कुन किताबमा दर्ता गर्ने हो जानकारी हुने कुरा पनि हुँदैन । दर्ता गर्ने कार्य प्रहरी कर्मचारीको हुने भएकोले के कुन व्यहोराको निवेदन हो यकीन गरी कुन दर्ता किताबमा दर्ता गर्नुपर्ने हो गर्नु प्रहरी कर्मचारीको दायित्व हुने ।

इजलास अधिकृतः ध्रुवराज त्रिपाठी

कम्प्युटरः धनबहादुर गुरूङ्ग

इति संवत् २०६८ साल बैशाख २९ गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको २०६७ सालको पुनरावेदन नं. ०६६-CI-११०३, परमादेश, *जिल्ला प्रहरी कार्यालय, म्याग्दी वि. मनप्रसाद बुढाथोकी* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. १०

१

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री सुशीला कार्की,** २०६६ सालको दे.पु.नं. ०६६-CI-०६९०, लिखत दर्ता बदर दर्ता बदर दर्ता, *राजकुमार साह तेली वि. जियनीदेवी समेत*

वादी जियनीदेवी समेत र प्रतिवादी गणेशराय यादवबीच चलेको अंशदर्ता मुद्दामा रौतहट जिल्ला अदालतबाट मिति २०५२।८।११ मा तायदाती माग गर्ने आदेश हुँदा फिराद दायर गरेको अघिल्लो दिन अर्थात् २०५१।५।२७ गतेलाई मानो छुट्टिएको मिति कायम गरी वादी प्रतिवादीबाट तायदाती दाखिला गर्न लगाउने भन्ने आदेश भएकोमा प्रतिवादी गणेशराय यादवले शुरू म्यादै गुजारी बसेको र तायदातीको आदेशपश्चात् सगोलको वादीहरूको समेत अंश हक लाग्ने जग्गामा वादीहरूलाई अंशहकबाट बञ्चित गराउने मनसायले उक्त दावीको जग्गा बिक्री गरेको देखिन आएकोले समेत प्रतिवादीहरू बीच भएको राजीनामा लिखतबाट वादीहरूको अंशमा आघात पुग्ने अवस्था स्पष्ट हुन आउने ।

वादीहरू र प्रतिवादी गणेशराय यादव एकासगोलको अंशियार रही अंश मुद्दा चली विचाराधीन रहेकै अवस्थामा वादीहरूको समेत अंश हक लाग्ने एकासगोलको सम्पत्ति प्रतिवादी गणेश राय यादवले २०५५।९।१९ गते राजीनामा पारीत गरी बिक्री व्यवहार गरेबाट वादीहरूको अंश जस्तो नैसर्गिक हकमा आघात पुऱ्याउने उद्देश्यले अंश चल्दाचल्दैको अवस्थामा उक्त जग्गा बिक्री गरेको देखिँदा राजीनामामा उल्लिखित कि.नं. ५७० को ०-८-१० मध्ये उत्तरतर्फबाट कि.नं. ५७४ को ०-५-० जग्गाको ६ भागको चार भाग लिखत बदर हुने ।

इजलास अधिकृतः ध्रुवराज त्रिपाठी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल असार १२ गते रोज १ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६६ सालको दे.पु.नं. ०६६-CI-०६८८, लिखत दर्ता बदर दर्ता बदर दर्ता, *रामदयाल यादव समेत वि. जियनी देवी समेत*
- २०६६ सालको दे.पु.नं. ०६६-CI-०६८९, लिखत बदर दर्ता बदर दर्ता, *रामदयाल यादव समेत वि. जियनी देवी समेत*

२

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री प्रकाश वस्ती,** २०६४ सालको दे.पु.नं. ०२७१, दर्ता बदर हक कायम, *नाम्गेल शेर्पा वि. वाङगेल शेर्पा*

वादीको जग्गा प्रतिवादी बागडोल शेर्पाकै हकभोगको हो भन्ने देखिएकाले दावीको जग्गा वादीको नाउँमा दर्ता हुने ठहऱ्याएको शुरू फैसला मिलेको देखिन आएन । अन्य व्यक्तिले दर्ता गरेको जग्गा वादीले आफूले राजीनामाबाट प्राप्त गरी लिएको भनी हकको स्रोत राजीनामा नै हो भनी दावी लिए पनि सो दावीलाई राजीनामाको कागज समेत अन्य प्रमाणले पुष्टि गर्न सकेको पाइएन । सो राजीनामाको लिखतलाई अदालतबाट भएको नक्सा मुचुल्का समेतले समर्थन गर्न नसकेको अवस्थामा प्रतिवादीले पेश गरेको १९९१ सालको राजीनामा हकको स्रोत र प्रतिउत्तर जिकीरलाई नक्सा मुचुल्काले पुष्टि गरेको देखिँदा र कि.नं. ३०० को जग्गाको हकको स्रोत प्रतिवादीले पेश गरेको १९९१ सालको ४ किल्लासँग मिति २०५६।११।४ मा भएको नक्सा मुचुल्का र २०२३ सालको भू.सु. ७ नं. फारमले समेत समर्थन गरेको परिप्रेक्ष्यमा अस्थायी दर्ता हुने ।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

इति संवत् २०६७ साल पुस २५ गते रोज १ शुभम् ।

३

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री भरतराज उप्रेती,** २०६६ सालको फौ.पु.नं. ०६९७, ०६९८, कर्तव्य

ज्यान, *चुच्चेमान जिरेल समेत वि. नेपाल सरकार, मानबहादुर जिरेल समेत वि नेपाल सरकार*

मृतकको शरीरको विभिन्न भागमा चोटपटक देखिएको, अदालतसमक्षको बयानमा प्रतिवादीहरू इन्कार रहे तापनि वारदात भएको स्वीकार गरी एकअर्का प्रतिवादीलाई वारदातमा सामेल भई कुटपीट गरेको भनी पोल गरेको घटनास्थल प्रकृति मुचुल्का, मृतकको लासजाँच प्रकृति मुचुल्का, घटनास्थलबाट साइकलको चेन र काठका घोचा बरामद भएको, प्रत्यक्षदर्शी मृतककी श्रीमती सावित्री योगी, कर्णबहादुर योगी, ढालबहादुर योगी, लालबहादुर गिरी, टेकबहादुर योगीले मौकाको कागजलाई समर्थन गरी अदालतसमक्ष गरिदिएको बकपत्र समेतबाट प्रतिवादीहरू चुच्चेमान जिरेल, बुद्ध जिरेल, दिलबहादुर जिरेल, लालबहादुर जिरेल, होमबहादुर जिरेल, सानु जिरेल, जीतबहादुर जिरेल मानबहादुर जिरेल र डिलबहादुर जिरेलकै सामूहिक कुटपीटको चोट पीडाबाट उपचार हुँदाहुँदै मृतक धुमबहादुर योगीको मृत्यु भएको हो भनी पुष्टि भैरहेको देखिँदा निजहरूलाई अभियोग दावीअनुसार मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार जनही जन्मकैदको सजाय हुने ।

प्रतिवादीहरूले केटीहरू जिस्क्याएको, फुटबल खेल्ने निहुँमा वादविवाद हुँदा झगडा भएको, त्यसो गर्न हुँदैन भनी मृतकले सम्झाउँदा अपशब्द बोली झगडा हुन गएको, पूर्व रिसइवी केही नदेखिएको अवस्थामा झगडा वादविवाद हुन गई मृतक धुमबहादुर योगीलाई प्रतिवादीहरूले कुटपीट गरेको कारणबाट उपचार गराउँदा गराउँदै मृत्यु हुन गएको देखिँदा निजहरूलाई ठहऱ्याएको जन्मकैदको सजाय चर्को पर्न जाने हुँदा अ.बं. १८८ नं. बमोजिम जनही १० वर्ष कैद सजाय हुने ।

इजलास अधिकृत परशुराम भट्टराई

इति संवत् २०६८ साल असार १ गते रोज ४ शुभम् ।

४

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री भरतराज उप्रेती,** २०६६ सालको फौ.पु.नं. ०२४५, ४७५, ०६१६, कर्तव्य ज्यान, *राधाकृष्ण श्रेष्ठ वि. नेपाल सरकार, विकास गुरूङ्ग वि. नेपाल सरकार, भविन राई वि. नेपाल सरकार*

चश्मदिद पुरूषोत्तम नेपालले अदालतमा बकपत्र गर्दा मृतक सरोज थापालाई सुरज थापा मगरका साथीहरूले हिर्काएपछि मृत्यु भएको हो । यसैले हानेको चोटबाट मृतकको मृत्यु भएको हो भनी यकीनसाथ भन्न सक्दिन । भविन राईको हातमा पहिलेदेखिनै नाङ्गो खुकुरी देखेको हुँ भने तापनि प्रहरीमा कागज गर्दा निजले यिनै प्रतिवादीहरू समेत भई मृतकलाई खुकुरी काठको चिरपट दाउराले हिर्काएको देखेको हुँ भनी कागज गरिदिएको पाइन्छ । त्यस्तै अर्का बुझिएका व्यक्ति सौरभ श्रेष्ठ, रामकुमार अधिकारी समेतले अदालतसमक्ष बकपत्र गर्दा आफू घटनास्थलमा नभएको हुँदा पुरूषोत्तम नेपाल र सञ्जय श्रेष्ठले घटनाको बारेमा भनेको हुँदा मृतकलाई यिनै प्रतिवादीहरू समेतले खुकुरी चिरपटले हानी मारेको हो भनेकोले थाहा पाएको हुँ भनी अदालतमा बकपत्र गरेका र सोही व्यहोराको कागज मौकामा गरेको देखिनाले यी प्रतिवादीहरू भविन राई र विकास गुरूङ्ग कसूर अपराध गरेकोमा निर्दोष रहेछन् भनी मान्न नमिल्ने ।

किटानी जाहेरी, घटनास्थल प्रकृति मुचुल्का, बरामदी मुचुल्का, लासजाँच प्रकृति मुचुल्का, मृतकको Autopsy Report प्रतिवादीहरूको मौकाको सावित्ती बयान, अदालतमा एकअर्कालाई पोल गरी गरेको इन्कारी बयान, प्रत्यक्षीदर्शीहरूको मौकाको कागज र अदालतमा भएको बकपत्र, जाहेरवालाले जाहेरीलाई समर्थन हुने गरी अदालतमा गरेको बकपत्र समेतका आधार प्रमाणहरूबाट यी पुनरावेदक प्रतिवादीहरू राधाकृष्ण श्रेष्ठ, विकास गुरूङ्ग र भविन राईले मृतक सरोज थापालाई खुकुरी, चिरपट दाउरा समेतले शरीरको यत्रतत्र भागमा कुटपीट गरी मारेको पुष्टि हुन आएकोले यी प्रतिवादीहरू तीनैजनालाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जनही जन्मकैदको सजाय हुने ।

प्रतिवादीका साथीहरू बीचको समूह-समूहमा वादविवाद झगडा भई वारदात भएको हुँदा र सोही कारणबाट मृतकको मृत्यु भएको देखिँदा सबै प्रतिवादीहरूलाई जन्मकैदको सजाय गर्दा चर्को पर्ने भएकाले अ.बं. १८८ नं बमोजिम प्रतिवादीहरू तीनै जनालाई जनही १० वर्ष मात्र कैद हुने ।

इजलास अधिकृतः परशुराम भट्टराई

इति संवत् २०६८ साल असार १ गते रोज ४ शुभम् ।

५

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री तर्कराज भट्ट,** २०६७ सालको CR-०१३२, जवर्जस्ती करणी, *अमर देउवा वि. नेपाल सरकार*

पीडितको तत्काल गरिएको शारीरिक परीक्षण र घटनास्थल मुचुल्काबाट समेत घटना वारदात पुष्टि भैरहेको, जिल्ला जनस्वास्थ्य कार्यालय कञ्चनपुरको मिति २०६५।१०।०८ को पत्रबाट प्रतिवादी अमर देउबाको पेनिस (लिङ्ग) को टुप्पोमा हल्का घाउ रहेको भन्ने देखिएको तथा भतिजा पदमबहादुर पाण्ड्ये र लोकेन्द्रबहादुर पाण्ड्येको हात र टाउकोमा चोट लागेको तथा प्रहरीमा नीलडाम समेत रहेको अवस्थाले प्रतिवादीको मौकाको बयानलाई समर्थन गरेको पाइन्छ। पीडितले अदालतमा आई बकपत्र गर्दा करणीका बखतमा होस थियो सबैभन्दा पहिले प्रतिवादी अमर देउवाले नै जवर्जस्ती करणी गरेका हुन् भनी स्पष्ट रूपमा वकपत्र गरिदिएको तथा यी प्रतिवादीले जवर्जस्ती करणी गरेको भनी पीडितले मिति २०६५।१०।१३ मा सनाखत समेत गरी दिई घटनामा यी प्रतिवादीको संलग्नता रहेको कुराको पुष्टि हुँदा प्रतिवादी अमर देउबाले आरोपित कसूर गरेको देखिने।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

इति संवत् २०६७ साल जेठ १८ गते रोज ४ शुभम्।

६

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७ सालको फौ.पु.नं. ०२८८, निर्णय बदर, *अख्तियार दुरूपयोग अनुसन्धान आयोग वि. लालीप्रसाद मेहता*

लेखा परीक्षण प्रतिवेदनबाट बेरूजु देखिएको रकम प्रतिवादीबाट असूलउपर गर्नु गराउनु भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६६।३।१९ मा निर्णय भएको भन्ने कुरा प्रतिवादी लालीप्रसाद मेहतालाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६४।४।२८ मा दिएको निर्णयको जानकारी पत्रबाट देखिँदा सो जानकारी पत्रभन्दा अगाडि प्रतिवादीलाई बुझ्ने कार्य आयोगबाट नगरी एकलौटी निर्देशन दिएको देखिँदा प्रतिवादी लालीप्रसाद मेहतालाई प्रतिवादको मौका प्रदान नगरी गरेको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६६।३।१९ गतेको निर्णय प्राकृतिक न्यायको सिद्धान्तविपरीत देखिँदा सो निर्णय बदर हुने।

इजलास अधिकृतः परशुराम भट्टराई

इति संवत् २०६८ साल जेठ ३१ गते रोज ३ शुभम्।

७

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री प्रकाश वस्ती,** २०६६ सालको CI-०५००, खिचोला मेटाई चर्पी भत्काई सार्वजनिक बाटो कायम, *काशीप्रसाद कुर्मी वि. देवनारायण राउत वरै*

सार्वजनिक जग्गा मिची कसैले कुनै निर्माण कार्य गरेको भएमा त्यस्तो घर तथा निर्माण गरिएको संरचनालाई भत्काउने र त्यस्तो जग्गालाई सार्वजनिक भोगचलनमा ल्याउने अधिकार समेत नगरपालिकालाई भएको अवस्थामा विवादित नक्सा नं. ९ को प्रतिवादीको घरजग्गा बाटोभित्रको सार्वजनिक जग्गा भए नगरपालिकाले नाला निर्माण गर्दाकै अवस्थामा प्रतिवादीको घर भत्काई नाला निर्माण भएको हुने थियो। तर त्यस्तो भएको नभई प्रतिवादीले साविकदेखि बनाएको नक्सा नं. ९ को घरदेखि पूर्वतर्फ मात्र नगरपालिकाले नाला निर्माण गरेको अवस्था देखिन्छ। नगरपालिकाले बनाएको नाला सार्वजनिक बाटो र विवादित जग्गा (नक्सा नं. ९) को बीचमा रहेको तथा सो नालाभन्दा पनि पश्चिममा रहेको जग्गामा प्रतिवादीले घर निर्माण गरेको नक्सा नं. ९ को जग्गालाई सार्वजनिक जग्गा भन्न नमिल्ने।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

इति संवत् २०६८ साल जेठ १० गते रोज ३ शुभम्।

८

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री प्रकाश वस्ती,** २०६६ सालको CI-००९९, अंश हक कायम दर्ता, *सुनीति राणा समेत वि. रूकुम शम्सेर ज.ब.रा.*

कुनै पनि लिखतको व्याख्या गर्दा त्यसमा कर्ताहरूको अभिप्राय निर्क्योल गर्नुपर्ने हुन्छ। लिखतको व्यहोरा कर्ताहरूले व्यक्त गर्ने कुरा हो। कानूनअनुरूपका शर्त बन्देज लिखतमै लेखिने कुरा हुन्। लिखत यसरी नै लेखिनु पर्छ भन्न मिल्दैन। तर राजीनामा लगायतका घरायसी लिखत समेतमा उल्लेख हुनुपर्ने विषयवस्तु केही कानूनले र केही प्रचलनद्वारा निर्धारित छन्। सामान्य रूपमा लेखिने लिखतमा उल्लेख हुने सामान्य व्यहोरा र कैफियत समेतका रूपमा उल्लेख हुने विशेष व्यहोरामध्ये कैफियत व्यहोराले लिखतका कर्ताहरूको खास उद्देश्य अभिव्यक्त गर्दछ। सामान्यभन्दा पृथक व्यहोरा कैफियतका रूपमा लेखिन पर्नाका खास कारण हुन्छन्। अदालतले कुनै लिखतको व्याख्या गर्नुपर्दा समग्र लिखतको अर्थ र उद्देश्य ठम्याउनु पर्ने हुन्छ। यसका लागि लिखतमा उल्लिखित कुनै पनि शब्द वा अभिव्यक्ति निरर्थक हुँदैनन् भन्ने कुरामा न्यायकर्ताले आफ्नो ध्यान केन्द्रित गर्नुपर्ने हुन्छ। प्रस्तुत लिखतमा लेखिएको कैफियत व्यहोरामा

उल्लिखित शब्दहरू खास अभिव्यक्ति हुन् । खास अभिव्यक्ति नलेखिएको भए पनि लिखत पारीत हुन्छ । तर, कानून र प्रचलनद्वारा निर्धारित अंश नलेखिएको लिखत पारीत हुन नसक्ने अवस्था पर्दछ । तसर्थ विवादित लिखतमा सामूहिक भाषा प्रयोग भई रकम पनि सामूहिक तवरले लिएको लेखिनु लिखतको सामान्य भाग हो भने कैफियत लेखी केही कुरामा विशेष जोड दिइनु विशेष भाग हुने ।

कुनै पनि लिखतमा भएको कैफियत व्यहोरा उक्त लिखतको पेटबोलीमा भएका व्यहोरालाई थप स्पष्ट गर्न उल्लेख गरिने विशेष व्यहोराका रूपमा यसको प्रामाणिक बल बढी हुन्छ । तसर्थ विवादित लिखतमा भएको कैफियत व्यहोरा उक्त लिखतको अभिन्न भाग भएकोले सोमा उल्लिखित कैफियत व्यहोराअनुसार रूकुम शम्सेरको भागबाट मात्र जग्गा बिक्री भएको अन्य दर्तावालको भाग बिक्री नभई बाँकी रहेको देखिन आउने ।

सबैजना उपस्थित भएर सही गरेकै मात्र कारणबाट लिखतको कैफियत महलमा लेखिएको व्यहोराले सम्पूर्ण लिखतलाई नियन्त्रित गरिरहेको स्थितिमा सबैको बराबर हक बिक्री गरेको भन्न मिल्ने देखिन आएन । यदि संयुक्त दर्तावाला सबैको भागको जग्गा नै बिक्री गरेको भए कैफियत महलमा उल्लिखित व्यहोरा लेखी थप स्पष्ट गर्नुको औचित्यता समेत देखिन आउँदैनथ्यो भन्ने कुरा विशेष रूपमा हेक्का राख्नुपर्ने ।

वारेसले गरेको कार्य कारणीले गरे सरह मुद्दामा मात्र होइन अन्य काम कारोवारका हकमा समेत लागू हुन्छ । अख्तियारी प्राप्त वारेसका कामकारवाहीको परिणाम अख्तियारी दिनेले व्यहोर्नु पर्दछ । अख्तियारी प्राप्त व्यक्तिले पाएको अख्तियारी बमोजिमको कामकारवाही अड्डा अदालतमा गरिदिनु पर्ने कानूनी दायित्व रहन्छ । अख्तियारी दिनु र लिनुको कानूनी अर्थ यही हुने ।

लिखतमा भएको समग्र व्यहोरालाई मनन् गरी अर्थ र प्रयोग गर्नुपर्नेमा आफ्नो सुविधा र असुविधाको आधारमा केही स्वीकार, केही अस्वीकार गर्न लिखतबाट हुने फाइदा लिई बेफाइदा हुने अवस्थामा अस्वीकार गर्न सिद्धान्ततः (Principle of Roprobate and Approbate) मिल्दैन । एउटै लिखतमा उल्लिखित भएको केही कुरा स्वीकार र केही कुरा इन्कार गरी आफूअनुकूल व्याख्या गर्न मिल्दैन । यसो गरिन्छ भने त्यसले न्यायिक मान्यता पाउन नसक्ने ।

इजलास अधिकृतः अशोककुमार बस्नेत

इति संवत् २०६७ साल फगुन ४ गते रोज ४ शुभम् ।

९

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या. श्री प्रकाश वस्ती,** २०६५ सालको CI-०४५४, दर्ता बदर हक कायम, *रामप्रसाद ढकाल वि. मन्त्रिपरिषद् सचिवालय समेत*

नापी गर्दा उक्त जग्गा कसैको हकभोगमा नरहेको र वनक्षेत्रको सीमानाभित्र रहेको अवस्थामा फिल्डबुकमा वनक्षेत्र कायम भई नेपाल सरकारको नाउँमा दर्ता भइसकेको सार्वजनिक जग्गालाई वादीले आफ्नो हकभोगको र आफ्नो नाउँमा दर्ता हुने किसिमको जग्गा हो भनी दावी गर्न नमिल्ने ।

साविकदेखि आफ्नै हकभोगको जग्गा भएको तथ्ययुक्त प्रमाणको अभावमा नापी गर्दा वनक्षेत्र भएको जग्गालाई नक्सा मुचुल्काका व्यक्तिले वादीकै जग्गा हो भन्दैमा वादीको नाममा कायम गर्न मिल्ने देखिँदैन । यसरी सरजमीन मुचुल्कामा व्यक्त कथनकै आधारमा व्यक्तिको नाउँमा सार्वजनिक जग्गा दर्ता गरिदिने हो भने सार्वजनिक जग्गाको अस्तित्व नै समाप्त हुन जाने ।

जग्गाको स्वामित्वका निर्धारक तत्व सरजमीन र सिफारिश होइनन् । दर्ता, हकभोग र तिरो बिना जग्गामा स्वामित्व स्थापित हुन सक्दैन । कुनै पारीत लिखतमा आफूखुशी लेखिने वा लेखिएका चारकिल्लाले पनि जग्गामा स्वामित्व स्थापित गर्दैन । नापीमा जग्गामा स्वामित्व नजनाइनु र वन, जंगल, पर्ति समेतका सार्वजनिक स्वरूप लेखिनुका युक्तिसंगत आधार यथासमयमा दावीकर्ताले देखाउन सक्नु पर्दछ । नापी र दावीको समयको लामो अन्तराल न्यायकर्ताले दावीकर्ताका विपक्षमा अवधारणा बनाउनु पर्ने आधार बन्ने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

इति संवत् २०६८ साल जेठ १० गते रोज ३ शुभम् ।

१०

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री भरतराज उप्रेती,** २०६६ सालको फौ.पु.नं. ०२०६, मानव बेचबिखन, *आइतबहादुर तामाङ वि. नेपाल सरकार*

प्रतिवादीको उमेर हेर्दा शुरू जिल्ला अदालतमा २०६५ सालमा बयान गर्दा आफ्नो उमेर २३ वर्ष भनी उल्लेख गरेको पाइन्छ । वारदात समय २०५८ सालमा यी प्रतिवादी १५ वर्ष उमेरको मात्र देखिन्छन् । १५ वर्षका उमेरको ग्रामीण क्षेत्रको केटाले १५ वर्ष उमेरकी केटीलाई बम्बई पुऱ्याई बिक्री गरेको भन्ने कुरा नै विश्वासलायक नदेखिने ।

मौकामा कागज गर्नेहरूको अदालतसमक्ष भएको बकपत्र र प्रतिवादीका साक्षीहरू समेतले यी पुनरावेदकलाई निर्दोष देखाएको पाइन्छ। केवल जाहेरीमा नाम उल्लेख गर्दैमा फौजदारी अपराधमा सजाय गर्न उपयुक्त हुने देखिँदैन। सो जाहेरी पुष्टि गर्ने अन्य प्रमाणहरू समेत मालाकार रूपमा प्रमाणित भएर वादी पक्षले देखाउन सक्नुपर्ने।

इजलास अधिकृतः परशुराम भट्टराई

इति संवत् २०६८ साल बैशाख २१ गते रोज ४ शुभम्।

११

**मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या. श्री भरतबहादुर कार्की,** २०६७ सालको दे.पु.नं. ११५५, जोत लगत कट्टा, *बिलबहादुर बाग श्रेष्ठ वि. गुठी संस्थानका प्रशासक, डिल्लीबजार चारखाल*

गुठी संस्थान ऐन, २०३३ को दफा २७ को प्रतिबन्धात्मक वाक्यांश (ख) मा साविकदेखि खेती गरी नआएको बागबगैंचा भएको वा तोकिएको शहर बजारको पर्ती गुठी जग्गामा मोहियानी हक पाउने छैन भन्ने उल्लेख भएको देखिन्छ। सो हुँदा प्रस्तुत मुद्दामा दावीका जग्गाहरूमा बागबगैंचा लगाई चरखण्डे गणेशको नित्य पूजाआजा गरेबापत कमाई खाने खान्गी जग्गा रहेको देखिँदा मोही कायम रहन नसक्ने।

गुठी रैतानी गरिपाऊँ भनी यी वादीले गुठी संस्थानमा दिएको निवेदनमा कि.नं. ९१२ र ९१३ का जग्गामा घर बसोबास समेत रहेको भनी उल्लेख गरेको र मिसिल संलग्न सर्भे नक्सा समेतबाट उक्त जग्गामा घर समेत रहेको देखिन्छ। यसरी वादीको घर बसोबास रहेको जग्गामा गुठी संस्थान ऐन, २०३३ को दफा २५(३) बमोजिमको प्रक्रिया पूरा गरी वादीले लिन मञ्जूर गरेको अवस्थामा गुठी संस्थानले इन्कार गर्ने अवस्था समेत नरहने।

इजलास अधिकृतः फणिन्द्रप्रसाद पराजुली

इति संवत् २०६७ साल चैत १८ गते रोज ६ शुभम्।

१२

**मा.न्या. श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** साधक नं.२०६७-RC-००६७, कर्तव्य ज्यान, *नेपाल सरकार वि.रेशम थापा क्षेत्री*

आरोपित कसूर गरेको कुरामा सावित भई प्रतिवादीले अनुसन्धान अधिकारी र अदालतमा गरेको बयान, वारदातकी प्रत्यक्षदर्शी इन्दिरा थापाले गरेको वकपत्र समेतबाट समर्थित भएको देखिएको हुँदा प्रतिवादीले आफ्नी श्रीमतीसँग भएको मनमुटाव र निजप्रतिको शंकाको कारण खाटको पट्टाले प्रहार गरी सुतिरहेको अवस्थामै श्रीमतीलाई कर्तव्य गरी मारेको देखिन आएकोले निजलाई अभियोग मागदावीबमोजिम ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसार सर्वश्वसहित जन्मकैदको सजाय हुने।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

इति संवत् २०६७ साल चैत १० गते रोज ५ शुभम्।

## पूर्ण इजलासमा पेश हुने

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री भरतराज उप्रेती,** २०६३ सालको WO-०१५१, उत्प्रेषण, परमादेश, *ध्रुब महर्जन वि. भौतिक योजना तथा निर्माण मन्त्रालय*

प्रत्येक निजामती कर्मचारीले नियमानुसारको आचरण र अनुशासनमा रहनु बस्नु पर्ने हुन्छ। सरकारी काममा विदेश गएको कर्मचारीले आफूखुशी विदेशमै बसिरहने र यहाँ बिदाको माग गरिरहने क्रिया निजामती कर्मचारीको आचरण र अनुशासनविपरीतको कार्यलाई उचित र जायज भन्न र मान्न नमिल्ने।

निवेदक ध्रुब महर्जन २०५२।१२।२० मा आफ्नो पदाधिकार रहेको कार्यालयमा हाजिर हुनुपर्नेमा सोको करीब साढेतीन वर्षपछि अर्थात् मिति २०५६।६।६ मा मात्र कार्यालयमा आई हाजिर हुन पाऊँ भनी निवेदन दिएको र बिदा स्वीकृत नभएको कारण निजलाई गराइएको ठाडो हाजिरी नियमित हाजिरी नभई विभागीय कारवाहीको प्रक्रियाअन्तर्गतको हाजिरी मात्र हो। निजले आफूखुशी ऐन, नियमविपरीत स्वेच्छाले बिना सरकारी स्वीकृति लामो समयसम्म विदेशमा बसेकोमा कुनै कारवाही नगरी निजलाई सामान्य अवस्थामा जस्तो नियमित हाजिर गराई काममा लगाइएको अवस्था छैन। त्यस हाजिरलाई आधार बनाएर यी निवेदक विभागीय कारवाहीबाट उम्कन सक्ने अवस्था नहुने।

तर यस्तै विषय समावेश भएको निवेदक अर्जुनसिँह थापा विरूद्ध कृषि तथा सहकारी मन्त्रालय समेत भएको २०६० सालको रिट नं. ३४१८ को उत्प्रेषणयुक्त परमादेशको रिट निवेदनमा यस अदालतबाट मिति २०६४।९।१९ मा रिट जारी गर्ने गरी निर्णय भएको पाइएको र सो निर्णयसँग यो इजलास सहमत नभएको हुँदा प्रस्तुत मुद्दा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१) (ख) बमोजिम पूर्ण इजलासमा पेश गर्नुपर्ने।

इजलास अधिकृतः फणिन्द्रप्रसाद पराजुली

इति संवत् २०६७ साल फागुन ३ गते रोज ३ शुभम्